

श्री शैल्यशिखर धुरा

# हाम्रो मालिकार्जुन

## आधारभूत तह (कक्षा १-८)

## स्थानीय विषयको पाठ्यक्रम









प्रकाशक : मालिकार्जुन गाउँपालिका

# हाम्रो मालिकार्जुन

## स्थानीय विषयको पाठ्यक्रम

आधारभूत तह कक्षा (१–८)

२०८०

## दार्चुला जिल्ला
## मालिकार्जुन गाउँपालिका




मालिकार्जुन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

मालिकार्जुन गाउँपालिकाको स्थानीय पाठ्यक्रम

# हाम्रो मालिकार्जुन

मुद्रण : मिसन प्रिन्टर्स एण्ड पब्लिकेसन प्रा.लि.,काठमाण्डौं

प्रथम संस्करण : २०८०

**प्रकाशक:**

मालिकार्जुन गाउँपालिका,

गाउँकार्यपालिका, शंकरपुर, दार्चुला

**© सार्वाधिकार : प्रकाशकमा**

(मालिकार्जुन गाउँपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन । यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारवाही गरिनेछ ।)

# हाम्रो मालिकार्जुन

## स्थानीय पाठ्यक्रम

## कक्षा (१-८) को पाठ्यक्रम २०८०


**सल्लाहकार मण्डल:**

| | |
|---|---|
| श्री हिरा सिंह धामी | अध्यक्ष |
| श्री कल्यान सिंह धामी | उपाध्यक्ष |
| श्री नर बहादुर ठगुन्ना | प्रमुख प्रशासकीय अधिकृत |

**विशेषज्ञ:**

| | |
|---|---|
| श्री भानुभक्त जोशी | (शिक्षक बैजनाथ मा.वि., गैलनदी तथा शिक्षा तालिम केन्द्र दिपायल रोस्टर प्रशिक्षक) |

**पाठ्यक्रम निर्माण कार्यदल:**

| | |
|---|---|
| श्री लोकेन्द्र सिंह धामी | संयोजक |
| श्री नवराज जोशी | सदस्य |
| श्री अर्जुन देव जोशी | सदस्य |
| श्री जयराम जोशी | सदस्य |
| श्री शम्भुराज पन्त | सदस्य |
| श्री भुवनेश्वरी अवस्थी | सदस्य |
| श्री शंकर सिंह धामी | सदस्य |
| श्री राम प्रसाद पन्त | सदस्य |
| श्री किसन सिंह धामी | सदस्य |
| श्री दान सिंह धामी | सदस्य |
| श्री राजेन्द्र सिंह धामी | सदस्य |
| श्री ग्रिस राज ओझा | सदस्य |
| श्री जनक सिंह धामी | सदस्य |
| श्री मोहन सिंह खत्री | सदस्य |
| श्री अनिल सिंह धामी | सदस्य |
| श्री सुरेश रावल | सदस्य |
| श्री नरेश सिंह धामी | सदस्य |

भाषा सम्पादन:

श्री लोकेन्द्र सिंह धामी

श्री अर्जुन देव जोशी

लेखन, सम्पादन तथा आवरण डिजाइन:

श्री किशोर सिंह नगारी

श्री लोकेन्द्र सिंह धामी

## मन्तव्य
## गाउँपालिका अध्यक्षको तर्फबाट

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ । विकासका पूर्वाधारमध्ये शिक्षा अन्य पूर्वाधार विकासको समेत आधार हो । समाज एवम् राष्ट्रको आवश्यकता अनुसारको दक्ष र नैतिकवान मानव संसाधनको विकास गरी समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच पूरा गर्न सकिन्छ । ज्ञान र प्रविधिमा आधारित कामको संसारमा आन्तरिक एवम् बाह्य स्रोत र साधन तथा अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन गरी समाज र देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्न सकिन्छ । बालबालिकालाई उनीहरुको परिवेशसँग परिचित गराउन तथा स्थानीय आवश्यकता अनुसारको संस्कार सहितको शिक्षा प्रदान गर्नु अहिलेको आवश्यकता हो । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणका लागि बालबालिकालाई उनीहरुको समाज, संस्कार, सस्कृति, सम्पदा, प्रकृति, भाषा, कला र वातावरणसँग परिचित भई समाजमा समायोजन हुने असल नागरिक तयार गर्न स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम र शिक्षा हुनु आवश्यक हुन्छ ।

स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, गीत, सङ्गीत, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामुहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । "विश्वब्यापी सोच, स्थानीय अभ्यास" भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात गर्दै रैथाने ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा "केही गरौं" भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । यस पाठ्यक्रमले मालिकार्जुन गाउँपालिकाको परिवेशलाई उच्च प्राथमिकता दिएको छ । दार्चुला जिल्लाको विशिष्ट अवस्थालाई समेटेको छ । नेपालको सातौं प्रवित्र धाम श्री शैल्य मालिकार्जुन तथा पुरातात्विक ऐतिहासिक सम्पदा उकु महललाई चिनाएको छ। हाम्रो मौलिक कला, संस्कृतिलाई बुझ्ने अवसर दिएको छ। यस अर्थमा यो पाठ्यक्रम मालिकार्जुनको पहिचान बनेको छ भन्ने विश्वास छ।

हाम्रो मालिकार्जुन नामक स्थानीय पाठ्यक्रम निर्माणका क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ गरेको मापदण्ड र प्रक्रियागत चरणलाई अनुसरण गरिएको छ । पाठ्यक्रम निर्माणका लागि शिक्षा समितिबाट पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको थियो । कार्यदलले स्थानीय आवश्यकताको पहिचान गरी सो खाकामा पालिका भित्रका विभिन्न सरोकारवालसँग अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गरिएको थियो । साथै सामाजिक सञ्जाल, इमेलमार्फत समितिले राय सुझाव प्राप्त गरेको थियो ।

शैक्षिक सत्र २०८० बाट कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रम यस गाउँपालिकाभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा एकै साथ लागु गरिने छ । यस पाठ्यक्रमले व्यावहारिक विषयवस्तु समावेश गरेको छ भने सिकाइ सहजीकरण प्रकिया समेतलाई प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाई विधिको अवलम्बन गनुपर्ने कुरालाई जोड दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले मालिकार्जुन गाउँपालिकाको विविध पक्षको बारेमा विद्यार्थीहरुमा ज्ञान, सिप, अभिवृत्ति, मूल्य मान्यता र कार्य गर्नसक्ने क्षमताको विकास गरी उनीहरुमा आफ्नो गाउँपालिकाप्रतिको माया र प्रेम जागृत हुने तथा यस क्षेत्रको विविध पक्षको विकासका निम्ति समालोचनात्मक सहयोग प्रदान गर्ने अपेक्षासमेत गरिएको छ ।

पाठ्यक्रम निर्माणमा अहोरात्र खट्ने कार्यदलका सदस्यहरु, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरकिया कार्यक्रममा सकिय सहभागी हुने जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्त्यमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिदिनहुन सम्बन्धित सबै सरोकारवालामा गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

**वि.स. २०८०**

**हिरा सिंह धामी**
**अध्यक्ष**
**मालिकार्जुन गाउँपालिका, दार्चुला ।**

# कृतज्ञता ज्ञापन

पाठ्यक्रम शिक्षण सिकाइको महत्त्वपूर्ण दस्तावेज हो । स्थानीय तहका सरोकारवालाहरुको सक्रियता र सहभागितामा स्थानीय पेशा व्यवसाय संस्कार धर्म समुदायमा आधारित पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय भाषा, पेशा, व्यवसाय, धर्म, संस्कार र सिपलाई समेटी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने मालिकार्जुन गाउँ कार्यपालिकाको निर्णयअनुसार मालिकार्जुन गाउँपालिका भित्र लागु हुने गरी हाम्रो मालिकार्जुन गाउँपालिकाको आधारभूत तह (कक्षा १-८) को पाठ्यक्रम निर्माण गर्न मालिकार्जुन गाउँपालिका शिक्षा शाखा प्रमुख ज्यूको संयोजकत्वमा पाठ्यक्रम निर्माण कार्यदल गठन गरी पाठ्यक्रम निर्माण गर्ने कार्यको प्रारम्भ गरिएको थियो । पाठ्यक्रम निर्माण गर्ने सन्दर्भमा कार्यदलका बैठकहरु पटक पटक बसी स्थानीय पाठ्यक्रमका विभिन्न पक्षहरुमा घनिभूत छलफल तथा अन्तर्क्रिया गरी पाठ्यक्रमको दस्तावेज तयार पारिएको छ । पाठ्यक्रम निर्माण जस्तो महत्त्वपूर्ण प्रक्रियामा जिम्मेवारी वहन गर्ने सम्पूर्ण पाठ्यक्रम निर्माण कार्यदलप्रति तथा सम्पूर्ण सरोकारवाला पक्षमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छौँ । स्थानीय पाठ्यक्रम निर्माणका क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने मालिकार्जुन गा.पा. का पदाधिकारी तथा सम्पूर्ण शाखाप्रति धन्यवाद दिन चाहान्छौ ।स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा हामीलाइ महत्त्वपूर्ण सुझाव सल्लाह र मार्गदर्शन प्रदान गर्नहुने पाठ्यक्रम विद् श्री बैजनाथ मा वि गैलनदी कञ्चनपुरका शिक्षक आदरणीय श्री भानुभक्त जोशी ज्यूप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौँ । अन्तमा हामीलाई स्थानीय पाठ् यक्रम निर्माण गर्ने क्रममा महत्त्वपूर्ण राय सुझाव प्रदान गर्नुहुने विभिन्न विद्यालयका प्रधानाध्यापक ज्यूहरू, शिक्षकहरू, स्थानीय सामाजसेवी, बुद्धिजीवी, राजनीतिक व्यक्तित्वहरू, व्यापारी किसान, मजदुर र पत्रकार लगायत विभिन्न सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिनीधि ज्यूहरू लगायत सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरूमा धन्यवाद प्रकट गर्दछौ ।

**लोकेन्द्र सिंह धामी**
**संयोजक**
**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**तथा सम्पूर्ण कार्यदल**

# विषय सुची


| | विषय | पुष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्व | २ |
| ३. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ३ |
| ४. | विद्यालय शिक्षाको तहगत संरचना | ४ |
| | ४.१ विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना | ४ |
| | ४.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना | ५ |
| | ४.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना | ५ |
| | ४.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना | ५ |
| ५. | तहगत क्षमताहरू | ६ |
| | ५.१. आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमताहरू | ६ |
| | ५.२. आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता | ६ |
| | ५.३. आधारभूत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमताहरू | ७ |
| | ५.४ आधारभूत शिक्षा (कक्षा ६-८) सक्षमताहरू | ७ |
| | ५.५ आधारभूत तह (कक्षा १-३) स्थानीय विषयका सक्षमताहरू | ८ |
| | ५.६ आधारभूत तह (कक्षा ४-५) स्थानीय विषयका तहगत सक्षमताहरू | ८ |
| | ५.७ आधारभूत तह (कक्षा ६-८) स्थानीय विषयका तहगत सक्षमताहरू | ८ |
| ६. | कक्षागत सिकाइ उपलब्धि | ९ |
| | ६.१ आधारभूत तह (कक्षा १-३) को सिकाइ उपलब्धि | ९ |
| | ६.२. कक्षा ४ र ५ को सिकाइ उपलब्धि | ११ |
| | ६.३. आधारभुत तह (कक्षा ६- ८) को सिकाइ उपलब्धि | १२ |
| ७. | विषयवस्तुको क्षेत्र र क्रम | १५ |
| | ७.१. आधारभुत तह (कक्षा १-३) को क्षेत्र र क्रम | १५ |
| | ७.२. आधारभुत तह (कक्षा ४ र ५) को क्षेत्र र क्रम | १८ |
| | ७.३.आधारभुत तह (कक्षा ६-८) को विषयवस्तुको क्षेत्र र क्रम | २० |
| ८. | पाठ्यवस्तुको विस्तृतीकरण | २३ |
| | ८.१. कक्षा १ (एक)को पाठ्यवस्तुको विस्तृतीकरण | २३ |

८.२. कक्षा २ (दुई) को विस्तृतीकरण २७
८.३. कक्षा ३ (तीन) को पाठ्यवस्तुको विस्तृतीकरण ३३
८.४. कक्षा ४ (चार) को पाठ्यवस्तुको विस्तृतीकरण ३८
८.५. कक्षा ५ (पाँच) को पाठ्यवस्तुको विस्तृतीकरण ४३
८.६. कक्षा ६ (छ) को पाठ्यवस्तुको विस्तृतीकरण ४८
८.७. कक्षा ७ (सात) को पाठ्यवस्तुको विस्तृतीकरण ५८
८.८. कक्षा ८ (आठ) को पाठ्यवस्तु विस्तृतीकरण : ६३
९. सिकाइ सहजीकरण प्रक्रिया ६९
९.१. आधारभूत तह (कक्षा १-३) मा सिकाइ सहजीकरण प्रक्रिया ६९
९.२. आधारभूत तह (कक्षा ४-८) सिकाइ सहजीकरण प्रक्रिया ७१
१०. मूल्याङ्कन प्रक्रिया ७५
१०.१ आधारभूत तह (कक्षा १-३) को मूल्याङ्कन प्रक्रिया ७५
१०.१.१ कक्षा १ (एक) को मूल्याङ्कन अभिलेख ७९
१०.१.२ कक्षा २ (दुई) को मूल्याङ्कन अभिलेख ८८
१०.१.३ कक्षा ३ (तीन) को मूल्याङ्कन अभिलेख ९९
१०.२ कक्षा ४-८ विद्यार्थी मूल्याङ्कन प्रक्रिया १०७
विशिष्टीकरण तालिका १०८
अंक विभाजन तालिका १०९
नमूना प्रश्न ११०

## १. परिचयः

शिक्षण सिकाइको महत्वपूर्ण पक्ष पाठ्यक्रम हो । पाठ्यक्रमले समग्र शिक्षण सिकाइलाई निर्देशित गर्ने गर्दछ । स्थानीय स्तरमा भएका ज्ञान, सीप, प्रविधि, संस्कृति, परम्परा, धर्म, जातजाति, भेषभूषा, भाषाभाषी, र विविधताको ज्ञान तथा संरक्षण र प्रचार प्रसारका लागि स्थानीय पाठ्यक्रम आवश्यक पर्दछ । पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरिन्छ । राष्ट्रिय स्तरमा बन्ने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने र स्थानीय आवश्यकतालाई समेत समेट्न नसक्ने हुँदा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन निकै आवश्यक रहेको छ ।  हाम्रो समुदायमा परम्परागत रूपमा परिवारको जेठो सदस्यले कनिष्ट सदस्यहरूलाई पेसागत ज्ञान र सीप दिने पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने धारणा रहेको थियो । यसबाट स्थानीय विषयवस्तुलाई  विशेष जोड दिइएको पाइन्छ । परम्परागत रूपमा चलेको गुरूकूल पद्धतिमा पनि स्थानीय स्तरको विषयवस्तुलाई जोड दिने गरिन्थ्यो ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार “स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार “स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।” यसरी हेर्दा स्थानीय आवश्यकतामा आधारित भएर तयार पारिएको पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारूलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ । शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । त्यसैगरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । यसले स्थानीय स्तरका नयाँ सिप र प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ र समुन्नत, समृद्ध तथा आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा केन्द्रीय पाठ्यक्रमको अवधारणा भएपनि ऐच्छिक विषयका रूपमा स्थानीय विषय राख्न पाउने प्रावधान त्यसमा रहेको थियो । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै यसलाई केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा समावेश गर्ने व्यवस्था गरीयो । स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० ले निर्देशन गरेअनुसार आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरीएको छ । कक्षा १-८ मा स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्री समेत विकास गरीएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह (कक्षा १-३) मा मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघन्टा १६० कायम गरेको छ । यसैअनुरूप तयार गरिएको आधारभूत तह (कक्षा १ देखि ३) को एकीकृत पाठ्यक्रममा ५ पाठ्यभारको मातृभाषिक सीप/स्थानीय विषयवस्तुका लागि स्थानीय तहले नै पाठ्यक्रम विकास तथा छनोट गरी कार्यान्वय गर्नुपर्ने उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारभूत तह कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तुको लागि पाठ्यभार ४ र पाठ्यघण्टा १२८ तोकिएको छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण र त्यसको कार्यान्वयन हुनु निकै आवश्यक रहेको छ । स्थानीय स्रोत साधन र स्थानीय स्तरका संस्कृति, सभ्यता, परम्परा, पेसा, व्यवसायको पहिचान संरक्षण र संवर्द्धनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता बढ्दै गइरहेको छ ।

मालिकार्जुन गाउँपालिका अन्तर्गत गाउँपालिकाको परिचयसहित पालिका क्षेत्रभित्र रहेका जातजाति भाषाभाषी, संस्कृति परम्परा, पेसा व्यवसाय र आर्थिक क्रियाकलापहरू, सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाहरू, पर्यटन क्षेत्रहरू, व्यक्तिगत स्वास्थ्य र सरसफाइ आदि विषय क्षेत्रलाई मध्य नजर गर्दै स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, पाठ्यक्रम विज्ञसँग छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा आधारभूत तह कक्षा (१–८) को पाठ्यक्रम तयार गरिएको छ ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्वः

शिक्षाको राष्ट्रिय उद्देश्यअन्तर्गत स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, जस्ता कुराहरूलाई महत्त्वपूर्ण रूपमा राखेको छ । केन्द्रीय स्तरमा निर्माण गरिने पाठ्यक्रममा स्थानीय स्तरका आवश्यकताहरू नसमेटिने हुनाले स्थानीय पाठ्यक्रमको अवधारणा आएको देखिन्छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय पेसा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको छ । यसको सन्दर्भमा हेर्दा स्थानीय स्तरमा भएका ज्ञान, सीप क्षमताको विकास गर्नका लागि स्थानीय पाठ्यक्रम वर्तमान सन्दर्भमा अति आवश्यक र औचित्यपूर्ण रहेको छ ।

हरेक स्थानीय तहको फरक पहिचान रहेको हुन्छ । स्थानीय पाठ्यक्रममा स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण संवर्धन परिचालन र विकास गर्नका लागि उपयुक्त पक्षहरू, स्थानीय भाषा संस्कृति, स्थानीय मौलिक पेसा व्यवसाय र प्रविधि, स्थानीय परम्परा संस्कृति, रहनसहन र रीतिरिवाज समेत समेटिने गरिन्छ । स्थानीय स्तरमा रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्त्वका धरोहर तथा सम्पदाहरू समेटिने गर्दछन् । यसबाट बालबालिकाहरूलाई सिक्न सजिलो हुन्छ । आफ्नै ठाँउ र परिचित ठाँउबाट सिकाइ हुने हुँदा गाँउघरमा

सँगालेका पूर्वअनुभवसँग सिकाइ जोडिएर आउने गर्दछ। यसरी सिकाइलाई प्रभावकारी र दिगो बनाउन स्थानीय पाठ्यक्रम आवश्यक रहेको छ। केन्द्रीय स्तरको पाठ्यक्रमले नसमेटिएका पक्षहरूको उजागर गर्न र स्थानीय परिवेश अनुसारका सक्षमताहरूको विकास गर्न मालिकार्जुन गाउँपालिकाद्वारा स्थानीय पाठ्यक्रम तयार परिएको छ। यस सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- स्थानीय आवश्यकतामा जोड दिन
- स्थानीय परिवेशअनुकूलका विषयवस्तु समावेश गर्न
- स्थानीय मौलिकतालाई उजागर गर्न
- स्थानीय विविधतालाई समावेश गर्न
- परम्परागत धर्म, संस्कृति, पेसा र व्यवसायलाई टेवा पुऱ्याउन
- स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरीक तयार गर्न
- स्थानीय कला, संस्कृति, परम्परा,  सौन्दर्य, आदर्शको संरक्षण र संवर्धन गर्न
- स्थानीय तहका पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न
- स्थानीय प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसको संरक्षण गर्न
- स्थानीय स्तरमा भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गरी सिकाइ गर्न
- स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न।

## ३. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य:

राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७५ अनुसार  विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन्

- प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,
- श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,
- व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,
- प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,
- प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,
- वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,
- रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,
- नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,
- जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,
- सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ४. विद्यालय शिक्षाको तहगत संरचना :

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गरेको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरीएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुनेछ । माध्यमिक शिक्षाअन्तर्गत प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरीएको छः

### ४.१ विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्ष | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्ष | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्ष | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्ष | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्ष | तह ५ |

## ४.२ आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचनाः

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कल( ासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृ भाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

## ४.३ आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचनाः

| विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|
| १. नेपाली | ५ | १६० |
| २. अङ्ग्रेजी | ५ | १६० |
| ३. गणित | ५ | १६० |
| ४ विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | ३२ | १०२४ |

## ४.४ आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

| विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|
| १. नेपाली | ५ | १६० |
| २. अङ्ग्रेजी | ५ | १६० |
| ३. गणित | ५ | १६० |
| ४ विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | ३२ | १०२४ |

## ५. तहगत सक्षमताहरू:

### ५.१. आधारभूत शिक्षा कक्षा (१-८) का तहगत सक्षमताहरू:

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा कक्षा (१-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नअनुसार रहेका छन्:

- देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,
- भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
- सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरीक कर्तव्यप्रति सजगता,
- जनसङख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
- शारीरिक तन्दुरूस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास,
- स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग,
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार ,
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

### ५.२. आधारभूत शिक्षा कक्षा (१-३) का तहगत सक्षमताहरू:

आधारभूत शिक्षा कक्षा (१-३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रूचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम रहेका छन् :

- आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग,
- आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग,
- अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास,

- विज्ञान, वातावरण, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञानको विकास,
- शारीरिक तन्दुरूस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास,
- कला तथा सौन्दर्यप्रति अभिरूचि र सिर्जनात्मकताको विकास,
- आध्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**५.३. आधारभूत शिक्षा कक्षा (४-५) का तहगत सक्षमताहरू:**

आधारभूत शिक्षा कक्षा (४- ५) का सक्षमताहरू निम्नानुसार हुनेछन् :

- देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग,
- आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग,
- नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास,
- विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास,
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास,
- कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास,
- आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**५.४ आधारभूत शिक्षा कक्षा (६-८) सक्षमताहरू:**

आधारभूत शिक्षा कक्षा (६-८) का सक्षमता देहायबमोजिम हुनेछन् :

- देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास,
- लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान,
- भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
- सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग,
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
- नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानव मूल्य मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास,
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग,
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास,

- स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills),
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार,
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

## ५.५ आधारभूत तह कक्षा (१–३) स्थानीय विषयका सक्षमताहरू:

- गाउँ, वडा र मालिकार्जुन गाउँपालिकाको सामान्य परिचय,
- स्थानीय प्राकृतिक स्रोत तथा सम्पदा र पर्यटकीय स्थलको पहिचान,
- भाषिक तथा सांस्कृतिक सचेतना विकास र सामाजिक शिष्टाचार तथा नियमहरूको पालना,
- स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिको उपयोग,
- व्यक्तिगत सरसफाइ, व्यायाम र स्थानीय खेलमा सहभागिता,
- स्थानीय प्रकोपबाट बच्ने उपायहरूको अवलम्बन,
- सामाजिक संघ सस्थाहरूको पहिचान र योगदान,

## ५.६ आधारभूत तह कक्षा (४–५) स्थानीय विषयका तहगत सक्षमताहरू:

- मालिकार्जुन गाउँपालिकाको परिचय र पहिचान,
- मालिकार्जुन गाउँपालिक भित्रका धार्मिक तथा पर्यटकीय स्थलको चिनारी, सम्मान र सहभागिता,
- हाम्रो परम्परा, संस्कृति तथा मूल्यमान्यताको पहिचान र अनुशरण,
- स्थानीय प्रविधिको पहिचान र प्रयोग,
- स्वास्थ्य वातावरण तथा सरसफाइप्रति सचेत भई योग, ध्यान र स्थानीय खेलहरूको अभ्यास र प्रयोग,
- स्थानीय स्तरमा हुने कृषि तथा उद्यमशीलताको पहिचान र सहभागिता,
- स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलाप र स्थानीय बजारको चिनारी ।

## ५.७ आधारभूत तह कक्षा (६–८) स्थानीय विषयका तहगत सक्षमताहरू:

- आफ्नो स्थानीय तहको परिचय र प्रस्तुति
- आफ्नो स्थानीय तहभित्रका धार्मिक तथा पर्यटकीय स्थलको चिनारी, सम्मान र सहभागिता
- हाम्रो परम्परा, संस्कृति तथा मूल्य मान्यताको पहिचान र अनुशरण
- जीवनोपयोगी सिप र स्थानीय प्रविधिको प्रयोग
- स्वास्थ्य वातावरण तथा सरसफाइप्रति सचेत भई योग, ध्यान र स्थानीय खेलहरूको अभ्यास र प्रयोग,

- स्थानीय स्तरमा हुने कृषि तथा उद्यमशीलताको पहिचान र सहभागीता,
- स्थानीय संघ संस्था र व्यक्तित्वहरूको पहिचान,
- स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलाप र स्थानीय बजारको चिनारी,
- मालिकार्जुन गाउँपालिकाको आर्थिक विकास र समृद्धिको सम्भावनाहरूको खोजी ।

## ६. कक्षागत सिकाइ उपलब्धि:

### ६.१ आधारभूत तह कक्षा १-३ को सिकाइ उपलब्धि:

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| आफ्नो परिचय दिन । | परिवारमा रहेका सदस्यहरूको सङ्ख्या भन्न । | आफ्नो गाउँको नाम र वडा नं. बताउन । |
| आफु बस्ने पालिकाको नाम भन्न । | परिवारका सदस्यसँगको नाता बताउन । | वडाको साध सीमाना बताउन । |
| साबुन पानीको प्रयोग गरी हात खुट्टा र मुख धुन । | पालिकाभित्र रहेका वडा संख्या भन्न आफु वस्ने वडाको वडा कार्यालय रहेको स्थान पहिचान गर्न । | आफ्नो टोलमा रहेका घरधुरी सँख्याको सुची बनाउन । |
| सुक्ष्म व्यायामको अभ्यास गर्न । | व्यक्तिगत सरसफाई गर्न । | विद्यालय वरिपरिको सरसफाई गर्न । |
| तुलसी, अमला र हरडो पहिचान गर्न । | हात र खुट्टाको सुक्ष्म व्यायाम गर्न । | सुक्ष्म व्यायामको अभ्यास गर्न । |
| स्थानीय खेल चिँ मुसी चिँ खेल्न । | स्थानीय स्तरमा पाइने जडिबुटीको पहिचान गर्न । | तुलसीसँग परिचति हुन । |
| स्थानीय पर्व गौंरा, सउन त्यार, बिसपती पुष त्यार र नरहरीको नाम भन्न । | एक्का दुक्का खेल खेल्न । | एक खुट्टे खेल खेल्न । |
| आफ्नो गाँउटोलमा रहेका स्थानीय देवी देवताहरूको पहिचान गर्न । | बुढी पोल्ने त्यार र विसुपती त्यारमा सहभागिता जनाउन । | गौंरा पर्वको परिचय दिन । |
| स्थानीय स्तरमा मनाइने धार्मिक क्रियाकलाप हरूमा सहभागिता जनाउन । | स्थानीय देवीदेवताको नाम पहिचान गर्न । | स्थानीय स्तरका मठ मन्दिरहरूमा पुजा गरिने देवी देउताहरूको नाम बताउन । |
| स्थानीय स्तरका पहिरनहरूको नाम पहिचान गर्न । | आफ्नो टोल छिमेकमा मनाइने धार्मिक क्रियाकलापहरुमा सहभागी हुन । | न्वारनको परिचय दिन । |

| | | |
|---|---|---|
| स्थानीय स्तरमा रहेका माणोका नाम पहिचान गर्न । | स्थानीय गरगहनाहरूको पहिचान गर्न । | स्थानीय पहिरनसँग परिचित हुन । |
| आफ्नो वरपरका नदी तथा खोलाहरुको नाम बताउन । | स्थानीय स्तरमा रहेका धार्मिक सम्पदा( माणौ) बारे परिचित हुन । | स्थानीय भगवती माताको पुजामा सहभागिता जनाउन । |
| आफ्नो गाउँ वरपर रहेका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न । | आफ्ने वडा भित्रका नदी तथा खोलाको नाम संग परिचित हुन । | छिमेकी वडाको नदी तथा खोलाको नामसँग परिचित हुन । |
| नाताबोधक शब्दहरूको व्याहारिक जीवनमा प्रयोग गर्न । | आफ्ने वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको नाम पहिचान गर्न । | आफ्नो छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्रको नाम बताउन । |
| स्थानीय बालगीत गाउदै नाच्न । | स्थानीय स्तरमा भान्सा (चुलो) मा प्रयोग हुने सामग्रीहरूका शव्दहरु पहिचान गर्न । | कृषि र पशुपालनमा प्रयोग हुने विभिन्न शब्दहरूको बारेमा परिचित हुन । |
| स्थानीय बाजाहरूको पहिचान गर्न । | स्थानीय बालगीत गाउन । | स्थानीय बालगीतहरु यति, गति र लय मिलाई गाउन । |
| स्थानीय स्तरमा पाइने अन्नसँग परिचित हुन । | स्थानीय बाजाहरूको पहिचान गर्न । | स्थानीय स्तरमा प्रयोग गरिने बाजाहरूको नाम बताउन । |
| स्थानीय स्तरमा सञ्चालित उद्योगहरूको पहिचान गर्न । | स्थानीय बालगीतमा नाच्न । | आफ्नो विद्यालयको परिचय दिन । |
| कृषि औजारको पहिचान गर्न । | अन्नको नाम पहिचान गर्न । | स्थानीय स्तरमा पाइने फलफूलहरूका नामहरु बताउन । |
| स्थानीय प्रविधिसँग परिचित हुन । | स्थानीय उद्योगबाट उत्पादित वस्तुका नाम भन्न । | स्थानीय प्रविधि (पानी घट्ट) सँग परिचित हुन । |
| भर्तोला बजारको परिचय दिन । | स्थानीय कृषि औजारहरूको नाम पहिचान गर्न । | कुटोको प्रयोग गर्न । |
| भल, पैरो, भइसालो जस्ता विपदहरु बाट सजग रहन । | स्थानीय प्रविधिको नाम र काम बताउन । | सिलो लोडोको प्रयोग अभ्यास गर्ने । |
| | स्थानीय बजार (ठिङखान) को सामान्य परिचय दिन । | स्थानीय बजार मेलखेतसित परिचित हुन । |
| | विपद्का नामहरु पहिचान गर्न | बज्जरबाट बच्ने सावधानीहरु अपनाउन । |

## ६.२. कक्षा ४ र ५ को सिकाइ उपलब्धिः

| कक्षा ४ | कक्षा ५ |
|---|---|
| आफ्नो गाउँसँग जोडिएका छिमेकी गाँउको पहिचान गर्न । | मालिकार्जुन गाउँपालिकाको भौगोलिक परिचय दिन |
| हाम्रो पालिकाको सामान्य परिचय दिन | पालिकाको जातजातिगत विवरण प्रस्तुत गर्न |
| पालिकाको लैङ्गिक विवरण प्रस्तुत गर्न । | वडा कार्यालयबाट प्रदान गरिने सामान्य सेवाहरू (घटनादर्ता अन्तर्गतका सेवाहरू) को सूची बनाउन |
| मौसम अनुसारका लुगा कपडा प्रयोग गर्न र समय सुहाउदो मौसम अनुकुल खाना खान | विभिन्न आसनहरू र प्राणायाम गर्न । |
| प्राणायामको अभ्यास गर्न । | पड्वाको प्रयोग र उपयोगिता भन्न र लेख्न |
| टिमुरको उपयोगिता लेख्न र भन्न | बागचाल खेल खेल्न |
| पिट्ठु खेल खेल्न | पुष त्यार र नरहरी त्यारमा आफ्नो सहभागिता जनाउन |
| स्थानीय चाडपर्वको महत्त्व पहिचान गर्न | ठिङ भगवतीको गाथा प्रस्तुत गर्न |
| गौरा पर्वमा पुजा हुने देवीदेवताको गाथा बताउन | नौली गोरियाको परिचय र यसको महत्त्व बताउन |
| बऱ्याँतको परिचय र महत्त्व बताउन | स्थानीय जातहरूमा सहभागिता जनाउन |
| आफ्नो गाउँ टोलका माणौंमा हुने जातहरूसँग परिचित हुन | नथ र बुलाँकीसँग परिचित गराउन |
| सुता र पैड़ाको परिचय र विशेषता बताउन । | बण्ड सलेती मन्दिरको परिचय बताउन । |
| लटबाब, कैलपाल र बालीचन माणोंको परिचय दिन । | बाँकी गाडको विशेष्ता बताउन । |
| गाउँपालिका भित्र रहेका नदी तथा खोलासँग परिचित हुन । | मालिकार्जुन पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गर्न । |
| गाउँपालिका भित्र रहेका प्रमुख पर्यटकीय क्षेत्रहरूसँग परिचित हुन । | स्थानीयस्तरमा पाइने जनावर तथा चराहरूको नाम, स्थानीय भाषामा बताउन |
| हामीले खाने खानेकुराका नाम हाम्रो भाषामा भन्न र लेख्न | व्यवहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्यमा प्रयोग |
| स्थानीय भाषामा प्रयोग हुने सामान्य बोली-चालीका शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्न | स्थानीय देउडा भैलो होरी गाउने अभ्यास गर्न |
| देउडा गीत र ठाडी भाकाका गीतहरू लय मिलाएर गाउन | दमउ र झ्याली बजाउने अभ्यासको प्रदर्शन गर्न । |
| मादल र बासुली बजाउने अभ्यास गर्न । | देउडा नाँच नाच्ने अभ्यास गर्न । |
| देउडा नाच नाच्न । | आयुर्वेदिक स्वास्थ्य संस्थाको परिचय बताउन । |

| | |
|---|---|
| आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाबाट पाइने सेवाहरूको सूची बनाउन । | वडा नं. १ र २ को समुदायगत मुख्य विशेषता बताउन । |
| स्थानीय स्तरमा पाइने फलफूलहरूसँग परिचित हुन । | गाई र भैंसी पालन व्यवसायको बारेमा बताउन । |
| आफरसँग परिचित हुन । | सनकोरा उद्योगको महत्त्व प्रस्तुत गर्न । |
| बउसोको प्रयोग र अभ्यास गर्न । | बासुलो चलाउने अभ्यास गर्न । |
| छाँई बनाउने सिपको विकास गर्न । | बाब्योबाट गलेउँ र जेउडो बनाउने सिपको अभ्यास गर्न । |
| होटल व्यवसायको परिचय दिन । | पसल व्यवसाय र वर्कसपबाट पाइने सेवाहरूको सूची बनाउन । |
| स्थानीय (डांडाकोट) बजारको परिचय दिन । | ऐरीछाना बजारको परिचय दिन |
| ढाँडो बतासबाट बच्ने उपाय पहिचान गर्न । | भल तथा बाढीबाट बच्ने उपायहरू अवलम्बन गर्न । |

## ६.३. आधारभुत तह (कक्षा ६– ८) को सिकाइ उपलब्धिः

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| मालिकार्जुन गाउँपालकिाको ऐतिहासिक परिचय दिन । | १. पालिकाको साँध सीमाना बताउन । | मालिकार्जुन गाउँपालिका रहेको जिल्लाको परिचय र त्यसभित्र रहेका स्थानीय तहहरूको नाम र सङ्ख्या उल्लेख गर्न । |
| मालिकार्जुन गाउँपालिकाको उमेरगत जनसाङ्ख्यिक विवरण प्रस्तुत गर्न । | पालिकाभित्र रहेका घरधुरी सङ्ख्या बताउन । | मालिकार्जुन गाउँपालिकाको जनसाङ्ख्यिक विवरण प्रस्तुत गर्न । |
| वडा कार्यालयको सांङ्गठनिक संरचनासँत परिचित हुन । | गापाकार्यालयको साङ्गठनिक संरचना सित परिचित हुन । | गाउँपालिका अन्तर्गत शिक्षामा विशेष महत्त्व बोकेका कार्यक्रमहरू उल्लेख गर्न । |
| वडा जनप्रतिनिधिहरूको चयन प्रक्रिया बताउन । | गा.पा. अध्यक्ष र उपाध्यक्षको चयन प्रक्रिया उल्लेख गर्न । | गाउँसभा गठन प्रक्रियाको बारेमा भन्न र लेख्न । |
| वडा कार्यालयबाट दिइने कुनै प्रमुख ५ वटा सिफारिसहरूको सुची बनाउन । | गाउँपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरूको सुची बनाउन । | गाउँसभा अन्तर्गत रहेका विभिन्न विषयगत समितिका कार्यहरू उल्लेख गर्न । |
| प्राणायामको अभ्यास गर्न । | आसन, प्राणायाम र सूर्य नमस्कारको अभ्यास गर्न । | आसनहरूको अभ्यास गर्न । |

| | | |
|---|---|---|
| सिमजडो खुच्युड्या र कुर्जोको उपयोगिता भन्न र लेख्न । | गर्जेबेलो र बन्धनियाको उपयोगिता बताउन । | प्राणायामको अभ्यास गर्न । |
| छल्ला खेल खेल्न । | स्थानीय खेलहरूको महत्त्व र उपयोगिता भन्न । | सूर्य नमस्कारको अभ्यास गर्ने । |
| भेटौलोमा सहभागिता जनाउन । | स्थानीय चाडपर्वको संरक्षणमा स्थानीय संघ संस्थाको भुमिका पहिचान गर्न । | ध्यान मुद्रामा बस्ने अभ्यास गर्न । |
| लट्बाब देवताको संक्षिप्त इतिहास बताउन । | हुन्सिखर देवताको इतिहास उल्लेख गर्न । | |
| श्राद्धको संक्षिप्त परिचय दिन । | व्रतबन्धमा सहभागिता जनाउन । | मालिकार्जुन देवताको इतिहास भन्न र लेख्न । |
| अल्लेककी, ठिङ, रेबलीकी जातको परिचय दिन । | स्थानीय जातमा सहभागिता जनाउन । | मालिकार्जुन पुजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्त्व उल्लेख गर्न । |
| पागडो, मुणेठो र गलोफन्दु सित परिचित गराउन । | हैकलमाला र झुमझुमीको परिचय दिन । | सत्यनारायण पुजामा सहभागिता जनाई आदरभाव व्यक्त गर्न । |
| हुन्सिखर देवताको संक्षिप्त इतिहास लेख्न । | मालिकार्जुन देवताको ऐतिहासिक महत्त्व भन्न । | शिखर पुजन र गैर मन्दिर जातबारे परिचित हुन । |
| आफ्ना गाउँ अन्तर्गत रहेका वनहरू सित परिचित हुन । | आफ्नो वडाअन्तर्गत रहेका सामुदायिक वनहरूको सुची बनाउन । | स्थानीय पहिरनको संरक्षणका उपायहरू अपनाउन । |
| उकू गाड़सित परिचित हुन । | भर्तोला (बर्पाली) गाडसँग परिचित हुन । | धार्मिक सम्पदा संरक्षणमा समाज, संघसंस्था र स्थानीय सरकारको भुमिकाको बारेमा भन्न र लेख्न । |
| बलशिखर दमौरा पर्यटकीय क्षेत्रको परिचय र महत्त्व अभिव्यक्त गर्न । | हुनैनाथ पर्यटकीय क्षेत्रको विशेषताहरू भन्न । | मालिकार्जुन गाउँपलिकाअन्तर्गत रहेका सामुदायिक वनहरूको सुची बनाउन । |
| बाखापालनबाट हुने फाइदहरू उल्लेख गर्न । | स्थानीय भाषामा प्रयोग हुने शब्दहरूलाई वाक्यमा प्रयोग गर्न । | महाकाली नदीको परिचय दिन र महत्त्व बताउन । |
| आफ्नो स्थानीय स्तरमा पाइने स्रोत साधनबाट अचार बनाउने सिपको अभ्यास गर्न । | स्थानीय भाषाको प्रयोग गरी अनुच्छेद तयार पार्न । | ऐतिहासिक तथा पुरातात्त्विक पर्यटकीय क्षेत्र उकु महलको बारेमा छोटकरीमा वर्णन गर्न । |

| | | |
|---|---|---|
| आँसीको प्रयोग गरी घाँस काट्ने सिपको विकास गर्न । | सगुन र फाग गाउन । | स्थानीय भाषामा प्रयोग गरिने शब्दहरु प्रयोग गरी संवाद तयार गर्न । |
| ओखल र मुसल, दलनी र जातराको प्रयोग गर्न । | झोडो र सञ्जेवाली गाउन । | हुड्केली, भडाहा, चैतलो र डेउडा खेल्ने तथा गाउने अभ्यास गर्न । |
| ग्रील उद्योग सित परिचति गराउन । | बिगुल, भोकर हुड्को र मिजरा बजाउने अभ्यास गर्न । | बिगुल तथा मसकबीन बजाउने सिपको विकास गर्न । |
| जोलजीबी बजारमा हुने गतिविधिसित परिचित हुन । | हुड्केली र ढुस्को नाँच नाच्न । | छलिया नाँच नाँच्न । |
| काठा लोट्टुबाट बच्ने उपायहरु अवलम्बन गर्न । | शैक्षिक क्षेत्रमा शंङ्करपुर क्याम्पसको भूमिका उल्लेख गर्न । | स्थानीय स्तरमा रहेका प्रहरी चौकीहरूको नाम भन्न र तिनीहरूले प्रवाह गर्ने सेवाहरूको सुची तयार गर्न । |
| स्थानीय स्तरमा प्रयोग हुने पहिरनका शब्दसँग परिचित हुन । | वडा न ५ र ६ को समुदायगत मुख्य विशेषता उल्लेख गर्न । | राजनीतिज्ञ प्रेम सिंह धामीको परिचय र योगदानको बारेमा भन्न र लेख्न । |
| व्यावहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्य निमांण गर्न । | कुखुरा पालन र ससा पालनको आर्थिक महत्व उल्लेख गर्न । | वडा नं. ७ र ८ को समुदायगत मुख्य विशेषता पहिचान गर्न । |
| स्थानीय देउडा तथा होरी गीत गाएर खेल्ने अभ्यास गर्न । | पात्थर खानसँग परिचित हुन । | मौरी पालन र पुष्प व्यवसायको आर्थिक महत्त्व उल्लेख गर्न । |
| दमौ बजाउने अभ्यास गर्न । | बल्लु जोतेर मई चलाउने अभ्यास गर्न । | काष्ठ उद्योगको परिचय र महत्त्व उल्लेख गर्न । |
| झ्याउरे गीतमा नाच्न । | धानगहुँ, मकै गोड्ने र सुप्पाले निफन्ने अभ्यास गर्न । | हलो चलाउने अभ्यास गर्न । |
| शंकरपुर मा.वि., पस्तीसँग परिचित हुन । | नर्सरी व्यवसायको परिचय र महत्व उल्लेख गर्न । | लिखु लगाउने अभ्यास र गुड बनाउने प्रविधिबारे उल्लेख गर्न । |
| वडा नं. ३ र ४ का समुदायगत विशेषता बताउन । | स्थानीय बजार मालिकार्जुन मडसँग परिचत हुन । | यातायात व्यवसायको परिचय र महत्त्व बताउन । |
| | डाल तथा हिउ परेका बेला उचित सावधानी अपनाउन । | स्थानीय पस्ती बजारको परिचय भन्न । |
| | | गाज्युँ र सउला काट्दा अपनाउनु पर्ने सावधानीहरु उल्लेख गर्न । |

## ७. विषयवस्तुको क्षेत्र र क्रमः

### ७.१. आधारभुत तह कक्षा (१-३) को क्षेत्र र क्रमः

| क्षेत्र | उपक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १. हाम्रो मालिकार्जुन | व्यक्ति परिवार र गाउँको परिचय | आफ्नो परिचय र टोलको नाम | आफ्नो परिवार (परिवारका सदस्य संङ्ख्या र परिवारका सदस्यहरूसँगको नाता) | आफ्नो गाउँको परिचय (आफ्नो गाउँको नाम र वडा नं.) |
| | पालिकाको परिचय | पालिकाको नाम | आफू रहेको वडाको सामान्य परिचय (पालिका अन्तर्गतका वडा सङ्ख्या र आफ्नो वडा कार्यालय) | आफ्नो वडाको साँध सीमाना |
| | पालिकाको जनसाङ्खिक विवरण | | | आफ्नो टोलमा भएको घरधुरी सङ्ख्या |
| स्वास्थ्य सरसफाइ र पोषण, योग, ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | स्वास्थ्य सरसफाइ र पोषण | सामान्य सरसफाइ (हात खुट्टा तथा अनुहारको) | व्यक्तिगत सरसफाइ (नूहाउने, हातमुख धुन नङ काट्ने) | विद्यालय वरिपरिको सरसफाइ |
| | योग ध्यान साधाना | सुक्ष्म व्यायाम (हात) | सुक्ष्म व्यायाम (हात र खुट्टाको) | (सामान्य यौगिक (सुक्ष्म व्यायम) |
| | जडीबुटी | जडीबुटी नाम (तुलसी, अमला, हरडो) | जडिबुटिको नाम (टिमुर, अलैंची, दालचिनी) | तुलसीको प्रयोग |
| | स्थानीय खेलहरू | चिँमुसी चिँ | एक्का दुक्का | एक खुट्टे |
| हाम्रो परम्परा, संस्कृति र मुल्य मान्यता | स्थानीय चाँडपर्व | स्थानीय चाँडपर्वको नाम गौरा, सौनत्यार, विसु, पुषत्यार, नरहरी, | बुढी पोल्ने त्यार र बिसुपति त्यारको परिचय | गौरा पर्वको परिचय |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय देवी देवता | गाउँ तथा टोल भित्रका स्थानीय देवी देवताको नाम | चाँडपर्वअनुसार पुजा गरिने देवी देवताको नाम (गौरी महेश बालिचन) | आफ्नो स्थानीय स्तरका मठ मन्दिरमा पूजा गरिने देवी देवताहरू |
| | धार्मिक क्रियाकलाप | हाम्रा धार्मिक क्रियाकलापको नाम (न्वारन, ब्रतबन्ध, श्राद्ध, नाज खुवाउने) | हाम्रा धार्मिक क्रियाकलापको नाम (ब्या, सत्यनारायण पुजा, नौली गोरिया न्वाकी) | न्वारनको सामान्य परिचय |
| | स्थानीय जातहरू | | | |
| | स्थानीय पहिरन | स्थानीय पहिरनको नाम (मुणेठो, पागडो, घागरो, आङडो, बन्डी, ठाडी धोती, झोकुलो कन्ज्यौडी) | स्थानीय गरगहना (सुता, पैंडा, नथ, बुलाँकी, झुमझुमी मुनणा गलोफन्द बालापैंजु) | आङडो, घाँगरो तथा मुनणाको परिचय |
| | स्थानीय धार्मिक सम्पदा | स्थानीय स्तरमा रहेका माणौका नाम (मालिकार्जुन, लटबाब, कैलपाल, बालीचन) | स्थानीय स्तरमा रहेका माणौका नाम (सोवीनाथ, कालिछिन, तमैराज, भगवती हुन्शिखिर, फड्क्या, भौनेली, श्युनाथ उदयदेव, समैजी) | मानै भगवती र गैर माणौको परिचय |
| | स्थानीय वन सम्पदा | | | |
| | स्थानीय नदी, ताल तथा खोला | आफ्नो वरपरको नदी तथा खोलाको नाम | आफ्नो वडाभित्रका नदी तथा खोलाको नाम | छिमेकी वडाको नदी तथा खोलाको नाम |
| | आफ्ना पर्यटकीय क्षेत्र | आफ्नो वरपर रहेका पर्यटकीय क्षेत्रको नाम | आफ्नो वडा भित्र रहेका पर्यटकीय क्षेत्रको नाम | छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्रको नाम |

| | | | | |
|---|---|---|---|---|
| हाम्रो भाषा र बोलीचाली | स्थानीय भाषाका शब्द र वाक्य | स्थानीय स्तरमा प्रयोग हुने नाताबोधक शब्दहरू (बुना बुनी, इज्या, बाबा, बुबु, आमा, दादा, दिदी) | स्थानीय स्तरमा भान्सामा प्रयोग हुने सामाग्रीका शब्दहरू( टम्क्या, ठेल्वा, विण्नो, पारो, ढुण्या, मनानी) । | स्थानीय स्तरमा कृषि, पशुपालनमा प्रयोग हुने शब्दहरू (गोरु, बल्लु, बाकरो, दरुँवा, ज्यडो, आंसी, बौसो, दाब्लो, गिराठो, दाबो, कुटो, हलेनो, फालो, हल्युणो) । |
| लोकगीत/ लोकगीत/ बालगीत र नाँच स्थानीय बाजा | स्थानीय गीत स्थानीय साहित्य | स्थानीय बालगीत | स्थानीय बालगीत | स्थानीय बालगीत |
| | स्थानीय बाजा | स्थानीय बाजाको नाम (दमउ, भ्याली) | स्थानीय बाजाको नाम(बउँ, दाइन दमउ, मसकबीन, हुड्को, बासुली) | स्थानीय बाजाको नाम (मजिरा, चिम्टा, दमउ, मसकबीन, हुड्को, बासुली) |
| | स्थानीय नाच | स्थानीय बाल नाच | स्थानीय बाल नाच | स्थानीय बाल नाच |
| | स्थानीय संस्थाहरू | | | आफ्नो विद्यालयको परिचय |
| हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | स्थानीय कृषि व्यवसाय | स्थानीय स्तरमामा पाइने अन्नका नाम (धान, गहुँ, मकै, कोदो, भट्टु) | अन्नका नाम (कउन, चिनो, माधुरो, बाजुरो, चुवा, भडेरो) | स्थानीय फलफूल करमफल, आलपोखरा, अटिन्ने, आम, अम्बा, केला, काफल |
| | स्थानीय स्तरमा सञ्चालित उद्योग | स्थानीय स्तरमा सञ्चालित उद्योगको नाम घट्टु, कोलु, बनियान (सुइटर) बुन्ने, मैनबत्ती बनाउने मसला उद्योग | उद्योग बाट उत्पादित वस्तुका नाम पिठो, तेल, चिउरी घिउ, टोपी, गलबन्दी हल्दो (बेसार) | घट्टु उद्योग |

| | | | | |
|---|---|---|---|---|
| | | कृषि औजार (हलो, फालो, कुड, दाबो, जुउ, मुङरो, गिरेठो, सिप्को, हलेनो | कृषि औजार (न्यापातो सैला, मइ, हल्युणो जत्युणो डलाइचो, कोथलो) | कुटोको प्रयोग अभ्यास |
| | स्थानीय प्रविधिहरू | प्रविधिको नाम जातरो ओखल मसल, दलनी सिलो लोडो | स्थानीय प्रविधिको नाम र काम | सिलो लोडोको प्रयोग अभ्यास |
| | स्थानीय रूपमा सञ्चालित आय आर्जनका अन्य क्रियाकलापहरू | | | |
| | स्थानीय बजार | भर्तोला | ठीङखान | मेलखेत |
| | विपद् | विपद्का नामहरू( पहिरो, भल, भैसालो) | विपद्को नाम आगलागी र पहिरो (आम्पेड मालिकार्जुन ज्युनडा) | बज्जर बाट बच्ने उपाय |

## ७.२. आधारभुत तह (कक्षा ४ र ५) को क्षेत्र र क्रमः

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो मालिकार्जुन | आफ्नो गाउँसँग जोडिएको छिमेकी गाउँको सामान्य परिचय | |
| | पालिकाको सामान्य परिचय (अवस्थिति र पालिका सदरमुकाम) | पालिकाको भौगोलिक परिचय |
| | लिङ्गगत विवरण | जातजातिगत विवरण |
| | | वडा कार्यालयबाट प्रदान गरिने सामान्य सेवाहरू (घटना दर्ता अन्तर्गतका सेवाहरू) |

| | | |
|---|---|---|
| २. स्वास्थ्य सरसफाइ, पोषण, योग ध्यान, आयुर्वेद र स्थान ीय खेलहरू | मौसम, ऋतु अनुसारका खानपान तथा लत्ताकपडाको प्रयोग | |
| | योग तथा प्राणायाम (अनुलोम विलोम) | विभिन्न आसनहरू र प्राणायाम (सुखासन, ताडासन, कमलासन, भ्रामरी, भस्त्रिका) |
| | टिमुरको उपयोगिता | पडवाको प्रयोग र उपयोगिता |
| | पिठ्ठु | बागचाल |
| ३. हाम्रो परम्परा, संस्कृति र मुल्य मान्यता | स्थानीय चाँडपर्वको महत्व | पुष त्यार र नरहरि त्यारको महत्व र आफ्नो सहभागिता |
| | गौंरा पर्वमा पुजा हुने देवी देवताको इतिहास | ठिङ भगवतीको गाथा |
| | ब्याको परिचय र यसको महत्व | नौली गोरियाको परिचय र यसको महत्व |
| | आफ्नो गाउँटोलको माणौंमा हुने जातहरु | चौडकी जात, पौडी माणौंकी जात, लिमाकी जात |
| | सुता र पैंडाको परिचय र यसका विशेषता | नथ र बुलाँकीको प्रयोग तथा बनावट संरचना |
| ४. हाम्रा धार्मिक प्रकृतिक र पर्यटकीय सम्पदाहरु | लटबाब कैलपाल र बालीचन मणौको परिचय | बण्ड सलेती मन्दिरको परिचय |
| | गाउँपलिका भित्रका नदी तथा खोलाको नाम | बाँकु गाड़ |
| | गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रको नाम | मालिकार्जुन पर्यटकीय क्षेत्र |
| ५. हाम्रो भाषा र बोलीचाली | स्थानीय स्तरमा प्रयोग हुने खानेकुराका शब्दहरु धिनाली, छ्याँई, डुप्का, पल्यउ, फाणो, झुनमुन्या, बट्कु) | स्थानीय स्तरमा प्रयोग हुने जनावर तथा चराहरूका नामका शब्दहरु (बल्लु, बाकरो, गुनो, किरमला, लम्पुछे, सिन्टलो, गेणो, पितुल्या) |
| | व्यवहारिक जीवनमा प्रयोग हुने शब्दहरूको वाक्य निर्माण | व्यवहारिक जीवनमा प्रयोग हुने शब्दहरूको वाक्य निर्माण र प्रयोग |
| ६. स्थानीय लोकगीत, नाँच र बाँजाहरु | स्थानीय बालगीत | देउडा गीत, ठाडी भाकाका गीतहरु |
| | मादल बजाउने अभ्यास, बासुली बजाउने अभ्यास | बउँ दमउ र झ्याली बजाउने अभ्यास |
| | देउडा नाँच | देउडा नाँच |
| ७.स्थानीय संस्था र स्थानीय व्यक्तिहरु | वडाभित्रको स्वास्थ्य संस्थाको परिचय | आयुर्वेदिक स्वास्थ्य संस्थाको परिचय |
| | | वडा नं. १ र २ को समुदायगत मुख्य विशेषता |

| | | |
|---|---|---|
| ८. हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | फलफूल भिणा, तिमला, खन्या, बेल्टा, किम, असेलु भतमेल, क्रिमुडा, ग्याली, माल्टा) | गाई पालन, भैसी पालन |
| | आफँर उद्योग | सनकोरा उद्योग |
| | बउसोको प्रयोग अभ्यास | बासुलो चलाउने अभ्यास |
| | छाई बनाउने प्रविधिको अभ्यास | बाब्योबाट गलेउ बनाउन जेउडो बाट्ने अभ्यास |
| | होटल व्यवसाय | पसल व्यवसाय र वर्कसप |
| | डाडाकोट | ऐरीछाना |
| ९. विपद् व्यवस्थापन | ढाँणो बतासबाट बच्ने उपाय | भल तथा बाढीबाट बच्ने उपाय |

## ७.३.आधारभुत तह (कक्षा ६-८) को विषयवस्तुको क्षेत्र र क्रमः

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| हाम्रो मालिकार्जुन | पालिकाको ऐतिहासिक परिचय | पालिकाको साँध सीमाना र सोसँग जोडिएका अन्य पालिकाको नाम | पालिका रहेको जिल्लाको परिचय (जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको सङ्ख्या र नाम) |
| | उमेरगत विवरण | घरधुरी विवरण | गाउँपालिकाको समग्र जनसाङ्ख्यिक विवरण |
| | वडा कार्यालय तथा जननिर्वाचित पदाधिकारी | गाउँ कार्यपालिकाको कार्यालयअन्तर्गत रहने जनप्रतिनिधिहरू | गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समितिहरू, कर्मचारी प्रशासन तथा कार्यगत विवरण |
| | वडा अन्तर्गतका जनप्रतिनिधिको चयन | गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिको चयन | गाउँ सभाको गठन प्रक्रिया र कार्यपालिकाको गठन तथा सञ्चालन |

| | | | |
|---|---|---|---|
| | वडा कार्यालयबाट प्रदान गरिने विशिष्टीकृत सेवा सुविधाहरू | गाउँपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरू (सिफारिस सम्बन्धी सेवाहरू) | गाउँपालिका अन्तर्गत शिक्षामा विशेष महत्व बोकेका कार्यक्रमहरू (शिक्षा बाल सुरक्षा कार्यक्रम, दिवा खाजा, विद्यालय पोषण कार्यक्रम, प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृति) |
| स्वास्थ्य सरसफाइ र पोषण, योग ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | | | |
| | प्राणायाम (कपालभाती, प्रणव) | व्यायाम, आसन र प्राणायाम सूर्यनमस्कार (वृक्षासन, मन्डुकासन, हलासन) | व्यायाम, आसन र प्राणायाम सूर्य नमस्कार ध्यान (वृक्षासन, हास्यासन, गोमुखासन, मन्डुकासन, हलासन) |
| | सिमरो र कुर्जोको प्रयोग र उपयोगिता | गुर्जेबेलो र वन धनियाको प्रयोग र उपयोग | पदम र बोजोको प्रयोग र उपादेयता |
| | छल्ला | स्थानीय खेलहरूको महत्व र उपयोगिता (पिठ्ठु, बागचाल, छल्ला) | स्थानीय खेलहरूको महत्व र उपयोगिता (पिठ्ठु, बागचाल, छल्ला) |
| हाम्रो परम्परा, संस्कृति र मूल्यमान्यता | स्थानीय चाँडपर्वको संरक्षणका उपायहरू | स्थानीय चाँडपर्वको संरक्षणमा स्थानीय संघसंस्थाको भुमिका | मालिकार्जुन पुजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्व र विशेषता |
| | लटबाब देवताको गाथा | हुन्शिखर देवताको इतिहास | मालिकार्जुन देवताको इतिहास तथा उत्पत्ति |
| | श्राद्धको परिचय र यसको महत्व | ब्रतबन्धको परिचय र यसको धार्मिक तथा सांस्कृतिक महत्व | सत्य नारायण पूजाको महत्व, विशेषता र फाइदा |
| | अल्लेककी जात, ठीङकी जात, रेबलीकी जात | सोमनाथकी जात, मानैकी जात, लासकी जात | शिखरकी जात, गैरकी जात, मालिकार्जुनकी जात |
| | पागडो, मुणेठो तथा गलोफन्दुको परिचय प्रयोग र यसको महत्व | हैकलमला र झुमझुमीको परिचय | स्थानीय पहिरनलाई संरक्षण गर्ने उपायहरु |
| | हुन्शिखर देवताको इतिहास | मालिकार्जुन देवताको ऐतिहासिक महत्व | धार्मिक सम्पदा संरक्षणमा समाज, संघसंस्था र स्थानीय सरकारको भूमिका |

| | | | |
|---|---|---|---|
| | आफ्नो गाउँअन्तर्गत रहेका महत्वपूर्ण सामुदायिक वनहरु | आफ्नो वडा अन्तर्गत रहेका महत्वपूर्ण सामुदायिक वनहरु | आफ्नो गाउँपालिका अन्तर्गत रहेका महत्वपूर्ण सामुदायिक वनहरु |
| | उकु गाड | भर्तोला गाड | महाकाली नदीको परिचय र महत्व |
| | बलशिखर दमौरा क्षेत्र | हुनैनाथ पर्यटकीय क्षेत्र | ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय क्षेत्र उकु महल |
| हाम्रो भाषा र बोलीचाली | स्थानीय स्तरमा प्रयोग हुने पहिरन र गरगहना सम्बन्धी शब्दहरु राज, बुक्सट, बन्डी, मुणेठो, पागणो, कन्ज्यणी, हैकल माला, पैणा, मुनणा, गलोफन्द) | स्थानीय स्तरमा प्रयोग हुने शब्दहरूको वाक्यमा प्रयोग | स्थानीय स्तरमा प्रयोग हुने शब्दहरूको वाक्यमा प्रयोग |
| | व्यवहारिक जीवनमा प्रयोग हुने शब्दहरूको वाक्य रुपान्तरण | व्यवहारिक जीवनमा प्रयोग हुने शब्दहरूको प्रयोग गरी अनुच्छेद लेखन | संवाद लेखन |
| | स्थानीय होरी गीत, देउडा गीत (खेल्ने र गाउने अभ्यास) | सगुन, फाग, झोडो, संजेवाली, देउडा, ठाडी भाकाका गीत गाउने अभ्यास | हुड्केली, भाडाहा, चैतेलो, देउडा खेल्ने र गाउने अभ्यास |
| | दमउ बजाउने अभ्यास | बिगुल हुड्को र मिजरा बजाउने अभ्यास | मसकबीन, बिकुल बजाउने अभ्यास |
| | झ्याउरे नाँच | हुड्केली नाँच ढुस्को | छलिया नाँच |
| | जिल्लाको पहिलो विद्यालय माध्यमिक विद्यालयको इतिहास | शङ्करपुर क्याम्पसको परिचय | स्थानीय स्तरमा रहेका प्रहरी चौकीको परिचय र कार्य |
| | | | राजनीतिज्ञ प्रेम सिंह धामी |
| | वडा नं. ३ र ४ को समुदायगत मुख्य विशेषता | वडा नं. ५ र ६ को समुदायगत मुख्य विशेषता | वडा नं. ७ र ८ को समुदायगत मुख्य विशेषता |
| हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | बाखापालन व्यवसाय | कुखुरापालन र<br>ससापालन व्यवसाय | मौरीपालन र पुष्प व्यवसाय |

| | | | |
|---|---|---|---|
| | अचार उद्योग | पात्थर खान | काष्ठ उद्योग |
| | आँसीले घाँस काट्ने अभ्यास | बल्लु जोतेर मई चलाउने अभ्यास | हलो चलाउने अभ्यास |
| | ओखल मुसलको प्रयोग अभ्यास<br>दलनी र जातराको प्रयोगअभ्यास | धान गाड्डु,मकै गोड्डु, सुप्पाले लिफन्ने अभ्यास | लिखु लगााउने अभ्यास गुड बनाउने प्रविधि |
| | ग्रील उद्योग | नर्सरी व्यवसाय | यातायात व्यवसाय, ढुवानी सेवा र नोकरी |
| | जौलजिवी | मलिकार्जुन मड | पस्ती |
| विपद् व्यवस्थापन | काठा लोट्टुबाट बच्ने उपायहरु | डाल तथा हिँउपर्ने बेला अपनाउने सावधानीहरु | गाज्युँ र सउला काट्दा अपनाउने सावधानीहरु |

## ८. पाठ्यवस्तुको विस्तृतीकरण :

### ८.१. कक्षा एकको पाठ्यवस्तुको विस्तृतीकरण:

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | आफ्नो परिचय दिन ।<br>-आफू बस्ने पालिकाको नाम भन्न । | व्यक्तिगत परिचय<br>गाँउपालिकाको नाम | -सर्वप्रथम शिक्षकले अभिवादन सहित आफू र आफू बस्ने टोलको परिचय दिने ।<br>-प्रत्येक विद्यार्थीहरूलाई आ-आफ्नो परिचय दिन लगाउने ।<br>-आफू बस्ने टोलको नाम भन्न लाई प्रोत्साहित गर्ने । विद्यार्थीहरूलाई पालिकाको बारेमा नाम सहितको सामान्य परिचय दिने ।<br>-विद्यार्थीहरूलाई पालैपालो आफ्नो पालिकाको नाम भन्न लगाउने । | आफ्नो र आफ्नो टोलको परिचय दिन सके नसकेको अवलोकन गर्ने ।<br>आफू बस्ने पालिकाको नाम भन्न सकेनसकेको अवलोकन गरी पृष्ठपोषण दिने । |

| | | | | |
|---|---|---|---|---|
| २. हाम्रो दैनिक जीवन | साबुन पानीको प्रयोग गरी हात खुट्टा र मुख धुन | स्वास्थ्य सरसफाइ (हात खुट्टा र मुख) | सर्वप्रथम विधार्थीहरूलाई शिक्षकले आफै हात मुख र खुट्टा धुने तरिका सिकाउने ।<br>शिक्षकले साबुन पानीको प्रयोग गरी हात धुने विधिहरु सिकाउने<br>विधार्थीहरूलाई पालै पालो हात, खुट्टा र मुख धुन लगाउने । | विधार्थीहरूले साबुन र पानीको प्रयोग गरी हात, खुट्टा र मुख सफा सँग धोए नधोएको अवलोकन गर्ने । |
| | हातहरूको सुक्ष्म व्यायामको अभ्यास गर्न | सुक्ष्म व्यायाम (हत्केला, औंला, मुठी, कुहिना, पाखुरा तथा दुबै हात जोडेर गरिने प्रयोग | शिक्षकले हातको औंला, मुठी, हत्केला, कुहिना, पाखुरा तथा दुवै हात जोडेर गरिने सुक्ष्म व्यायामको प्रर्दशन गर्ने विधार्थीलाई शिक्षकले सिकाएका सुक्ष्म व्यायामहरूको अभ्यास गर्न लगाउने | विधार्थीहरूले हातहरूको सुक्ष्म व्यायामको प्रर्दशन गर्न लगाउन |
| | तुलसी, अमला र हरडोको पहिचान गर्न | जडीबुटी (तुलसी, अमला र हरड्ो) | शिक्षकले तुलसी, अमला र हरडो जडिबुटीहरू देखाएर विधार्थीहरूलाई चिनाउने ।<br>विधार्थीहरूलाई जडिबुटीको नाम सुनाउँदै भन्न उत्प्रेरित गर्ने । | विद्यार्थीहरूले जडीबुटी चिन्न सके नसकेको हेरी पृष्ठपोषण दिने । |
| | स्थानीय खेल चिँ मुसी चिँ खेल्न | स्थानीय खेल चिँ मुसी चिँ | शिक्षकले चिँ मुसी चिँ खेलको गीतसहित विधि तथा प्रक्रिया प्रर्दशन गर्ने ।<br>विधार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरी चिँ मुसी चिँ खेल खेल्न लगाउने । | चिँ मुसी चिँ खेल गीत सहित खेल्न सके नसिकेको मूल्याङ्कन |
| ३. हाम्रो सस्कृति | स्थानीय पर्वहरू गोरा, सउन त्यार, बिसपती पुषत्यार र नरहरीको नाम भन्न | स्थानीय स्तरका चाडपर्वहरू(गोरा, सउन त्यार, बिसपती पुषत्यार र नरहरी) | शिक्षकले विधार्थीहरूसँग स्थानीय स्तरमा मनाइने त्यारहरूको बारेमा छलफल गर्ने ।<br>गौंरा, सउन त्यार, बिसपती, पुषत्यार र नरहरीको नाम भन्न उत्प्रेरित गर्ने । | विधार्थीहरूले स्थानीय स्तरका चाडपर्वहरूको नाम भन्न सके नसकेको जानकारी लिने । |
| ३. हाम्रो सस्कृति | आफ्नो गाँउटोलमा रहेका स्थानीय देवी देवताहरूको पहिचान गर्न | स्थानीय स्तरका देवीदेवताहरु | शिक्षकले स्थानीय स्तरका देवी देवताहरूको नाम बताउने ।<br>विधार्थीहरूलाई आफ्नो गाँउ तथा टोलमा रहेका स्थानीय देवी देवताहरूका नाम भन्न लगाउने | स्थानीय देवी देवताहरूका नाम भन्न सके नसकेको मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३. हाम्रो सस्कृति | स्थानीय स्तरमा मनाइने धार्मिक क्रियाकलाप हरूमा सहभागिता जनाउन | हाम्रा धार्मिक क्रियाकलापहरु (न्वारन, ब्रर्तबन्ध, श्राद्ध र नाज खुवाउने) | विद्यार्थीहरूबाट धार्मिक क्रियाकलापहरूमा सहभागिता जनाए नजनाएको जानकारी लिने ।<br>शिक्षकले न्वारन, ब्रर्तबन्ध, श्राद्ध र नाज खुवाउने जस्ता धार्मिक क्रियाकलापहरूको बारेमा जानकारी दिने र सहभागिता जनाउन प्रोत्साहित गर्ने । | अभिभावक सम्पर्क |
| ३. हाम्रो सस्कृति | स्थानीय स्तरका पहिरनहरूको नाम पहिचान गर्न | स्थानीय स्तरका पहिरनहरू मुणेठो, पागडो, घाँगरो, आङडो, ठाडीधोती, झकुलो, कमरज्यौडी | स्थानीय स्तरका पहिरनहरूको चित्र वा वास्तविक सामग्री प्रर्दशन गरी पहिचान गर्न लगाउने । | विद्यार्थीहरूलाई चित्र देखाई पहिरनको पहिचान गर्न लगाउने । |
| ३. हाम्रो सस्कृति | स्थानीय स्तरमा रहेका माणौका नाम पहिचान गर्न | स्थानीय स्तरका माणौहरू (लटबाब, मालिकार्जुन, कैलपाल, बालिचन, भगवती) | स्थानीय स्तरका माणौहरूको बारेमा छलफल गरी<br>स्थानीय स्तरका माणौहरूको नाम बताइदिने र नाम भन्न उत्प्रेरित गर्ने । | स्थानीय स्तरका माणौहरूको नाम भन्न लगाउने |
| ३. हाम्रो सस्कृति | आफ्नो वरपरका नदी तथा खोलाहरूको नाम बताउन | स्थानीय नदी तथा खोला | शिक्षकले विधार्थीहरूलाई आफ्नो वरपरका नदी तथा खोलाहरूको नाम सोध्दै छलफल गर्ने ।<br>विधार्थीहरूलाई स्थानीय स्तरका नदी तथा खोलाहरूका सम्भव भएसम्म अवलोकन भ्रमण गराउने । | आफ्नो वरपरका नदी तथा खोलाहरूको नाम सोध्ने र रुजु गर्ने । |
| ३. हाम्रो सस्कृति | आफ्नो गाउँ वरपर रहेका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न | आफ्नो गाउँ वरपर रहेका पर्यटकीय क्षेत्रहरू | शिक्षकले गाउँ स्तरका पर्यटकीय क्षेत्रहरूको बारेमा सामान्य जानकारी गराई कुनै एकको अध्ययन भ्रमण गराउने । | कुनै एक पर्यटकीय स्थलको नाम भन्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| ४. हाम्रो समुदाय | नाता बोधक शब्दहरूको व्याहारिक जीवनमा प्रयोग गर्न | स्थानीय भाषाका नाताबोधक शब्दहरू जस्तै बुना, बुनी, ईजा, बाबा, बुबु, आमा, दादा, दिदी) | विधार्थीहरूलाई स्थानीय भाषाका नाताबोधक शब्दहरूको प्रयोग गरी संवादको माध्यमबाट नाता भन्न लगाउने । | नाताबोधक शब्दहरूको प्रयोग गर्न सके नसकेको हेर्ने |
| | स्थानीय बाल गीत गाउदै नाच्न | स्थानीय गीत तथा नाँच | स्थानीय बाल गीत र नाँच भिडियाको माध्यमबाट देखाउने<br>विद्यार्थीहरूलाई एकल अथवा सामुहिक रुपमा बाल गीत गाँउन र नाँच्न अभ्यास गराउने । | बाल गीत गाउँन तथा नाच्न सके नसकेको मूल्याङ्कन गर्ने । |
| | स्थानीय बाजाहरूको पहिचान गर्न | स्थानीय बाजाहरू दमउ, झ्याली | स्थानीय बाजाहरू दमउ, झ्याली देखाई छलफल गराउने<br>भिडियोका माध्यमबाट दमौ र झ्याली प्रर्दशन गरी नाम भन्न प्रोत्साहित गर्ने । | दमौ र झ्यालीको चित्र देखाई चिन्न सके नसकेको अवलोकन गर्ने |
| ५. हाम्रो वरपरको संसार | स्थानीय स्तरमा पाइने अन्नसँग परिचित हुन | अन्नहरू धान, गँहु, मकै, कोदो, भट्ट | शिक्षकले धान, गँहु, मकै, कोदो, भट्टको दानाहरू सङ्कलन गर्ने ।<br>विद्यार्थीहरूलाई अन्नका दानाहरूसँग परिचित गराउने । | धान, गँहु, मकै, कोदो, भट्ट आदि लाई एकै ठाउँमा राखेर अलग अलग छुट्याउन लगाई नाम भन्न लगाउने |
| | स्थानीय स्तरमा सञ्चालित उद्योगहरूको पहिचान गर्न | स्थानीय स्तरमा सञ्चालित उद्योगहरू घट्ट, कोलु, बनियान बुन्ने, मैनबत्ती बनाउने र मसला उद्योग | स्थानीय स्तरमा विद्यालय नजिक उपलब्ध भएका उद्योगहरू अवलोकन गरी परियोजना कार्य गराउने ।<br>उपलब्ध नभएका उद्योगहरू लाई भिडियो. वा चित्रका माध्यमबाट देखाउने ।<br>स्थानीय स्तरमा रहेका उद्योगको नाम भन्न प्रोत्साहित गर्ने । | उद्योगको चित्र देखाई विधार्थी हरूलाई छुट्याउन लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | कृषि औजारको पहिचान गर्न । | कृषि औजार हलो, फालो, कुड, दावो, जुँ, मुङरो, गिरेठो, सिप्को र हलेना | कृषि औजारहरूको प्रत्यक्ष अवलोकन गराई ती औजारहरू पहिचान गर्न लगाउने ।<br>कृषि औजारहरूको सुची बनाई सेतो पाटीमा लेख्ने र विद्यार्थीहरूलाई पनि लेख्न लगाउने । | कृषि औजार देखाई तिनीहरूको नाम पहिचान गर्न सके नसकेको अवलोकन गर्ने । |
| | स्थानीय प्रविधिसँग परिचित हुन् | स्थानीय प्रविधि जातरो, ओखल, मुसल, दलनी, सीलो, लोडो | जातरो, ओखल, मुसल, दलनी, सीलो, लोडोको प्रत्यक्ष अवलोकन गर्न लगाउने । | चित्रमा देखाई जातरो, ओखल, मुसल, दलनी, सीलो, लोडालाई छुट्याउन सके नसकेको हेर्ने । |
| | भर्तोलाबजारको परिचय दिन | स्थानीय भर्तोला बजार | विधार्थीहरूलाई मालिकार्जनु गा.पा.को नक्सा देखाई भर्तोला बजारको परिचय गराउने ।<br>भर्तोला बजारको अवलोकन भ्रमण गर्न लगाउने | भर्तोला बजारको परिचय दिन सके नसकेको अवलोकन गर्ने । |
| | भल, पैरो, भइसालो जस्ता विपद् खअ हहरूबाट सजग रहन | भल, पैरो, भुइसालोबाट सजगता | विधार्थीहरूलाई भल, पैरो, भइसालोका असरहरू बारे जानकारी गराउँदै यसबाट सजग रहन अपनाइने उपायहरूमा छलफल गर्ने । | सजग रहने उपाय अपनाउन सके नसकेको अवलोकन गर्ने । |

## ८.२. कक्षा दुईको विस्तृतीकरण :

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्यव क्रियाकलाप | सम्भाव्य मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | परिवारमा रहेका सदस्यहरूको सङ्ख्या भन्न | आफ्नो परिवारका सदस्य सङ्ख्या | शिक्षकले विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्य सङ्ख्या भन्न प्रोत्साहित गर्ने ।<br>आफ्नो परिवारमा रहेका सदस्य सङ्ख्याको बारेमा साथीहरूको बिचमा छलफल गर्न लगाउने । | आफ्नो परिवारका सङ्ख्या भन्न सके नसकेको अवलोकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | परिवारका सदस्यसँगको नाता बताउन | परिवारका सदस्यसँगको नाता | परिवारमा रहेका सदस्यहरूको नाताबारे छलफल गर्दै आफूभन्दा ठूलो र आफूभन्दा सानो सदस्यहरू को को छन् भन्न उत्प्रेरित गर्ने । | परिवारमा रहेका सदस्यहरूको नाता छुट्याउन लगाउने । | |
| | पालिकाभित्र रहेका वडा सङ्ख्या भन्न । आफु बस्ने वडाको वडा कार्यालय रहेको स्थान पहिचान गर्न । | वडाको परिचय(पालिका अन्तर्गतका वडा सङ्ख्या र आफ्नो वडा कार्यालय) | शिक्षकले पालिकाको नक्सा प्रदर्शन गरी पालिकाभित्रका वडाहरूको सङ्ख्या बारे छलफल गराउने । वडा कार्यालय रहेको स्थानबारे छलफल गर्दै आफ्नो वडा कार्यालय रहेको स्थान पहिचान गर्न लगाउने । | पालिकाभित्र रहेका वडा सङ्ख्या र आफु बस्ने वडाको वडा कार्यालय पहिचान गर्न सके नसकेको छुट्याउने । | |
| २. हाम्रो दैनिक जीवन | व्यक्तिगत सरसफाइ गर्न | स्वास्थ्य सरसफाइ र पोषण (नुहाउने, हातमुख धुने, नङ काट्ने) | विद्यार्थीहरूलाई साबुन पानीले चरणबद्ध रुपमा हात धुने तरिका भिडियोद्वारा देखाई छलफल गर्ने । शिक्षकले चरणअनुसार हात धोई विद्यार्थीलाई पनि सोहीअनुसार गर्न लगाउने । नङ काटनुका फाइदाहरू बारे बताउदै विद्यार्थीहरूलाई नङ काट्न प्रेरित गर्ने नङ काट्ने अभ्यास गर्ने । | विद्यार्थीहरूले चरणबद्ध रुपमा हात मुख धोए नधोएको र नङ काटे नकाटेको अवलोकन गर्ने । | |
| | हात र खुट्टाको सुक्ष्म व्यायम गर्न | सुक्ष्म व्यायाम | शिक्षकले हात र खुट्टाको सूक्ष्म व्यायामहरू चरणबद्ध रुपमा प्रदर्शन गरी सोहीअनुसार विद्यार्थी हरूलाई पनि गर्न लगाउने । | हात र खुट्टाको सुक्ष्म व्यायाम विद्यार्थीहरूले गरे नगरेको हेर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान गर्न | स्थानीय जडीबुटी (टिमुर, अलैची, दालचिनी) | शिक्षकले टिमुर, अलैची, दालचिनी जस्ता जडिबुटीहरूका वास्तविक नमुना देखाई विद्यार्थीहरूलाई नाम पहिचान गर्न लगाउने । | वास्तविक नमुनाहरू देखाई नाम सोध्ने र नाम पहिचान गर्न सके नसकेको अवलोकन गर्ने । | |
| | एक्का दुक्का खेल खेल्न | स्थानीय खेल(एक्का दुक्का) | शिक्षकले एक्का दुक्का खेल खेलेर देखाउने।<br>विद्यार्थीहरूलाई समुहमा एक्का दुक्का खेल खेल्न लगाउने । | नियमबद्ध रुपमा विद्यार्थीहरूले खेल<br>खेले नखेलेको मूल्याङ्कन गर्ने । | |
| हाम्रो परम्परा संस्कृति र मूल्य मान्यता | बुढी पोल्ने त्यार र विसुपती त्यारमासहभागिता जनाउन । | स्थानीय चाँडपर्व (बुढि पोल्ने र बिसुपती) | आफ्नो समुदायमा मनाइने चाँडपर्वहरूको बारेमा छलफल गरी विसुपती तिहार र बुढी पोल्ने तिहारको बारेमा जानकारी गराउदै सहभागिता जनाउन उत्प्रेरित गर्ने । | अभिभावक सर्म्पक | |
| | स्थानीय देवीदेवताको नाम पहिचान गर्न । | स्थानीय देवीदेवता (मालिकार्जंन, लटिबाब, कैलपाल) | स्थानीय देवीदेवताहरूको बारेमा छलफल गरी नाम लेख्न लगाउने । | स्थानीय देवीदेवताको नाम लेखे नलेखेकोपहिचान गर्ने । | |
| | आफ्नो टोल छिमेकमा मनाइने धार्मिक क्रियाकलापहरूमा सहभागी हुन् | धार्मिक क्रियाकलाप (ब्या, सत्यनारायण पुजा, न्वौली गोरिया, न्वाँकी) | आफ्नो टोलछिमेकमा मनाइने धार्मिक क्रियाकलापहरूको बारेमा छलफल गरी त्यस्ता क्रियाकलापहरूमा सहभागिता जनाउन उत्प्रेरित गर्ने । | अभिभावक सम्पर्क गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय गरगहनाहरूको पहिचान गर्न । | स्थानीय पहिरन (सुता, पैडा, नथ, बुलाकी, झुमझुमी, मुनणा, गलोफन्दु, बाला,पैजु) | शिक्षकले आफ्नो छरछिमेकमा रहेको पहिरन बारे चित्रसहित छलफल गर्ने विद्यार्थीलाई घरपरिवारमा प्रयोग हुने पहिरनको नाम भन्न लगाउने | विद्यार्थीले हाम्रा पहिरनको नाम भन्न सके नसकेको अवलोकन गर्ने | |
| स्थानीय धार्मिक सम्पदा | स्थानीय स्तरमा रहेका धार्मिक सम्पदा (माणौ) बारे परिचित हुन् | स्थानीय स्तरमा रहेका माणौका नाम (सोविनाथ, कालिछीन, तमैराज,भगवती, हुन्शिखर, फड्क्या,भौनेली, शिवनाथ, उदयदेव, समैजी) | शिक्षकले स्थानीय स्तरमा रहेका माणौहरूको नाम बताई दिने । विद्यार्थीहरूसँग स्थानीय माणौंहरूका बारेमा छलफल, प्रश्नोउत्तर गर्ने र विद्यालय नजिक रहेको माणौको भ्रमण गर्ने । | विद्यार्थीहरूले स्थानीय स्तरका माणौहरूका नाम भन्न सके नसकेको मुल्याङ्कन गर्ने । | |
| | आफ्नो वडा भित्रका नदी तथा खोलाको नामसँग परिचित हुन । | स्थानीय नदी ताल तथा खोला | आफ्नो वडाभित्र रहेका ताल तथा खोलाको बारेमा छलफल गर्ने । विद्यार्थीहरूलाई वडा भित्रका ताल तथा खोलाका नाम स्पष्ट परिदिने | आफ्नो वडाभित्र रहेका ताल तथा खोलाको नाम साध्ने । | |
| | आफ्ने वडा भित्र रहेका पर्यटकीय क्षेत्रहरूको नाम पहिचान गर्न । | स्थानीय पर्यटकीय क्षेत्र | विद्यार्थीहरूलाई वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको चित्र देखाई छलफल गर्ने । विद्यालय नजिक रहेका पर्यटकीय क्षेत्रहरूको भ्रमण गराउने । | विद्यार्थीहरूले आफ्नो वडा भित्रका पर्यटकीय क्षेत्रहरूको नाम पहिचान गर्न सके नसकेको अवलोकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो भाषा र बोलिचाली | स्थानीय स्तरमा भान्सा (चुलो) मा प्रयोग हुने सामग्रीका शब्दहरू पहिचान गर्न । | स्थानीय भाषाका शब्दहरू (टम्क्या, ठेल्वा, त्वा, थालो, बेल्या, पाराद) | विद्यार्थीहरूलाई भान्छा कोठामा प्रयोग हुने समग्रीहरूका चित्र देखाई नाम पहिचान गर्न लगाउने ।<br>भान्छामा प्रयोग हुने सामग्रीका नाम पालैपालो उच्चारण गर्न लागाउने । | विद्यार्थीहरूलाई भान्छामा प्रयोग हुने सामग्रीको नाम सोध्ने र स्पष्ट रुपमा भन्न सके नसकेको मूल्याङ्कन गर्ने । | |
| लोक गीत बालगीत र नाच | स्थानीय बाल गीत गाउन । | स्थानीय गीत स्थानीय साहित्य | शिक्षकले स्थानीय बालगीत भिडियोको माध्यमबाट विद्यार्थीहरूलाई सुनाउने ।<br>स्थानीय बालगीत शिक्षकले गाउने र विद्यार्थीहरूलाई सँगै गाउन लगाउने ।<br>एकल तथा सामुहिक रुपमा बालगीत गाउने अभ्यास गराउने । | स्थानीय बालगीत गाउने प्रतियोगीता गर्ने । | |
| | स्थानीय बजाहरूको पहिचान गर्न | स्थानीय बाजा(वउँ, दाइन दमउ, मसकिबिन, हुड्को, बासुली | विद्यार्थीहरूलाई सुचना प्रविधिबाट स्थानीय बजाहरूको धुन सुनाएर नाम पहिचान गर्न लगाउने ।<br>चित्र देखाई बाजाहरूको नाम भन्न प्रोत्साहित गर्ने । | विद्यार्थीहरूले स्थानीय बाजाहरूको नाम स्पष्ट रूपमा भन्न सके नसकेको मूल्याङ्कन गर्ने । | |
| | स्थानीय बालगीतमा नाच्न | स्थानीय बालगीतमा नाच | स्थानीय बालगीतमा नाच्ने अभ्यास गराउने । | नाच्न सके नसकेको अवलोकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो पेसा व्यवसाय प्रविधि र आर्थिक क्रियाकलाप | अन्नको नाम पहिचान गर्न । | स्थानीय स्तरमा उत्पादन हुने अन्नका नाम (कउन, चिनो, माधुरो, बाजुरो, चुवा, भँगेरो) | स्थानीय स्तरमा उपलब्ध हुने अन्नका वास्तविक नमुनाहरू देखाई विद्यार्थीहरूलाई नाम पहिचान गर्न लगाउने । सूचना प्रविधिको माध्यमबाट स्थानीय अन्नका चित्र देखाई छलफल गर्ने । | स्थानीय स्तरमा उत्पादन हुने अन्नको नाम पहिचान गर्न सके नसकेको अवलोकन गर्ने । | |
| | स्थानीय उद्योगबाट उत्पादित वस्तुका नाम भन्न | स्थानीय उद्योगबाट उत्पादित वस्तुहरू (पिठो, तेल, चिउरी, घिउ, टोपी, गलबन्दी, हल्दोको धुलो) | कुन वस्तु कुन उद्योगबाट उत्पादन हुन्छ भनेर चित्र देखाई स्पष्ट पार्ने । आफ्नो स्थानीय स्तरमा भएका उद्योगहरू बारे छलफल गर्ने । | स्थानीय उद्योगबाट उत्पादन हुने वस्तुहरूका नाम सोध्ने । | |
| | स्थानीय कृषि औजार हरूको नाम पहिचान गर्न | स्थानीय कृषि औजारका नाम (मइ, सैलो, हल्युणो, जत्युडो, डलाइचो, कोथलो) | विद्यार्थीहरूलाई स्थानीय स्तरमा उपलब्ध हुने कृषि औजारका वास्तविक वस्तुहरू देखाई नाम पहिचान गर्न लगाउने । | स्थानीय कृषि औजारको नाम भन्न सके नसकेकोपहिचान गर्ने । | |
| | स्थानीय प्रविधिको नाम र काम बताउन | स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूका चित्र देखाई तिनिहरूको नाम र काम बारे स्पष्ट पार्ने । | नाम र काम थाहा भए नभएको पहिचान गर्ने । | |
| | स्थानीय बजार( ठिङखान) को सामान्य परिचय दिन | स्थानीय बजार | ठिङखान बजारको फोटो देखाई जानकारी गराउने र परिचय दिन लगाउने | ठिङखान बजारकोसामान्य परिचय दिन सके नसकेको मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद्का नामहरू पहिचान गर्न | विपद् (अगलागी, पहिरो (आम्पेड र ज्यूनाडाको पहिरो) | विपद्हरूका चित्र तथा भिडियोहरू देखाई विपद्का नाम स्पष्ट पार्ने आमपेड ज्यूनडाको पैरोको चित्र देखाई छलफल गर्ने<br>ज्यूनडा आम्पेडको पहिरो चित्रमा देखाई यसले मानव जीवनमा परेका असरहरू बारे बताउने | विपद्कानामहरू पहिचान गर्न सके नसकेको अवलोकन गर्ने । | |

## ८.३. कक्षा ३ (तीन) को पाठ्यवस्तुको विस्तृतीकरणः

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य कार्यकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | आफ्नो गाउँको नाम र वडा नं. बताउन | गाउँको नाम र वडा नं. | सम्पुर्ण विधार्थीहरूलाई पालै पालो आफ्नो गाउँको नाम र वडा न भन्न लगाउने र भन्न नसकेमा शिक्षकले सहयोग गर्ने । | प्रत्येक विद्यार्थीलाई आफ्नो गाउँको नाम वडा नं भन्न लगाउने । | |
| | वडाको साध सीमाना बताउन | वडाको साँध सीमाना | गाउँपालिकाको नक्सा देखाई सम्बन्धित वडाको साध सीमानाका बारेमा छलफल गर्ने । | प्रत्येक विधार्थीलाई आ-आफ्नो वडाको साध सीमाना प्रस्तुत गर्न लगाउने । | |
| | आफ्नो टोलमा रहेका घरधुरी सङ्ख्याको सुची बनाउन | प्रत्येक टोलमा रहेका घरधुरी सङ्ख्या | विद्यार्थीहरूलाई आफ्नो टोलमा रहेका घरधुरी सङ्ख्या बारे छलफल गर्ने ।<br>अभिभावकको सहयोगमा विद्यार्थीहरू लाई आ-आफ्नो टोलको घरधुरी सङ्ख्याको सूची बनाएर ल्याउन लगाउने । | तपाईंको टोलमा कति घरधुरी छन भनि प्रत्येक विद्यार्थीहरूलाई सोध्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य सरसफाइ, पोषण, योग, ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | विद्यालय वरिपरिको सरसफाइ गर्न | स्वास्थ्य सरसफाइ, पोषण | विद्यार्थीहरूलाई विद्यालय परिसरभित्रको सामान्य सरसफाइका कार्यहरू गराउने ।<br>विद्यार्थीहरूलाई आफ्नो कक्षाकोठा सफा गरी फोहोर व्यवस्थापन गर्न लगाउने । | परियोजना कार्य गर्न लगाउने । | |
| | सुक्ष्म व्यायामको अभ्यास गर्न | योग, ध्यान र साधना | शिक्षकले आई.सी.टी.का माध्यमबाट सूक्ष्म व्यायाम गरिएका फोटो तथा भिडियोहरू देखाउने ।<br>शिक्षकले सूक्ष्म व्यायामहरू गर्ने र विद्यार्थीहरूलाई गर्न लगाउने । | अवलोकन गर्ने । | |
| | एक खुट्टे खेल खेल्न | एक खुट्टे खेल | एक खुट्टे खेल कसरी खेलिन्छ भनी विद्यार्थीहरूलाई सोध्ने ।<br>विद्यार्थीहरूलाई खेलमैदानमा लागि समुहमा खेल खेलाउने । | अवलोकन गर्ने । | |
| हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | गौंरा पर्वको परिचय दिन | गौंरा पर्व | समुह बनाई गौंरा पर्वका बारेमा छलफल गर्न लगाउने ।<br>भिडियोको माध्यमबाट गौंरा पर्वको बारेमा जानकारी गराउने । | गौंरा पर्व कस कसले कसरी मनाउछन ?<br>बिरुडा भनेको के हो ? | |
| | स्थानीय स्तरका मठ मन्दिरहरूमा पुंजा गरिने देवी देउताहरूको नाम बताउन | स्थानीय स्तरका देवी देवताहरू | स्थानीय स्तरमा भएका देवी देवताहरूको<br>ऐतिहासिक महुवका बारेमा जानकारी दिदै कुन कुन देवी देवताको पूजा गरिन्छ ? छलफल गर्ने । | तपाइँको स्थानीय स्तरमा कुन कुन देवी देवताको पुजा गरीन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्वारनको परिचय दिन | न्वारनको परिचय | आफ्नो घर छिमेकमा न्वारनमा सहभागी भए नभएको सोधपुछ गर्ने न्वारनको परिचय दिदै सहभागी हुन प्रेरित गर्ने । | न्वारन के लाई भनिन्छ ? | |
| | स्थानीय पहिरनसँग परिचित हुन | स्थानीय पहिरन (आङडो घाँगरो तथा मुनडा) | स्थानीय पहिरनका वास्तविक नमुना प्रदर्शन गरी छलफल गर्ने र आङडो घाँगरो तथा मुनडासँग परिचित गराउने । | विद्यार्थीहरू लाई आङडो घागरो तथा मुनडाको चित्र देखाई कुन वस्तु के हो भनी प्रश्न गर्ने | |
| | स्थानीय भगवती माताको पुजामा सहभागिता जनाउन | भगवती माताको पुजामा सहभागिता (मानै, ठिङ, गैर आमा, बजानी) | भगवती माताको मन्दिरहरूको क्षेत्र भ्रमण गराउने र पूजा तथा जात्रामा सहभागिताका लागि उत्प्रेरित गराउने । | सहभागिताको अवलोकन | |
| | छिमेकी वडाको नदी तथा खोलाकोनामसँग परिचित हुन | छिमेकी वडाको नदी तथा खोलाको नाम | विद्यार्थीहरूलाई आफ्नो छिमेकमा रहेका खोला तथा नदीहरू के के छन् भनी सोध्ने । शिक्षकले छिमेकी वडामा रहेका नदी तथा खोलाहरूको बारेमा जानकारी गराउने । नक्साको माध्यमबाट खोला तथा नदीहरू चिनाउने । | तपाईंको छिमेकी वडामा रहेका खोलाहरूको नामको सुची बनाउनुहोस् । तपाईंको छिमेकी वडामा रहेका खोला तथा नदीहरूको नाम भन्नुहोस् । | |
| | आफ्नो छिमेकी वडाभित्र रहेका पर्यटकीयक्षेत्रको नाम बताउन | छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्र | नजिकको वडाभित्र रहेका पर्यटकीय स्थलहरूको क्षेत्र भ्रमण गराई छलफल गर्ने र विभिन्न फोटो तस्विर र नक्सा देखाई तिनीहरूको सुची बनाउन लगाउने | तपाईको छिमेकी वडाहरूमा रहेका मुख्य पर्यटकीय क्षेत्र हरूको सुची बनाएको हेर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो भाषा र बोली चाली | कृषि र पशुपालनमा प्रयोग हुने विभिन्न शब्दहरूको बारेमा परिचित हुन | कृषि र पशुपालन (गोरु, बल्लु, बाकरो, दरुँवा, ज्यडो, आँसी, बउसो, कुटो, हलो, दाब्लो, गिरेठो, फालो हल्युणे, जत्युणो, सैलो) | स्थानीय स्तरमा कृषि र पशुपालनमा प्रयोग गरीने शब्दहरूको सूची बनाउन लगाउन वास्तविक वस्तु अथवा चित्रका माध्यमबाट शब्दको अर्थबोध गराई चिनाउने । | चित्र देखाएर कृषि र पशुपालनमा प्रयोग हुने शब्दहरूको सुची बनाउन लगाउने | |
| लोकगीत, बाल गीत र नाँच | स्थानीय बाल गीतहरू यति, गति र लय मिलाई गाउन | स्थानीय बाल तथा लोक गीत | स्थानीय स्तरमा गाइने गीत विद्यार्थीहरूलाई शिक्षक सँगै गाउन लगाउने । | विद्यार्थीहरूलाई पालै पालो बाल गीत गाउन लगाउने | |
| | स्थानीय स्तरमा प्रयोग गरिने बाजाहरूको नाम बताउन | स्थानीय बाजाहरूको नाम -मिजरा, चिम्टा, दमउ, मसकिबिन, हुड्को, बासुली, बिणै) | विद्यार्थीहरूलाई स्थानीय स्तरमा प्रयोग गरिने बिभिन्न बाजाहरू देखेका, सुनेका र बजाएका छौ कि भनी सोध्ने । आई.सी.टी.का माध्यम बाट अथवा वास्तविक बाजा ल्याएर कक्षा कोठामा प्रर्दशन गर्ने | चित्रमा विभिन्न बाजा देखाएर चिन्न लगाउने । | |
| स्थानीय संस्था र स्थानीय व्यक्तित्व | आफ्नो विद्यालयको परिचय दिन | विद्यालयको परिचय | विद्यार्थीहरूलाई आफु पढ्ने विद्यालयको नाम र ठेगाना सोध्ने शिक्षकले विद्यालयको परिचय दिन लगाउने | तपाई पढ्ने विद्यालयको परिचय दिनुहोस । | |
| हाम्रो पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | स्थानीय स्तरमा पाइने फलफूलहरूका नामहरू बताउन | स्थानीय फलफुल करमफल, आलपोखरा, अटिन्ने, आम, अमरोद, केला, काफल, आरु, चुक, सन्तुला, माल्टा | विद्यार्थीहरू लाई स्थानीय स्तरमा पाईने विभिन्न फलफुलहरूका नाम भन्न लगाई सेतो पाटिमा लेख्न लगाउने विभिन्न फलफुल कक्षा कोठामा प्रदर्शन गर्ने । | चित्र अथवा फलफुल देखाएर विद्यार्थीहरूलाई नाम सोधेर रुजु गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय प्रविधि (पानी घट्ट) सँग परिचित हुन | पानी घट्ट | घट्ट भएको स्थानको भ्रमण गराउने अथवा आई.सि.टी. का माध्यम बाट प्रदर्शन गर्ने । घट्ट र यसको महत्वका बारेमा बताउने | घट्टको परिचय एक अनुच्छेदमा लेखे नलेखेको जाच्ने । | |
| | कुटोको प्रयोग गर्न | कुटोको प्रयोग | शिक्षकले विद्यार्थीहरू लाई विद्यालयको बगैचामा लगेर कुटो व्यावहारिक प्रयोग गर्न लगाउने | कुटोको प्रयोग किन र कहाँ गरिन्छ ? | |
| | सिलो लोडोको प्रयोग अभ्यास गर्ने | सिलो लोडोको प्रयोग | तपाईहरू घरमा हल्दो खुर्सानी के मा पिस्छौ ? भनी सोध्ने । सिलो लोडोको प्रयोग र यसको महत्वको बारेमा स्पस्ट पार्ने सिलो लोडोमा मसला पिस्दा अपनाउनु पर्ने सावधानीका बारेमा जानकार गराउने । | बिभिन्न समुह बनाएर सिलो लोडोको प्रयोग गरी हल्दो खुर्सानी पिस्न लगाउने । | |
| | स्थानीय बजार मेलखेत सित परिचित हुन | मेलखेत | मेलखेत बजार मालिकार्जुन गा.पा.को वडा नं १ र ८ मा पर्छ भनी बताउने । मेलखेतको क्षेत्र भ्रमण गराउने अथवा गाउँपालिकाको नक्सा बाट प्रस्ट पार्ने । मेलखेत बजारका विशेषताहरू बताउने । | मेलखेत बजार कहाँ पर्छ ? मेलखेतका विशेषताहरू के-के हुन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बज्जरबाट बच्ने सावधानीहरू अपनाउन । | बज्जरबाट बच्ने उपाय | विद्यार्थीहरूलाई बज्जर भनेको एक प्राकृतिक विपद हो भनी प्रस्ट पारि दिने ।<br>बज्जरका लक्षण र यसबाट बच्ने उपाय र सावधानीका बारेमा जानकारी दिने । | बज्जरबाट बच्ने कुनै तीन उपाय हरू भन्नुहोस् वा लेख्नुहोस् । | |

## ८.४. कक्षा ४ (चार) को पाठ्यवस्तुको विस्तृतीकरण:

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | सम्भाव्य मूल्यांङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १) हाम्रो मालिकार्जुन | आफ्नो गाउँ सँग जोडिएका छिमेकी गाँउको पहिचान गर्न । | छिमेकी गाँउको नाम र सामान्य परिचय | आफ्नो गाउँको नाम भन्न उत्प्रेरित गर्ने । गाँउसँग जोएिका गाँउहरू बारे छलफल गरी छिमेकी गाउँको सामान्य परिचय प्रस्तुत गर्न लगाउने । | छिमेकी गाउँको सामान्य परिचय दिन लागउने । | |
| | हाम्रो पालिकाको सामान्य परिचय दिन । | पालिकाको सामान्य परिचय सदरमुकाम र वडा सङ्ख्या | पालिकाको मानचित्र देखाउदै पालिकाको सामान्य परिचय बारे छलफल गराउने पालिकाको सदरमुकाम रहेको स्थान र वडा सङ्ख्या लेख्न लगाउने । | पालिकाको सामान्य परिचय दिन सके नसकेको मूल्याङ्कन गर्ने । | |
| | पालिकाको लैङ्गिक विवरण प्रस्तुत गर्न । | पालिका भित्र बसोबास गर्ने पुरुष महिलाको जनसङ्ख्या । | पालिकाभित्र बसोबास गर्ने पुरुष महिला भएको जनसङ्ख्या चार्ट देखाई छलफल गर्ने र विद्यार्थीहरूलाई पनि लैङ्गिक विवरण भएको चार्ट प्रस्तुत गर्न लगाउने । | पालिका भित्रका महिला र पुरुषको सङ्ख्या तालिकामा प्रस्तुत गरे नगरेको जाँच्ने । | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २) स्वास्थ्य सरसफाइ, पोषण, योग ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | मौसम अनुसारका लुगा कपडा प्रयोग गर्न । समय सुहाउदो मौसम अनुकुल खाना खान । | मौसम अनुसारका लुगा, मौसम अनुसारका खाना । | मौसम अनुसारका लुगा लगाउन तथा खाना खान उत्प्रेरित गर्ने । कुन मौसममा कस्तो खाना खाइन्छ छलफल गर्ने, मौसम अनुसारका खानाको नामको सुची बनाउन लगाउने । | जाडो र गर्मी मौसममा लगाइने लुगा र खाइने खानाको सुची तयार गर्न लगाउने । | |
| | प्राणायामको अभ्यास गर्न । | प्राणायाम (अनुलोम, विलोम) | प्राणायामको (अनुलोम, विलोम, उद्धीत) प्रदर्शन गरी अभ्यास गर्न लगाउने । | अभ्यास गरेको हेर्ने । | |
| | टिमुरको उपयोगिता लेख्न र भन्न | टिमुरको प्रयोग | टिमुरको बोट तथा दाना देखाउदै त्यसको उपयोगिता बारे छलफल गर्ने ।<br>टिमुरको उपयोगिता हरू लेखेर प्रस्तुत गर्न लगाउने । | टिमुरको उपयोगिता बताउनुहोस् । | १ |
| | पिट्ठु खेल खेल्न | पिट्ठु खेल | पिट्ठु खेल खेल्ने तरिका बताउदै अभ्यास गराउने । | समुहमा खेल खेलाई खेल खेल्ने सिप विकास भए नभएको जाँच गर्ने । | |
| ३) हाम्रो परम्परा, संस्कृति र मूल्य मान्यता | स्थानीय चाडपर्वको महत्व पहिचान गर्न । | स्थानीय चाडपर्वको महत्व | स्थानीय चाडपर्वको महत्वको चार्ट बनाई प्रस्तुत गर्न लगाउने । | स्थानीय चाडपर्वको महत्वको सुची बनाएको रुजु गर्ने । | २ |
| | गौरा पर्वमा पुजा हुने देवी देवताको गाथा बताउन | गौरा पर्वमा पुजा हुने देवी देवताको गाथा बताउन | गौरा पर्वमा पुजा हुने देवी देवताको गाथा बारेमा जानकार भएका स्रोत व्यक्ति बोलाई प्रस्तुतीकरण गर्न लगाउने र विद्यार्थीलाई पनि गौरा पर्वको गाथा भन्न उत्प्रेरित गर्न । | गौरा पर्वमा पुजा हुने देवी देवताको गाथा भन्न सके नसकेको जाँच्ने । | ४ |
| | बर्‍याँतको परिचय र महत्व बताउन | बर्‍याँतको परिचय र महत्व बताउन | बर्‍याँतको परिचय र महत्व भएको चार्ट कक्षामा प्रदर्शन गरी छलफल गर्ने बर्‍याँत भैरहेको ठाँउमा अवलोकन भ्रमण वा बर्‍याँतको भिडियो प्रदर्शन गर्दै यसको महत्वको सुची बनाउन लगाउने । | बर्‍याँत भनेको के हो ?<br>बर्‍याँतको महत्व बताउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. हाम्रा धार्मिक/ प्राकृतिक र पर्यटकीय सम्पदाहरू | आफ्नो गाउँ टोलका माणौं हुने जातहरू सँग परिचित हुन | आफ्नो गाउँ टोलका माणौंमा हुने जातहरू | आफ्नो गाउँ टोलका माणौमा हुने जातहरूको भ्रमण वा भिडियो प्रदर्शन गरी तिनीहरूको परिचय दिन लगाउने । | आफ्नो गाउँ टोलका माणौमा हुने जातहरूको परिचय भन्न सके नसकेको जाँच्ने । | |
| | सुता र पैंडाको परिचय र विशेषता बनाउन | सुता र पैंडाको परिचय र विशेषता | सुता र पैडाको परिचय र विशेषता भएको चार्ट र चित्र वा वास्तविक वस्तुको प्रदर्शन गराई विशेषताको सुची बनाउन लगाउने । | सुता र पैडाको परिचय दिदै विशेषताहरु भन्न सके नसकेको जाँच्ने । | |
| | लटबाब, कैलपाल र बालीचन माणोंको परिचय दिन | लटबाब, कैलपाल र बालीचन माणोंको परिचय | लटबाब, कैलपाल र बालीचन माणौं भएका स्थानको अवलोकन भ्रमण गराउने साथै फोटोहरू देखाई परिचय प्रस्तुत गर्न लगाउने । | अवलोकन प्रश्नोत्तर | |
| | गाउँपालिका भित्र रहेका नदी तथा खोला सँग परिचित हुन । | गाउँपालिका भित्र रहेका नदी तथा खोलाहरू | गाउँपालिकाको नक्शामा नदी तथा खोलाको सङ्केत गरी नाम बताउने र नजिकको नदी र खोलाको भ्रमण गराउने । | परियोजना कार्य | |
| | गाउँपालिका भित्र रहेका प्रमुख पर्यटकीय क्षेत्रहरूसँग परिचित हुन | गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरू | गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरू झल्किने पोस्टर प्रस्तुत गरी पर्यटकीय क्षेत्रको बारेमा छलफल तथा भ्रमण गराउने र ती क्षेत्रका नामको सूची बनाउन लगाउने साथै शिक्षकले सहजीकरण गर्ने । | गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको नाम भन्नुहोस् । | |
| ५) हाम्रो भाषा र बोली चाली | हामीले खाने खानेकुराहरूका नाम हाम्रो भाषामा भन्न र लेख्न | खाने कुराका नामहरू | स्थानीय स्तरमा खाइने खानासँग सम्बन्धित शब्दहरू बारे छलफल गर्ने ती शब्दहरूको सूची बनाई चार्टका माध्यमबाट अर्थबोध गराउने । | हामीले खाने खानेकुराहरूको स्थानीय भाषामा नाम भन्न र लेख्न सके नसकेको जाँच्ने | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय भाषामा प्रयोग हुने सामान्य बोली चालीका शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्न | स्थानीय भाषामा प्रयोगहुनेसामान्य बोलीचालीका शब्द र वाक्य | स्थानीय भाषामा प्रयोग हुने सामान्य बोलीचालीका शब्द र वाक्य पत्तीको प्रयोग गरी वाक्य निर्माण गराउने । | स्थानीय भाषाका आदरार्थी शब्दको वाक्य निर्माण गर्न लगाउने । | |
| ६) स्थानीय लोक गीत नाँच र बाजाहरू | देउडा गीत ठाडी भाकाका गीतहरू लय मिलाएर गाउन | देउडा गीत ठाडी भाकाका गीतहरू | देउडा गीत ठाडी भाकाका गीतहरू गाउने, गाउन लगाउने र अडियो र भिडियो सहित अभ्यास गराउने । | देउडा गीत गाउने अभ्यासको अवलोकन । | |
| | मादल र बासुली बजाउने अभ्यास गर्न । | मादल र बासुली | ताल र धुन मिलाएर मादल र बासुली बजाउने अभ्यास गराउने मादल र बासुली बजाउन जान्ने स्रोत व्यक्तिद्धारा कक्षामा प्रस्तुतीकरण गराउने । | प्रयोग र अभ्यास | |
| | देउडा नाँच नाच्न | देउडा नाँच | देउडा नाँचमा पैतालाको ताल मिलाउने सिपको अभ्यास गर्ने र कुनै गीतमा देउडा नाँचको अभ्यास गराउने साथै नमुना देउडा नाँच प्रस्तुत गर्ने । | देउडा गाउदै नाँच्न लगाउने र शिक्षकले अवलोकन गर्ने । | |
| ७) स्थानीय संस्था र स्थानीय व्यक्तित्वहरू | आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाबाट पाइने सेवाहरूको सुची बनाउन | आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाको नाम, स्थान र सेवा | आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाको अवलोकन भ्रमण गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाबाट पाइने सेवाहरूको के के हुन् ? | |
| ८) हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | स्थानीय स्तरमा पाइने फलफूलहरू सँग परिचित हुन | स्थानीय स्तरमा पाइने फलफूलहरू | स्थानीय स्तरमा पाइने फलफूलहरू वा सचित्र कक्षामा प्रदर्शन गरी छलफल गर्ने । | स्थानीय स्तरमा पाइने फलफूलहरू संङ्कलन गरेर ल्याउनुहोस् । | |
| | आफरसँग परिचित हुन | आफरकोपरिचय आफरबाट उत्पादित औजार हरूको नाम र काम | स्थानीय रुपमा संचालित आफरको भ्रमण गराउने आफरमा निर्माण हुने औजार हरूको नामको सुची बनाउन लगाउने । | आफर भनेको के हो ? आफरमा निर्माण हुने औजारहरूको नामको सुची बनाउन लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बउसोको प्रयोग र अभ्यास गर्न | बउसो | विद्यालयमा भएको करेसाबारीमा बउसाको प्रयोग गरी बोट बिरुवा गोडमेल गर्ने अभ्यास गराउने । | अवलोकन | |
| | छाँई बनाउने सिपको विकास गर्न | छाँई बनाउने प्रविधि | कक्षा कोठामा शिक्षकले छाँई बनाउने प्रविधिको बारेमा छलफल गरी आवश्यक सामाग्रीको प्रयोग गरी छाँई बनाउने सिप सिकाउने । | परियोजना कार्य | |
| | होटल व्यवसायको परिचय दिन | होटल व्यवसाय | होटल व्यवसायको परिचय दिने होटल व्यवसायबाट प्राप्त हुने सेवाको सुची बनाउने । | होटल व्यवसाय भनेको के हो ? होटल व्यवसायबाट प्राप्त हुने सेवाको सुची बनाउनुहोस् । | |
| | स्थानीय (डांडाकोट बजारको परिचय दिन) | स्थानीय बजार (डांडाकोट) | स्थानीय बजार (डांडाकोट) को फोटो प्रस्तुत गरी स्थानीय (डांडाकोट) बजारको बारेमा छलफल गर्ने स्थानीय बजारको अवलोकन भ्रमण गरी स्थानीय बजारमा पाइने वस्तुको नामको सुची बनाउन लगाउने । | प्रतिवेदन प्रस्तुति | |
| ९) विपद् व्यवस्थापन | ढाडो बतासबाट बच्ने उपाय पहिचान गर्न | ढाडो बतास | ढाडो बतास आइरहेको चित्र पोस्टर भिडियो देखाई ढाडो बतासबाट हुने हानी लेख्न लगाउने ढाडो बतासबाट बच्ने उपायबारे छलफल गर्ने । | ढाडो बतासबाट बच्ने उपायहरू लेख्न लगाउने । | |

## ८.५. कक्षा ५ (पाँच) को पाठ्यवस्तुको विस्तृतीकरणः

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | सम्भाव्य मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| १. हाम्रो मालिकार्जुन | मालिकार्जुन गाउँपालिकाको भौगोलिक परिचय दिन | पालिकाको भौगोलिक परिचय | मालिकार्जुन गाउँपालिकाको मानचित्र देखाउँदै त्यसको भौगोलिक अवस्थितिको बारेमा छलफल गर्ने, विद्यार्थीहरूलाई मालिकार्जुन गाउँपलिकाको भौगोलिक विशेषताहरूको वर्णन गर्न प्रोत्साहित गर्ने । | मालिकार्जुन गाउँपलिकाको भौगोलिक परिचयको वर्णन गर्न सके नसकेको अवलोकन गर्ने । | |
| | पालिकाको जातजातिगत विवरण प्रस्तुत गर्न | मालिकार्जुन गाउँपालिका भित्रका पारिवारिक र जातजातिगत विवरण | विद्यार्थीहरूलाई गाउँपालिका भित्रका जातजातिगत विवरण बारे छलफल गर्न लगाई जातजातिगत विवरण सहतिको चार्ट प्रस्तुत गर्ने र सोही अनुसार वर्णन गरी प्रस्तुत गर्न लगाउने । | अवलोकन प्रश्नोत्तर | |
| | वडा कार्यालयबाट प्रदान गरिने सामान्य सेवाहरू (घटना दर्ता अन्तर्गतका सेवाहरू) को सूची बनाउन | वडा कार्यालयबाट प्रदान गरिने सामान्य सेवाहरू (घटना दर्ता अन्तर्गतका सेवाहरू) | आफु बसेको वडा कार्यालयको भ्रमण गराई वडा कार्यालयमा रहेको नागरिक वडापत्रको अध्ययन गर्न लगाई सामान्य सेवाहरूको टिपोट गर्न लगाउने | अवलोकन प्रश्नोत्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| २) योग ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | विभिन्न आसनहरू र प्राणायाम गर्न | विभिन्न आसनहरू र प्राणायाम (सुखासन, ताडासन, कमलासन, भ्रामरी, भस्त्रिका) | शिक्षकले विभिन्न किसिमका आसन र प्राणायामहरू गरी विद्यार्थीहरूलाई पनि गर्न लगाउने । | विद्यार्थीहरूलाई समुहमा बसाई विभिन्न आसन र प्रणायाम गरे नगरेको निरीक्षण गर्ने । | |
| | पडुवाको प्रयोग र उपयोगिता भन्न र लेख्न | पडुवाको प्रयोग र उपयोगिता | पडुवाको वास्तविक वस्तु तथा तस्वीर देखाइ छलफल गर्ने र पडुवाका उपयोगिताहरूको सुची तयार गर्न लगाउने । | पडुवाका उपयोगिताको सुची तयार गरे नगरेको हेर्ने । | |
| | बागचाल खेल खेल्न | बागचाल | बागचाल खेलको तरिका सिकाइ खेल्न लगाउने । | बागचाल खेल खेले नखेलेको अवलोकन गर्ने। | |
| ३. हाम्रो परम्परा, संस्कृति र मूल्य मान्यता | पुष त्यार र नरहरी त्यारमा आफ्नो सहभागिता जनाउन | पुष त्यार र नरहरि त्यार | पुष त्यार र नरहरि त्यारको महत्त्व बारे छलफल गराउने पुस त्यार र नरहरि त्यारमा विद्यार्थीहरूलाई सहभागी गराई पुष त्यार र नरहरी त्यारको बारेमा स्थानीय अभिभावक सित अन्तर्क्रिया गर्ने । | अभिभावक सितको अन्तर्क्रिया | |
| | ठिङ भगवतीको गाथा प्रस्तुत गर्न | ठिङ भगवतीको गाथा | ठिङ भगवतीको गाथा सहितको तस्वीर प्रदर्शन गरी ठिङ भगवतीका जानकार व्यक्तिसँग छलफल गर्न लगाउने ठिङ भगवती मन्दिरको अवलोकन भ्रमण गर्न वा भिडियो प्रदर्शन गरी समूहमा त्यसका विशेषताहरू छलफल गर्ने । | अवलोकन प्रश्नोत्तर | |
| | नौली गोरियाको परिचय र यसको महत्व बताउन | नौली गोरिया | शिक्षकले नौली गोरियाको बारेमा परिचय दिने र यसको महत्व बारे जानकारी दिने विद्यार्थीहरूसँग नौली गोरियाको परिचय र महत्व बारे छलफल गर्ने । | परियोजना कार्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय जातहरूमा सहभागिता जनाउन | स्थानीय जात (चौडकी, चाडीकी, पौडी माणौकी, लिमाकी जात) | चौडकी, चाडीकी, पौडी माणौकी, लिमाकी जातमा विद्यार्थीको सहभागिता बारे छलफल गर्दै ती जातहरूका विशेषताहरूको सुची बनाएर समुहगत रुपमा प्रस्तुत गर्न लगाउने । | अभिभावक सम्पर्क | |
| | नथ र बुलाँकी सँग परिचित गराउन | नथ र बुलाँकी | विद्यार्थीहरूलाई नथ र बुलाँकीको चित्र देखाउँदै वा वास्तविक वस्तुको प्रदर्शन गरी परिचित गराउने । | नथ र बुलाँकीको परिचय दिनुहोस् । | |
| ४. हाम्रा धार्मिक प्राकृतिक र पर्यटकीय सम्पदाहरू | बण्ड सलेती मन्दिरको परिचय बताउन | बण्ड सलेती मन्दिरको परिचय | बण्ड सलेती मन्दिरको तस्वीर प्रदर्शन गरी मन्दिरको बारेमा छलफल गर्ने र परिचय प्रस्तुत गर्न लगाउने । | अवलोकन र प्रश्नोत्तर | |
| | बाँकु गाडको विशेषता बताउन | बाँकु गाड | बाँकु गाड रहेको ठाउँ र सो गाडको उद्गम स्थल बारे छलफल गर्दै त्यसका विशेषताहरूको सुची बनाउने | बाँकु गाडको विशेषताहरूको सूची बनाउन सके नसकेको जाँच्ने । | |
| | मालिकार्जुन पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गर्न | मालिकार्जुन पर्यटकीय क्षेत्र | फोटो चित्र र अवलोकन भ्रमणबाट विद्यार्थीहरूलाई मालिकार्जुन पर्यटकीय स्थलको बारेमा छलफल गर्न लगाउने र परियोजना कार्य गर्न लगाउने | परियोजना कार्य | |
| ५. हाम्रो भाषा र बोलीचाली | स्थानीय स्तरमा पाइने जनावर तथा चराहरूको नाम स्थानीय भाषामा बताउन | स्थानीय स्तरमा पाइने जनावर तथा चराहरूको नामका शब्दहरू (बल्लु बाकरो, गुनो, लम्पुछ्रे, सिन्टलो, गेणो, पितुल्या) | स्थानीय स्तरमा पाइने जनावर तथा चराहरूको तस्वीर देखाएर छलफल गर्न लगाउने र शब्दहरूको उच्चारण तथा अर्थबोध गर्न लगाउने । | स्थानीय स्तरमा पाइने जनावर तथा चराहरूलाई जनाउने स्थानीय शब्दहरूको सुची बनाउन लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्यमा प्रयोग | व्यवहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्यमा प्रयोग | शब्दपत्तीबाट व्यवहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने | व्यावहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्य निर्माण र प्रयोग गर्न सके नसकेकको जाँच्ने । | |
| ६. स्थानीय लोकगीत, नाँच र बाँजाहरू | स्थानीय देउडा भैलो होरी गाउने अभ्यास गर्न | स्थानीय देउडा भैलो होरी | शिक्षकले स्थानीय देउडा भैलो होरी लय हालेर कक्षामा सुनाउने र विद्यार्थीलाई पनि स्थानीय देउडा भैलो होरी लय हालेर गाउने अभ्यास गराउने | अवलोकन | |
| | दमउ र झ्याली बजाउने अभ्यासको प्रदर्शन गर्न । | दमउ र झ्याली | विद्याथीहरूले दमउ र झ्याली बजाउने गरेको अनुभव बारे छलफल गर्ने भिडियो प्रदर्शन गरी वा विद्यालय मै दक्ष व्यक्तिलाई बोलाई दमउ र झ्याली बजाउने अभ्यास गराउने । | दमउ र झ्याली बजाउन सके नसकेको हेर्ने । | |
| | देउडा नाँच नाच्ने अभ्यास गर्न | देउडा नाँच | शिक्षकले देउडा नाँच प्रदर्शन गरी देखाउने । विद्यार्थीहरूलाई सोही अनुसार नाच्न प्रेरित गर्ने । | देउडा नाँचको अभ्यास गरे नगरेको जाँच्ने । | |
| ७. स्थानीय संस्था । स्थानीय व्यक्तित्वहरू | आयुर्वेदिक स्वास्थ्य संस्थाको परिचय बताउन | आयुर्वेदिक स्वास्थ्यसंस्थाको परिचय | आयुर्वेदिक स्वास्थ्य संस्थाको परिचय बारे छलफल गर्दै अवलोकन भ्रमण गराउने र आयुर्वेदिक स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवाहरूको सुची बनाउने । | परियोजना कार्य गराउने । | |
| | वडा नं. १ र २ को समुदायगत मुख्य विशेषता बताउन | वडा नं. १ र २ को समुदायगत मुख्य विशेषता (सामाजिक बनोट, कृषि र पशुपालन) | वडा नं. १ र २ को समुदायको सामाजिक बनोट, कृषि, पशुपालन बारे छलफल गर्ने र मुख्य विशेषताहरू टिपोट गर्न लगाउने । | परियोजना कार्य गराउने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | गाई र भैंसी पालन व्यवसायको बारेमा बताउन | गाई र भैंसी पालन व्यवसाय | गाई र भैंसी पालन व्यवसाय गरिएको नजिकको स्थानको क्षेत्र भ्रमण गराइ ती व्यवसायबाट हुने फाइदाको विवरण प्रस्तुत गर्न लगाउने । | परियोजना कार्य गराउने | |
| | सनकोरा उद्योगको महत्व प्रस्तुत गर्न | सनकोरा उद्योग | सनकोरा उद्योग सञ्चालित ठाउँको अवलोकन भ्रमण गराई सनकोरा व्यवसायीसँग छलफल गरी त्यसको महत्वबारे बुदाँगत रुपमा टिपोट गर्न लगाउने | परियोजना कार्य गराउने | |
| | बासुलो चलाउने अभ्यास गर्न | बासुलोको प्रयोग | शिक्षकले बासुलो चलाउने अभ्यास प्रदर्शन गरी देखाउने र विद्यार्थीहरूलाई पनि सोही अनुसार अभ्यास गर्न लगाउने । | बासुलो चलाउने अभ्यास गर्न सके नसकेको जाँच्ने । | |
| | बाब्योबाट गलेउँ र जेउँडो बनाउने सिपको अभ्यास गर्न | बाब्योबाट गलेउँ र जेउँडोबनाउने सिपको अभ्यास | शिक्षकले बाब्योबाट गलेउँ र जेउँडो बाट्ने अभ्यास प्रदर्शन गरी देखाउने र सोही अनुसार अभ्यास गर्न लगाउने । | बाब्योबाट गलेउँ र जेउँडो बाट्ने अभ्यास गरे नगरेको जाँच्ने । | |
| | पसल व्यवसाय र वर्कसपबाट पाइने सेवाहरूको सुची बनाउन | पसल व्यवसाय र वर्कसप | पसल व्यवसाय र वर्कसपको परिचय सहित विद्यार्थीहरूलाई स्थानीय पसल र वर्कसपहरूको भ्रमण गराई पसल र वर्कसपमा उपलब्ध भएका सामानहरूको अवलोकन गर्न लगाउने वर्कसपमा उत्पादन भएका सामानहरूको बारेमा व्यवसायीसँग छलफल गरी सेवाहरूको सुची बनाउन लगाउने । | सल व्यवसाय र वर्कसपको परिचयसहित सामनहरूको सुची तयार गरे नगरेको जाँच्ने । | |
| | ऐरीछाना बजारको परिचय दिन | ऐरीछाना बजार | ऐरीछाना बजारको अवलोकन भ्रमण गराई बजारमा रहेका पसलहरूको सङ्ख्या र उपलब्ध सेवाहरूबारे पसल व्यवसायीसँग छलफल गरी सुची बनाउन लगाउने | परियोजना कार्य गराउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. विपद् व्यवस्थापन | भल तथा बाढीबाट बच्ने उपायहरू अवलम्बन गर्न | भल तथा बाढी | भल तथा बाढीका भिडियोहरू प्रदर्शन गरी बच्ने उपायहरू बारे छलफल गरी भल तथा बाढीबाट सचेत रहन प्रेरित गर्ने । | भल तथा बाढीबाट बच्ने उपायहरू बारे सचेत भए नभएको अवलोकन गर्ने । | |

## ८.६. कक्षा ६ (छ) को पाठ्यवस्तुको विस्तृतीकरणः

| विषय वस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | मालिकार्जुन गाउँपालिकाको ऐतिहासिक परिचय दिन । | मालिकार्जुन गाउँपालिका | मालिकार्जुन गाउँपालिकाको मानचित्र देखाउँदै गाउँपालिकाको बारेमा छलफल गर्ने र स्थापना वर्ष बताएर विद्यार्थीलाई टिपोट गर्न लगाउने । | मालिकार्जुन गाउँपालिकाको ऐतिहासिक वर्णन गर्नुहोस । | |
| | मालिकार्जुन गाउँपालिकाको उमेरगत जनसाङ्खिक विवरण प्रस्तुत गर्न । | मालिकार्जुन गाउँपालिकाको उमेरगत जनसाङ्खिक विवरण | राष्ट्रिय जनगणना २०७८ को जनसाङ्खिक विवरणको चार्ट देखाउदै बालबालिका युवा र बृद्धको जनसाङ्खिक स्थितिबारे छलफल गर्दै संङ्ख्या टिपोट गर्न लगाई तालिकामा प्रस्तुत गर्न लगाउने । | प्रस्तुतीकरण, समुह कार्य | |
| | वडा कार्यालयको साङ्गठनिक संरचनासँग परिचित हुन | वडा कार्यालयको साङ्गठनिक संरचना | वडा कार्यालयको स्थलगत भ्रमण गरी त्यसको साङ्गठनिक संरचना बारे छलफल गर्ने । विद्यार्थीहरूलाई उक्त संरचनामा भएका कुराहरूलाई चार्ट पेपरमा टिपोट गर्न लगाउने । | परियोजना कार्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा जनप्रतिनिधिहरूको चयन प्रक्रिया बताउन | वडा जनप्रतिनिधिहरू को चयन प्रक्रिया | निर्वाचन कार्यालयले प्रकाशन गरेको वडा प्रतिनिधि चयन प्रक्रियाको चार्ट देखाउदै वडा अध्यक्ष र सदस्यहरूको चयन प्रक्रिया बारे समुहगत रुपमा छलफल गराउने साथै कक्षाकोठामा सोही चार्ट बमोजिम कक्षामा विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने । | अवलोकन गर्ने । | |
| | वडा कार्यालयबाट दिइने कुनै प्रमुख ५ वटा सिफारिसहरूको सुची बनाउन | वडा कार्यालयबाट दिइन दिइने सेवाहरू | वडा कार्यालयको स्थलगत भ्रमण गरी वडा कार्यालयले प्रदान गर्ने सिफारिसहरूको सुची चार्ट देखाउदै त्यसमध्ये कुनै ५ वटा सिफारिसहरूको बारेमा छलफल गर्न लगाउने विद्यार्थीहरूलाई पाँच वटा समुहमा विभाजन गरी सुची तयार पार्न लगाउने । | वडा कार्यालयबाट कुनै पाँच वटा सिफारिसहरूको सुची बनाउन लगाउने । | |
| योग ध्यान र स्थानीय खेलहरू | प्राणायामको अभ्यास गर्न | प्राणायाम (भस्त्रिका, भ्रामरी, कपालभाति र प्रणव) | विद्यार्थीहरूलाई खुला ठाउँमा सजिलो आसनमा बसालेर भस्त्रिका, भ्रामरी, कपालभाति, र प्रणव प्राणायामलाई गरेर वा भिडियोका माध्यमबाट देखाएर विद्यार्थीहरूलाई अभ्यास गारउने । | विद्यार्थीहरूलाई कपालभाति र प्रणव प्राणायामको अभ्यास गर्न लगाउने र विधि मिले नमिलेको हेर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिमजडो खुच्युड्या र कुर्जोको उपयोगिता भन्न र लेख्न | सिमजडो खुच्युड्या र कुर्जो | वास्तविक वस्तुहरू सिमजडो, खुच्युड्या तथा कुर्जोलाई देखाउदै तिनीहरूको महत्व र उपयोगको बारेमा कक्षामा छलफल गर्ने । सिमजडो खुच्युड्या र कुर्जोको बोट देखाउने उपलब्ध नभएका श्रव्यदृश्य सामाग्रीको माध्यमबाट कक्षामा ती जडिबुटीको प्रयोग र उपादेयताबारे छलफल गर्ने । | सिमजडो खुच्युड्या तथा कुर्जोको कुनै दुई/दुई प्रयोग भन्न लगाउने । सिमजडो खुच्युड्या तथा कुर्जोको महत्व बुँदागत रुपमा टिप्न लगाउने । | |
| | छल्ला खेल खेल्न | छल्ला खेल | छल्लाको लागि आवश्यक पर्ने कच्चा पदार्थहरू विद्यार्थीहरूबाट सङ्कलन गरी शिक्षकले निर्माण गरेर देखाइदिने र निर्माण गर्न लगाउने । खेल विधिको प्रक्रिया बारे विद्यार्थीहरूलाई जानकारी गराउने । त्यसपछि अभ्यास गर्न लगाउने । | अवलोकन | |
| हाम्रो परम्परा संस्कृति र मूल्यमान्यता | भेटौलोमा सहभागिता जनाउन | भेटौला | भेटौलोको बारेमा छलफल गर्दै चैत्र महिनामा भेटौलोमा सहभागिता जनाउन प्रेरित गर्ने । | अभिभावक सम्पर्क | |
| | लट्बाब देवताको संक्षिप्त इतिहास बताउन | लट्बाब देवताको इतिहास | लट्बाब देवताको इतिहासको बारेमा जानकार व्यक्तिलाई ल्याएर छलफल गर्ने र शिक्षकले संक्षिप्त इतिहास बताइदिने र विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने । | लट्बाब देवताको संक्षिप्त इतिहास भन्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्राद्धको संक्षिप्त परिचय दिन | श्राद्धको परिचय | श्रव्य दृश्य सामाग्रीको माध्यमबाट श्राद्धको परिचय र महत्व बारे कक्षाकोठामा छलफल गराउने र त्यसपछि श्राद्धको महत्वको सूची चार्ट देखाउदै बुँदाहरू टिप्न लगाउने । | श्राद्धको संक्षिपत परिचय दिन लगाउने । श्राद्धको महत्वलाई बुँदागत रुपमा भन्न र लेख्न लगाउने । | |
| | अल्लेककी, ठिङ र रेबलीकी जातको परिचय दिन । | अल्लेककी जात, ठिङकी जात र रेबलीकी जात | अल्लेककी जात, ठिङकी जात र रेबलीकी जातहरूको श्रव्य दृश्य सामाग्रीको देखाएर सामान्य परिचय दिने ।<br>यी जातहरूमा सहभागी हुन प्रेरित गर्ने । | अल्लेककी, ठिङ र रेबलीकी जातको बारेमा संक्षिप्त परिचय दिन लगाउने । | |
| | पागडो, मुणेठो र गलोफन्दुसित परिचित हुन | पागडो, मुणेठो र गलोफन्दु | पागडो, मुणेठो र गलोफन्दुको चित्र देखाउदै यिनीहरूको परिचय बताउने ।<br>त्यसपछि कक्षा उपलब्ध चुन्नीको प्रयोग गरी पागडो र मुणेठो को प्रयोग गर्न सिकाउने । शिक्षकको निर्देशनमा कागज तथा चार्ट पेपरको प्रयोग गरेर गलोफन्दुको निर्माण गरी प्रयोगको अभ्यास गर्न लगाउने । पागडो, मुणेठो र गलोफन्दोको महत्वसम्बन्धी समुह कार्य गर्न लगाउँदै शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | पागडो, मुणेठो र गलोफन्दोको परिचय दिन लागउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो धार्मिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरू | हुन्शिखर देवताको संक्षिप्त इतिहास लेख्न | हुन्शिखर देवताको इतिहास | हुन्शिखर देवताको गाथा जान्ने स्थानीय व्यक्तिहरूलाई स्रोत व्यक्तिको रूपमा कक्षामा लिएर विद्यार्थीहरूलाई हुन्शिखर देवताको बारेमा मुख्य मुख्य ऐतिहासिक बुँदाहरू टिपोट गर्न लगाउने, स्थानीय स्तरमा उपलब्ध हुन्शिखर देवताको मन्दिरमा क्षेत्र भ्रमण गराई संक्षिप्त इतिहास लेख्न लगाउने । | हुन्शिखर देवताको बारेमा संक्षिप्त इतिहास लेख्न लगाउने । | |
| | आफ्ना गाउँ अन्तर्गत रहेका वनहरूसित परिचित हुन | आफ्नो गाउँ अन्तर्गत रहेका वनहरू | विद्यालय नजिकमा रहेका सामुदायिक वनहरूको क्षेत्र भ्रमण गराई तिनीहरूको अवलोकन गराउने विद्यार्थीहरूको समूह विभाजन गरेर समूहमा सामुदायिक वनहरूको महत्वलाई शिक्षकको सहयोगमा बुँदागत रूपमा टिप्न लगाउने र छलफल गराउने । | प्रतिवेदन प्रस्तुती | |
| | उकु गाँडसित परिचित हुन | उकु गाँड | उकु गाँडको डिजिटल नक्सा (गुगल नक्सा) देखाएर विद्यार्थीहरूलाई अवलोकन गराउने शिक्षकले निर्माण गरेको उकु गाँडको नक्सा प्रयोग गरी विद्यार्थीहरूलाई छलफल गराउने । | उकु गाँडको परिचय लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बलशिखर दमौरा पर्यटकीय क्षेत्रको परिचय र महत्व अभिव्यक्त गर्न । | बलशिखर दमौरा पर्यटकीय क्षेत्र | बलशिखर दमौरा पर्यटकीय क्षेत्रको विद्यार्थीहरूलाई अवलोकन गराउने । बलशिखर दमौरा पर्यटकीय क्षेत्रको उपयोगिता सहितको वृत्त चित्र प्रयोग गर्दै सबै क्षेत्रको पर्यटकीय महत्व उल्लेख गरिदिने । विद्यार्थीहरूको समुह निर्माण गरी सो क्षेत्रको पर्यटकीय महत्व बारे समुहमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउने । | बलशिखर दमौरा पर्यटकीय क्षेत्रको सामान्य परिचय दिनुहोस् । | |
| हाम्रो पेसा व्यवसाय प्रविधि र आर्थिक क्रियाकलाप | बाख्रापालनबाट हुने फाइदाहरू उल्लेख गर्न | बाख्रापालनको फाइदा | विद्यार्थीहरूलाई बाख्रापालनको फाइदाबारे बताउनु पूर्व विद्यालय नजिकमा रहेको बाख्रापालन व्यवसाय छ भने क्षेत्र भ्रमण गराएर बाख्रापालनबाट हुने फाइदाको अवलोकन गराउने । बाख्रापालन सम्बन्धी श्रव्य दृश्य सामाग्रीको प्रयोग गरेर त्यसको फाइदाका बारेमा जानकारी गराउने र विद्यार्थीहरूलाई यो पेसाको फाइदाहरू टिप्न लगाउने । | बाख्रापालनबाट हुने फाइदाहरू भन्नुहोस । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आफ्नो स्थानीय स्तरमा पाइने स्रोत साधनबाट अचार बनाउने सिपको अभ्यास गर्न । | अचार उद्योग (अमला, मुला, कागती, काउली) | काउली, अमला, मुला र कागतीको अचार बनाउने तरिका बारे जानकारी गराउने र सोहीअनुसार कक्षामा ती सामाग्रीको प्रयोग गरी अचार बनाउने अभ्यास गराउने । | अमला, मुला, कागती र काउलीको प्रयोग गरी अचार बनाउन लगाउने । | |
| | आँसीको प्रयोग गरी घाँस काट्ने सिपको विकास गर्न । | आँसीको उचित प्रयोग | बालबालिकाहरूलाई नजिक घाँसे वनमा लगेर सबैभन्दा पहिला शिक्षकले घाँस काट्ने नमुना प्रदर्शन गर्ने । त्यसपछि प्रत्येक विद्यार्थीलाई शिक्षकको निर्देशनमा घाँस काट्ने अभ्यास गराउने । | विद्यार्थीलाई विद्यालय नजिकको घाँसे मैदानमा लगेर घाँस काट्न लगाउने । | |
| | ओखल र मुसल, दलनी र जातराको प्रयोग गर्न | ओखल र मुसल, दलनी र जातरा | विद्यार्थीहरूलाई ओखल र मुसल, दलनी र जातराको उपयोगिता बताउँदै यसको दैनिक जीवनमा प्रयोग बारे छलफल गर्ने । | ओखल र मुसल, दलनी र जातराको प्रयोगको अभ्यास गर्न लगाउने । | |
| | ग्रील उद्योगसित परिचित गराउन | ग्रील उद्योगको परिचय तथा उत्पादित सामाग्री | ग्रील उद्योगको भिजियल सामाग्री प्रयोग गरी उक्त उद्योगको बारेमा प्रष्ट पारिदिने । ग्रील उद्योगबाट उत्पादित सामाग्रीको बारेमा विद्यार्थीलाई छलफल गराएर बुँदागत रुपमा टिप्न लगाउने । | ग्रील उद्योगको सामान्य परिचय लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जोलजीबी बजारमा हुने गतिविधिसित परिचित हुन | जोलजीबी बजार | जोलजीबी बजारबारे श्रव्य दृश्य सामाग्रीको प्रयोग गरी त्यस बजारको साँघ सिमानाको बारेमा जानकारी गराउने साथ सो बजारमा पाइने स्थानीय सामाग्री र गतिविधिको बारेमा बुदाङ्कन गर्न लगाउने । | जोलजीबी बजारको परिचय दिनुहोस् । | |
| | काठा लोट्टुबाट बच्ने उपायहरू अवलम्बन गर्न । | काठा लोट्टुबाट बच्ने उपाय | काठाको दृश्य सामाग्री समुहगत रुपमा छलफल गराएर काठा लोट्टुबाट बच्ने उपायहरूको अनुशरण गर्न प्रेरित गर्ने । | काठा लोट्टुबाट बच्ने उपायहरू भन्न लगाउने । | |
| हाम्रो भाषा र बोलिचाली | स्थानीय स्तरमा प्रयोग हुने पहिरनका शब्दसँग परिचित हुन । | स्थानीय स्तरमा प्रयोग हुने पहिरनसँग सम्बन्धित शब्द( सन्तराज, बन्डी, मनेठो, कन्ज्यौडी, हैकलमाला, पैणा मुनणा, गलोफन्दु) | विद्यार्थीहरूलाई समूहगत रूपमा विभाजन गरी शिक्षकको सहयोगमा स्थानीय पहिरनका स्थानीय शब्दहरू टिप्न लगाउने र त्यसको अर्थ बताउने । | स्थानीय स्तरमा प्रयोग हुने पहिरनका शब्दहरुको सुची बनाउन लगाउने । | |
| | व्यावहारिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूको वाक्य निर्माण गर्न । | व्यावहारिक जीवनमा प्रयोग हुने शब्दहरूबाट वाक्य निर्माण | शिक्षकले स्थानीय स्तरमा प्रयोग हुने विभिन्न शब्दहरूको वाक्यमा प्रयोग गरी छलफल गराइदिने । साथै गोजी तालिकाको प्रयोग गरी शिक्षकको सहयोगमा विद्यार्थीहरूलाई वाक्य निर्माण गर्न लगाउने । विद्यार्थीहरूलाई आफ्नो दैनिक जीवनमा प्रयोग हुने शब्दहरूलाई प्रयोग हुने शब्दहरूलाई प्रयोग गरी व्यक्तिगत रुपमा वाक्य निर्माण गर्न लगाउने । | वाक्य निर्माण | |

| | | | | | |
|---|---|---|---|---|---|
| लोक गीत, बालगीत तथा स्थानीय नाच र स्थानीय बाँजा | स्थानीय देउडा तथा होरी गीत गाएर खेल्ने अभ्यास गर्न | स्थानीय देउडा तथा होरी गीत गाएर खेल्ने अभ्यास | विभिन्न श्रव्य दृश्य सामाग्रीको प्रयोग गरी देउडा र होरी गीत गाउने र खेल्ने अभ्यास पनि सँगसँगै गर्ने । विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरी देउडा गीत गाउन र खेल्ने अभ्यास गराउन शिक्षकले सहयोग गर्ने । त्यस्तै होरी गीतको बारेमा पनि समुहमा गाउने र खेल्ने अभ्यास गराउने । | विद्यार्थीहरूलाई होरी गीत गाउन लगाउने । देउडा खेल खेल्न लगाउने । | |
| | दमौं बजाउने अभ्यास गर्न | दमौं बजाउने अभ्यास | स्थानीय स्तरमा पाइने दमौंलाई कक्षाकोठामा लिएर वा नजिकको दमौं भएको घरमा गएर विद्यार्थीहरूलाई शिक्षकले दमौं बजाएर देखाउने । श्रव्य दृश्य सामाग्रीको प्रयोग गरेर विद्यार्थीहरूलाई दमौं बजाउँदा प्रयोग हुने सामान्य विधिको बारेमा बताइदिने । स्थानीय स्रोत साधनको प्रयोग गरी शिक्षकले दमौं बनाई विद्यार्थीलाई बजाउने कार्यमा अभ्यस्त बजाउने । | विद्यार्थीलाई व्यक्तिगत तथा समुहमा दमौं बजाउन लगाउने | |
| | झ्याउरे गीतमा नाच्न | झ्याउरे नाच | श्रव्य दृश्य सामाग्रीको प्रयोग गरेर झ्याउरे नाँचको प्रदर्शन गरी विद्यार्थीहरूलाई नाच्न लगाउने । | अवलोकन | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीइ संस्था र स्थानीय व्यक्तित्वहरू | शङ्करपुर मा.वि. पस्तीसँग परिचित हुन | जिल्लाकै पहिलो शङ्करपुर मा.वि. पस्तीको इतिहास (स्थापना, अवस्थिति र योगदान) | शङ्करपुर मा.वि. पस्तीको बारेमा जानकार व्यक्तिको अडियो रेकर्ड गरेर ल्याउने र कक्षाकोठामा विद्यार्थी माझ सुनाएर छलफल गर्ने तथा मुख्य मुख्य बुँदा टिप्न लगाएर ती बुँदाहरूबाट शङ्करपुरको संक्षिप्त इतिहास लेख्न लगाउने । विद्यार्थीले लेखेको संक्षिप्त इतिहासलाई शिक्षकले सहजीकरण गर्दै समूहमा छलफल गराउने। विद्यालय खोल्न, नियमत रूपमा सञ्चालन गर्न योगदान गरेका व्यक्तिहरूको बारेमा शिक्षकले जानकारी गराइदिने । | शङ्करपुर मा.वि. पस्तीको स्थापना मिति र अवस्थिति भन्न लगाउने । विद्यालयमा योगदान गर्ने मुख्य मुख्य व्यक्तिहरूको नाम भन्न लगाउने । | |
| | वडा नं. ३ र ४ का समुदायगत विशेषता बताउन | वडा नं. ३ र ४ का समुदायगत विशेषता (जाताजाति, पेसा) | वडा नं. ३ र ४ मा बसोबास गर्ने मुख्य जातजाति सहितको वृत्तचित्र प्रस्तुत गरी छलफल गरी विद्यार्थीलाई बसोबास गर्ने जातजातिको बारेमा जानकारी गराउने र विद्यार्थीलाई बुँदागत रुपमा टिप्न लगाउने । | वडा नं. ३ मा बसोबास गर्ने मुख्यजातजातिको नाम भन्न लगाउने । वडा नं. ४ मा बसोबास गर्ने मुख्य जातजाति र मुख्य पेसाको सुची बनाउन लगाउने । | |

## ८.७. कक्षा ७ (सात) को पाठ्यवस्तुको विस्तृतीकरण:

| विषय वस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| १.हाम्रो मालिकार्जुन | पालिकाको साध सिमाना बताउन । | मालिकार्जुन गा.पा.र यससंग जोडिएका अन्य गा.पा.हरू | मालिकार्जुन गा.पा.को नक्सा देखाई पूर्व, पश्चिम, उत्तर र दक्षिणमा भएका ठाउँहरू बताउन लगाउने<br>मालिकार्जुन गा.पा.सँग जोडिएका अन्य पालिकाको बारेमा जानकारी गराउने । | मालिकार्जुन गाउँपालिकासँग जोडिएका अन्य पालिकाहरू के के हुन ? भन्नुहोस् । |
| | पालिकाभित्र रहेका घरधुरी सङ्ख्या बताउन | पालिकाभित्र रहेका घरधुरी सङ्ख्या | २०७८ सालको जनगणना तथ्यांङ्क फाराममाथि छलफल गर्दै प्रत्येक वडामा कति कति घरधुरी छन् भनी टिपोट गर्ने ।<br>प्रत्येक वडाहरूमा भएका घरधुरी संङ्ख्यालाई स्तम्भ चित्रमा प्रदर्शन गर्ने | अवलोकन |
| | गाउँपालिका कार्यालयको साङ्गठनिक संरचनासित परिचित हुन | गाउँपालिका कार्यालयको साङ्गठनिक संरचना | गाउँपालिका कार्यालयको स्थलगत भ्रमण गरी त्यसको साङ्गठनिक संरचना बारे छलफल गर्ने । विद्यार्थीहरूलाई उक्त संरचनामा भएका कुराहरूलाई चार्ट पेपरमा टिपोट गर्न लगाउने । | परियोजना कार्य |
| | गाउँपालिका अध्यक्ष र उपाध्यक्षको चयन प्रक्रिया उल्लेख गर्न | गाउँपालिका अन्तर्गत जनप्रतिनिधि हरूको चयन | कक्षाकोठामा नमुना मतदान केन्द्र बनाई विद्यार्थीहरूबाट अध्यक्ष र उपाध्यक्षको उम्मेदवार बनाई विद्यार्थीहरूलाई नै मतदान गर्न लगाई बहुमत प्राप्त उम्मेदवारलाई अध्यक्ष र उपाध्यक्षको पदमा निर्वाचित गर्ने । | गाउँपालिका अध्यक्ष र उपाध्यक्षको चयन कसरी गरिन्छ ? लेख्नुहोस् । |
| | गाउँपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरूको सुची बनाउन | गाउँपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरूको सुची - (सिफारिस सम्बन्धी सेवा) | गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाहरू भएको नागरिक वडा पत्रको चार्ट प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>विद्यार्थीलाई गा.पा.ले दिने सेवाहरूको सूची बनाउन लगाउने | गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरूको सुची बनाउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| २.स्वास्थ्य, योग तथा आयुर्वेद र स्थानीय खेलहरू | आसन, प्राणायाम र सूर्य नमस्कारको अभ्यास गर्न | वृक्षासन, मन्डुकासन र हलासन र सूर्य नमस्कार | वृक्षासन, मन्डुकासन र हलासन सम्बन्धी चार्ट तथा भिडियो देखाउदै विद्यार्थीलाई अभ्यास गर्न लगाउर्ने । | अवलोकन |
| | गुर्जेबेलो र वन धँनियाको उपयोगिता बताउन । | गर्जेबेलो र बन धँनियाको उपयोगिता | गर्जेबेलो र वन धनियाको चित्र भएको चार्ट प्रस्तुत गर्दै यिनीहरूको प्रयोग र उपयोगिता बारे छलफल गरी बुँदागत रुपमा टिपोट गर्न लगाउने | गर्जेबेलो र बन्धनियाको उपयोगिता लेख्नुहोस् । |
| | स्थानीय खेलहरूको महत्व र उपयोगिता भन्न | स्थानीय खेलहरूको महत्व र उपयोगिता | विद्यार्थीहरूलाई विभिन्न स्थानीय खेलहरू खेलाउदै स्थानीय खेलका फाइदाहरूबारे छलफल गराउने र त्यसको महत्व र उपयोगिता लेख्न लगाउने । | स्थानीय खेलहरूको महत्व र उपयोगिता को महत्व के रहेको छ ? उल्लेख गर्नुहोस् । |
| ३. हाम्रो परम्परा , संस्कृति र मूल्य मान्यता | स्थानीय चाँड पर्वको संरक्षणमा स्थानीय संघ संस्थाको भुमिका पहिचान गर्न | स्थानीय चाँड पर्वको संरक्षणमा स्थानीय संघ संस्थाको भुमिका | स्थानीय चाड पर्वको संरक्षणमा स्थानीय संघ संस्थाको भुमिका लेखेको चार्ट प्रदर्शन गरी छलफल गर्ने<br>विद्यार्थीहरूलाई संघ संस्थाहरूले गरेका कार्यहरूको सुची बनाउन लगाउने । | स्थानीय चाँड पर्वको संरक्षणमा स्थानीय संघ संस्थाको भुमिका को सुची तयार गर्नुहोस् । |
| | हुन्शिखर देवताको इतिहास उल्लेख गर्न | हुन्शिखर देवताको इतिहास | हुन्शिखर देवताका इतिहाँस सम्बन्धी जानकार व्यक्तिलाई स्रोत व्यक्तिको रूपमा विद्यालयमा निम्त्याई कक्षामा छलफल गर्ने<br>छलफलका आधारमा विद्यार्थीहरूलाई हुन्शिखर देवताको इतिहास उल्लेख गर्न लगाउने । | हुन्शिखर देवताको इतिहास छोटकरीमा लेख्नुहोस् । |
| | व्रत बन्धमा सहभागिता जनाउन | व्रत बन्धमा सहभागिता | व्रतबन्धको परिचय र धार्मिक तथा सास्कृतिक महत्व लेखिएको चार्ट प्रस्तुत गर्ने गरी विद्यार्थीलाई ब्रतबन्धमा सहभागिताका लागि उत्प्रेरित गर्ने । | अभिभावक सम्पर्क |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय जातमा सहभागिता जनाउन | सोमनाथ, मानै र लासजात | विद्यार्थीहरूलाई सोमनाथ, मानै र लासको जातबारे छलफल गर्दै ती जातमा सहभागिता जनाउन उत्प्रेरित गर्ने । | अभिभावक सम्पर्क |
| | हैकल माला र झुमझुमीको परिचय दिन | स्थानीय पहिरन हैकल माला झुमझुमी | हैकल माला र झुमझुमी कक्षामा प्रदर्शन गर्दै छलफल गर्ने र ती गहनाका विशेषताहरू प्रस्तुत गर्न लगाउने । | हैकल माला र झुमझुमीका विशेषताको सुची बनाउनुहोस् । |
| ४. हाम्रा धार्मिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरू | मालिकार्जुन देवताको ऐतिहासिक महत्व भन्न | मालिकार्जुन देवताको इतिहास | मालिकार्जुन मन्दिरको वृत्तचित्र प्रस्तुत गरी मालिकार्जुन मन्दिरको ऐतिहासिक महत्त्वबारे जानकार व्यक्तिसँग छलफल गरी विद्यार्थीहरूलाई मालिकार्जुन देवताको ऐतिहासिक महत्वबारे लेख्न र भन्न लगाउने । | परियोजना कार्य |
| | आफ्नो वडाअन्तर्गत रहेका सामुदायिक वनहरूको सुची बनाउन | स्थानीय वन सम्पदा तथा सामुदायिक वनहरू | विद्यार्थी हरूलाई आफ्नो वडामा रहेका सामुदायिक वनहरूको सूची बनाउन लगाउने अन्तमा शिक्षकले सामुदायिक वनहरूको सूची बनाएको चार्ट प्रस्तुत गर्दै थप स्पष्ट पार्ने । | आफ्नो वडा अन्तर्गत रहेका सामुदायिक वनहरूको सुची बनाउनुहोस् । |
| | भर्तोला (बर्पाली) गाडसँग परिचित हुन | भर्तोला गाडको परिचय र महत्व | भर्तोला गाडको महत्वबारे छलफल गरी बुँदा टिपोट गर्न लगाउने । | भर्तोला गाडको परिचय र महत्व उल्लेख गर्नुहोस् । |
| | हुनैनाथ पर्यटकीय क्षेत्रको विशेषताहरू भन्न | हुनैनाथ पर्यटकीय क्षेत्र | हुनैनाथ पर्यटकीय क्षेत्रको शैक्षिक भ्रमण गर्ने र त्यहाको धार्मिक सांस्कृतिक, भौतिक र प्राकृतिक वातावरणको अवलोकन गराई विशेषताहरू टिपोट गर्न लगाउने | परियोजना प्रतिवेदन प्रस्तुत |
| ५. हाम्रो भाषा र बोलीचाली | स्थानीय भाषामा प्रयोग हुने शब्दहरूलाई वाक्यमा प्रयोग गर्न | स्थानीय भाषाका नाताबोधक कृषिसम्बन्धी, जनावर तथा चराहरू, पहिरन आदिमा प्रयोग हुने शब्दहरूको वाक्यमा प्रयोग | स्थानीय भाषामा प्रयोग हुने शब्दहरूको सुची बनाउन लगाई ती शब्दहरूलाई नमुना वाक्य प्रस्तुत गरी वाक्य प्रयोग गर्न लगाउने र अन्तमा शिक्षकले पृष्ठपोषणसहित सहजीकरण गर्ने । | वाक्यमा प्रयोग अवलोकन |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय भाषाको प्रयोग गरी अनुच्छेद तयार पार्न | स्थानीय भाषामा अनुच्छेद लेखन | दैनिक जीवनमा प्रयोग हुने स्थानीय भाषाका शब्दहरूलाई प्रयोग गरी वाक्य बनाउन लगाउने ती वाक्य हरूबाट अनुच्छेद लेख्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने । | अनुच्छेद लेखन अवलोकन |
| ६. स्थानीय लोक गीत/ बालगीत, नाच र बाजाहरू | सगुन र फाग गाउन | सगुन र फाग | सगुन र फागको अडियो र भिडियो बजाई विद्यार्थीहरूलाई पनि सँगसँगै गाउन लगाउने साथै सगुन फागको जानकार व्यक्तिलाई स्रोत व्यक्तिको रूपमा कक्षाकोठामा निम्त्याउने र स्रोत व्यक्तिसँगै विद्यार्थीहरूलाई गाउने अभ्यास गराउने । | लयबद्ध रुपमा सगुन र फाग गाउनुहोस् । |
| | झोडो र सञ्जेवाली गाउन | झोडो र सञ्जेवाली | झोडो र सञ्जेवालीको अडियो तथा भिडियो प्रस्तुत गरी विद्यार्थीहरूलाई गाउन लगाउने झोडो र सञ्जेवाली जानकार व्यक्तिलाई स्रोत व्यक्तिको रुपमा कक्षाकोठामा निम्त्याउने र स्रोत व्यक्तिसंगै विद्यार्थीहरूलाई गाउने अभ्यास गराउने | लयबद्ध रुपमा झोडो र सञ्जेवाली गाउनुहोस् । |
| | बिगुल, भोकर हुड्को र मिजरा बजाउने अभ्यास गर्न | बिगुल, भोकर, हुड्को र मिजरा | बिगुल, भोकर हुड्को र मिजरा बजाएको भिडियो देखाई तथा नमुना बादन गरी विद्यार्थीहरूलाई पनि अभ्यास गर्न लगाउने | बिगुल, भोकर हुड्को र मिजरा बजाउनुहोस् । |
| | हुड्केली र ढुस्को नाँच नाच्न | हुड्केली र ढुस्को नाँच | हुड्केली नाच र ढुस्कोको श्रव्य दृष्य सामग्री देखाई विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने । | अवलोकन |
| ७.स्थानीय संस्था र स्थानीय व्यक्तित्वहरू | शैक्षिक क्षेत्रमा शङ्करपुर क्याम्पसको भूमिका उल्लेख गर्न | शङ्करपुर क्याम्पसको भूमिका | विद्यार्थीहरूलाई शङ्करपुर क्याम्पसको वृत्तचित्र देखाई अवस्थिति र स्थापनाबारे छलफल गर्न लगाउने र त्यसले शैक्षिक क्षेत्रमा खेलेको भूमिका उल्लेख गर्न प्रोत्साहित गर्ने । | प्रतिवेदन प्रस्तुति |
| | वडा न ५ र ६ को समुदायगत मुख्य विशेषता उल्लेख गर्न | वडा न ५ र ६ को समुदाय (समुदायगत बनोट) | वडा न ५ र ६ को समसदाय (समसदायगत बनोट) विशेषताहरु बारे छलफल गर्दै वडा न.५ र ६ को विशेषता उल्लेख गर्न लगाउने । | वडा न ५ र ६ को समुदायगत मुख्य विशेषताहरू उल्लेख गनुहोस् |

| | | | | |
|---|---|---|---|---|
| ८.हाम्रो पेसा व्यवसाय प्रविधि र आर्थिक क्रियाकलाप | कुखुरा पालन र ससा पालनको आर्थिक महत्व उल्लेख गर्न | कुखुरा पालन र ससा पालन | विद्यार्थीहरूलाई कुखुरा पालन र ससापालनबाट हुने फाइदाहरूबारे छलफल गर्ने र छलफलबाट प्राप्त बुँदाहरू टिपोट गर्न लगाउने । | टिपोट गरे नगरेको रुजु गर्ने । |
| | पात्थर खानसँग परिचित हुन | पात्थर खानको परिचय | पालिकाभित्र रहेका पात्थर खानको क्षेत्र भ्रमण गरी त्यसको महत्वबारे छलफल गर्दै परिचय प्रस्तुत गर्न लगाउने | परियोजना कार्य |
| | बल्लु जोतेर मई चलाउने अभ्यास गर्न | बल्लु जोतेर मई चलाउने प्रविधिको प्रयोग | विद्यार्थीहरूलाई विद्यालय नजिक रहेको खेतमा बल्लु जोतेर मईको प्रयोग गरी खेत जोतिरहेको अवस्था अवलोकन गर्न लगाउने<br>त्यसपछि पालै पालो अभ्यास गर्न लगाउने | प्रयोग अभ्यास अवलोकन |
| | धान गहुँ, मकै गोड्ने र सुप्पाले निफन्ने अभ्यास गर्न | धान ,गहुँ, मकै गोड्ने र सुप्पाले निफन्ने अभ्यास | विद्यार्थीहरूलाई धान, गहुँ मकै गोडिरहेको तथा सुप्पाले निफन्ने अभ्यासको भिडियो देखाई छलफल गर्दै उचित प्रक्रिया बताएर अभ्यास गर्न प्रोत्साहित गर्ने । | प्रयोग अभ्यास अवलोकन |
| | नर्सरी व्यवसायको परिचय र महत्व उल्लेख गर्न | नर्सरी व्यवसायको परिचय र महत्व | विद्यालय नजिक रहेको नर्सरीको अवलोकन गर्न लगाउने र नर्सरी व्यवसायको महत्वबारे छलफल गरी फाईदाहरूको सुची बनाउन लगाउने | नर्सरी व्यवसायको परिचय र महत्व उल्लेख गर्नुहोस् । |
| | स्थानीय बजार मालिकार्जुन मड सँग परिचत हुन | मालिकार्जुन मड | विद्यार्थीहरूलाई मालिकार्जुन मडको अवलोकन भ्रमण गराई मणको बारेमा जाने बुझेका कुराहरू टिपोट गर्ने र थप शिक्षकले सहजीकरण गर्ने । | परियोजना कार्य |
| ९.विपद् व्यवस्थापन | डाल तथा हिउ परेका बेला उचित सावधानी अपनाउन | डाल तथा हिउँ पर्ने बेला अपनाउनुपर्ने सावधानीहरू | डाल र हिउँ परेको भिडियो विद्यार्थीहरूलाई देखाई त्यसका असरहरू बारे छलफल गरी अपनाउन्पर्ने सावधानीहरू लेख्न लगाउने | डाल तथा हिउँ बाट बच्ने सावधानीका उपायहरू उल्लेख गर्नुहोस् । |

## ८.८. कक्षा ८ (आठ) को पाठ्यवस्तु विस्तृतीकरण :

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | मालिकार्जुन गाउँपालिका रहेको जिल्लाको परिचय र त्यसभित्र रहेका स्थानीय तहहरूको नाम र सङ्ख्या उल्लेख गर्न । | जिल्लाको परिचय र जिल्लाभित्रका स्थानीय तह | दार्चुला जिल्लाको मानचित्र प्रदर्शन गर्दै दार्चुला जिल्लाको परिचय बारे छलफल गरी त्यस जिल्लामा रहेका स्थानीय तहहरूको नाम र सङ्ख्या उल्लेख गर्न लगाउने । | हाम्रो दार्चुला जिल्लाको परिचय दिनुहोस्। दार्चुला जिल्लामा रहेका स्थानीय तहहरूको सुची बनाउनुहोस् । |
| हाम्रो मालिकार्जुन | मालिकार्जुन गाउँपालिकाको जनसाङ्ख्यिक विवरण प्रस्तुत गर्न । | मालिकार्जुन गाउँपालिकाको जनसाङ्ख्यिक विवरण | २०७८ सालको जनगणनामा आधारित मालिकार्जुन गाउँपालिकाको जनासाङ्ख्यिक विवरणको चार्ट देखाई प्रत्येक वडाहरूमा भएको जनसंख्या विवरण माथि छलफल गर्ने र मालिकार्जुन गाउँपालिकाको ८ वटै वडामा रहेको जनसङ्ख्यालाई स्तम्भ चित्र बनाई प्रदर्शन गर्ने । | मालिकार्जुन गाउँपालिकाको वडागत जनसङ्ख्याको सूची तयार गर्नुहोस् । |
| हाम्रो मालिकार्जुन | गाउँपालिका अन्तर्गत शिक्षामा विशेष महत्व बोकेका कार्यक्रमहरू उल्लेख गर्न । | गाउँपालिका अन्तर्गत शिक्षाका कार्यक्रमहरू (दिवा खाजा, विद्यालय पोषण, शिक्षा बाल सुरक्षा, प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति) । | गाउँपालिकाअन्तर्गत शिक्षामा विशेष महत्व बोकेका कार्यक्रमहरूको सुची बनाई कक्षामा प्रदर्शन गर्ने । गाउँपालिकाको स्थलगत भ्रमण गर्न लगाई गाउँपालिकाअन्तर्गत शिक्षामा विशेष महत्व बोकेका कार्यक्रमहरूको बारेमा जानकारी दिदै सहजीकरण गर्ने । | गाउँपालिका अन्तर्गत शिक्षामा विशेष महत्व बोकेका कार्यक्रमहरू के के हुन्? सूची तयार गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| हाम्रो मालिकार्जुन | गाउँसभा गठन पक्रियाको बारेमा भन्न र लेख्न । | गाउँसभा गठन प्रक्रिया । | गाउँसभाका पदाधिकारीहरूको विवरणसहितको तालिका प्रदर्शन गरी टिपोट गर्न लगाउने र गाउँसभाका पदाधिकारीहरूको चयन प्रक्रियाबारे बताउने । | गाउँसभा गठन प्रक्रियाको बारे छोटकरीमा लेख्नुहोस् । |
| हाम्रो मालिकार्जुन | गाउँसभा अन्तर्गत रहेका विभिन्न विषयगत समितिका कार्यहरू उल्लेख गर्न । | गाउँसभा अन्तर्गतका विषयगत समितिहरू | गाउँसभा अन्तर्गत रहेका विभिन्न विषयगत समितिहरूको विवरण सम्बन्धी तालिका देखाई सो समितिका कार्यहरूका बारेमा छलफल गरी प्रस्तुत गर्न लगाउने । | गाउँसभा अन्तर्गत कति वटा विषयगत समितिहरू हुन्छन् ? तिनका कार्यहरू उल्लेख गर्नुहोस् । |
| योग ध्यान आयुर्वेद र स्थानीय खेलहरू | आसनहरूको अभ्यास गर्न | विभिन्न आसनहरू (वृक्षासन, मण्डुकासन, हालसन, गोमुखासन) | आफूले विभिन्न आसनहरू गरेर देखाउँदै विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने । | विद्यार्थीहरूलाई विभिन्न आसनहरू गर्न लगाई अवलोकन गर्ने । |
| | प्राणायामको अभ्यास गर्न | प्राणायाम (८ ओटा) | आफुले विभिन्न प्राणायाम गरेर देखाउँदै विद्यार्थीहरूलाई पनि प्राणायाम गर्न लगाउने । | विद्यार्थीहरूलाई विभिन्न प्राणायाम गर्न लगाई अवलोकन गर्ने । |
| | सूर्य नमस्कारको अभ्यास गर्न । | सूर्य नमस्कार | आफुले सूर्य नमस्कार गरेर देखाउँदै विद्यार्थीहरूलाई पनि सूर्य नमस्कारको अभ्यास गर्न लगाउने । | विद्यार्थीहरूलाई सूर्य नमस्कारको अभ्यास गर्न लागाईअवलोकन गर्ने । |
| | ध्यान मुद्रामा बस्ने अभ्यास गर्न । | ध्यान मुद्रा | आफुले ॐ कारको ध्वनि उच्चारण गर्दै ध्यान मुद्रामा बस्ने र विद्यार्थीहरूलाई अनुकरण गर्न लगाउने । | विद्यार्थीहरूलाई ध्यान मुद्राको अभ्यास गर्न लगाई अवलोकन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| हाम्रो परम्परा, संस्कृति र मूल्य मान्यता | मालिकार्जुन देवताको इतिहाँस भन्न र लेख्न । | मालिकार्जुन देवताको इतिहाँस | मालिकार्जुन देवताको इतिहास बुझेको व्यक्तिलाई स्रोत व्यक्तिको रूपमा कक्षामा निम्त्याई छलफल गर्न लगाउने वा मालिकार्जुन देवताको इतिहास सम्बन्धी श्रव्यदृश्य सामाग्री प्रदर्शन गरी मालिकार्जुन देवताको इतिहाँस भन्न र लेख्न लगाउने । | प्रतिवेदन प्रस्तुत |
| | मालिकार्जुन पुजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्व उल्लेख गर्न । | मालिकार्जुन पुजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्व | मालिकार्जुन पूजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्वको बारेमा व्याख्या गरी महत्वपूर्ण बुँदाहरू टिपोट गर्न अभिप्रेरित गर्ने । | मालिकार्जुन पुजन जात्राको ऐतिहासिक तथा धार्मिक महत्व बारे वर्णन गर्नुहोस् । |
| | सत्यनारायण पुजामा सहभागिता जनाई आदरभाव व्यक्त गर्न । | सत्यनारायण पुजाको विशेषता र महत्व | सत्यनारायण पुजाको बारेमा छलफल गर्न लगाई सत्यनारायण पुजाको विशेषता र महत्व बारेमा जानकारी गराउँदै सहभागिता र आदरभाव व्यक्त गर्न उत्प्रेरित गर्ने । | अवलोकन |
| | शिखर पुजन र गैर मन्दिर जातबारे परिचित हुन । | शिखर पुजन र गैर मन्दिर जात | शिखर पुजन र गैर मन्दिर जातको श्रव्य दृश्य सामाग्री प्रदर्शन गरी छलफल गर्दै उक्त जातको परितय तथा महत्व बताउँदै विद्यार्थीहरूलाई लेख्न र भन्न अभिप्रेरित गर्ने । | प्रतिवेदन प्रस्तुत |
| | स्थानीय पहिरनको संरक्षणका उपायहरू अपनाउन | स्थानीय पहिरनको संरक्षण | स्थानीय पहिरनहरूको नमुना प्रदर्शन गरी पहिचान गर्न लगाउने तथा तिनीहरूको प्रयोग र संरक्षणका उपाय बारे छलफल गरी स्थानीय पहिरनको प्रयोग गर्न उत्प्रेरित गर्ने । | अवलोकन |

| | | | | |
|---|---|---|---|---|
| धार्मिक सम्पदा संरक्षणमा समाज, संघसंस्था र स्थानीय सरकारको भुमिका | धार्मिक सम्पदा संरक्षणमा समाज, संघसंस्था र स्थानीय सरकारको भुमिकाको बारेमा भन्न र लेख्न । | धार्मिक सम्पदा संरक्षणमा समाज,संघसंस्था र स्थानीय सरकारको भूमिका | धार्मिक सम्पदा संरक्षणमा समाज, संघसंस्था र स्थानीय सरकारको भूमिकाको बारेमा छलफल गर्न लगाउने र यिनीहरूको भूमिकाको बारेमा समूहगत रुपमा बुँदाहरू टिपोट गर्न प्रोत्साहित गर्ने । | धार्मिक सम्पदा संरक्षणमा समाज,संघसंस्था र स्थानीय सरकारको भुमिकालाई बुँदागत रुपमा उल्लेख गर्नुहोस् ? |
| | मालिकार्जुन गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वनहरूको सुची बनाउन | मालिकार्जुन गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वनहरू | मालिकार्जुन गाउँपालिकाभित्र आफुलाई थाहा भएका सामुदायिक वनहरूको नाम भन्न लगाउने र शिक्षकले पालिकाभित्रका सम्पुर्ण सामुदायिक वनहरूको सुची भएको चार्ट प्रदर्शन गर्दै छलफल गराई मुख्य सामुदायिक वनहरूको नाम टिपोट गर्न लगाउने । | मालिकार्जुन गाउँपालिका अन्तर्गत रहेकासामुदायिक वनहरूको सुची तयार गर्नुहोस् । |
| | महाकाली नदीको परिचय दिन र महत्व बताउन । | महाकाली नदीको परिचय दिन र महत्व | महाकाली नदीको परिचय र यसको भौगोलिक, धार्मिक, सामरिक तथा अन्तराष्ट्रिय महत्वको बारेमा छलफल गर्ने र महकाली नदीको महत्वलाई बुँदागत रुपमा भन्न र लेख्न लगाउने । | महाकाली नदीको महत्व बारे व्याख्या गर्नुहोस् ? |
| | ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय क्षेत्र उकु महलको बारेमा छोटकारीमा वर्णन गर्न । | उकु महल | ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय क्षेत्र उकु महलको भ्रमण गर्न लगाई उक्त ठाउँमा बसोबास गर्ने मानिसहरूसँग महलको बारेमा छलफल गर्न लगाई त्यसको महत्वबारे बुँदागत रुपमा टिपोट गर्न लगाउने । | परियोजना कार्य |

| | | | | |
|---|---|---|---|---|
| हामो भाषा र बोलीचाली लोकगीत, बालगीत, नाँच र स्थानीय बाजा | स्थानीय भाषामा प्रयोग गरिने शब्दहरू प्रयोग गरी संवाद तयार गर्न | स्थानीय भाषामा संवाद | स्थानीय भाषामा प्रयोग गरिने विभिन्न शब्दहरू प्रयोग गरी विद्यार्थीहरू त्रिच संवाद गरी लेख्न लगाउने । | स्थानीय भाषा प्रयोग गरी संवाद लेख्नुहोस् । |
| | हुड्केली, भडाहा, चैतलो र देउडा खेल्ने तथा गाउने अभ्यास गर्न । | हुड्केली, भडाहा, चैतलो र देउडा | स्थानीय स्तरमा हुड्केली, भडाहा, चैतलो र देउडा खेल्न तथा गाउन जान्ने व्यक्तिलाई आमन्त्रित गरी उक्त विधाहरूको अभ्यास गर्न लगाउने । | अभ्यास तथा अवलोकन |
| | बिगुल तथा मसकबीन बजाउने सिपको विकास गर्न । | बिगुल तथा मसकबीन | स्थानीय स्तरमा दक्ष व्यक्तिलाई आमन्त्रित गरी बिगुल तथा मसकबीन बजाउने अभ्यास गर्न लगाउने । | अवलोकन । |
| | छलिया नाँच नाँच्न | छलिया नाँच | श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरी वा स्थानीय स्तरमा उपलब्ध दक्ष व्यक्तिलाई आमन्त्रित गरी छलिया नाँचको प्रदर्शन गरी विद्यार्थीहरूलाई अनुकरण गर्न लगाउने । | अवलोकन । |
| स्थानीय संस्था र स्थानीय व्यक्तित्वहरू | स्थानीय स्तरमा रहेका प्रहरी चौकीहरूको नाम भन्न र तिनीहरूले प्रवाह गर्ने सेवाहरूको सुची तयार गर्न । | स्थानीय स्तरमा रहेका प्रहरी चौकी | स्थानीय स्तरमा रहेका प्रहरी चौकीहरूको नाम र ती चौकीबाट सम्पादन गरीने कार्यहरूको सुची भएको चार्ट प्रदर्शन गरी टिपोट गर्न लगाउने । | स्थानीय स्तरमा रहेका प्रहरी चौकहरूको नाम र तिनीहरूले प्रवाह गर्ने सेवाहरूको सुची तयार गर्नुहोस् । |
| | राजनीतिज्ञ प्रेम सिंह धामीको परिचय र योगदानको बारेमा भन्न र लेख्न । | प्रेम सिंह धामी | राजनीतिज्ञ प्रेम सिंह धामीको परिचय दिंदै उनले गरेका योगदानका बारेमा छलफल गर्ने र उनले गरेका कार्यहरूको सुची सहितको चार्ट प्रदर्शन गरी टिपोट गर्न लगाउने । | प्रेम सिंह धामीको जीवनी छोटकरीमा वर्णन गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं. ७ र ८ को समुदायगत मुख्य विशेषता पहिचान गर्न । | वडा नं. ७ र ८ को समुदायगत मुख्य विशेषता | वडा नं. ७ र ८ मा बसोबास गर्ने मानिसहरूको मुख्य जातजाति, कृषि तथा वन पैदावारहरूको बारेमा छलफल गरी सुची तयार गर्न लगाउने । | वडा नं. ७ र ८ मा बसोबास गर्ने मानिसहरूको मुख्य जातजातिहरूको नाम लेखी त्यहाँ पाइने मुख्य कृषि तथा वन पैदावारहरूको सुची तयार गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. हाम्रो पेसा व्यवसाय प्रविधि र आर्थिक क्रियाकलाप | मौरी पालन र पुष्प व्यवसायको आर्थिक महत्व उल्लेख गर्न | मौरी पालन र पुष्प व्यवसाय | विद्यार्थीहरूलाई मौरी पालन र पुष्प व्यवसायबाट हुने फाइदाहरू बारे छलफल गर्ने र छलफलबाट प्राप्त बुँदाहरू टिपोट गर्न लगाउने । | मौरी पालन र पुष्प व्यवसायको आर्थिक महत्व उल्लेख गर्नुहोस् । | |
| | काष्ठ उद्योगको परिचय र महत्व उल्लेख गर्न । | काष्ठ उद्योगको परिचय र महत्व | पालिकाभित्र रहेका काष्ठ उद्योगको क्षेत्र भ्रमण गर्ने र काष्ठ उद्योगका महत्व बारे छलफल गरी बुँदा टिपोट गर्ने | काष्ठ उद्योगको परिचय र महत्व उल्लेख गर्नुहोस् । | |
| | हलो चलाउने अभ्यास गर्न । | हलो चलाउने अभ्यास | विद्यार्थीहरूलाई विद्यालय नजिक रहेको खेतमा खेत जोतिरहेको अवस्था अवलोकन गर्न लगाउने र विद्यार्थीहरूलाई पनि पालै पालो अभ्यास गर्न लगाउने । | हलो चलाउने अभ्याय गर्नुहोस् । | |
| | लिखु लगाउने अभ्यास र गुड बनाउने प्रविधि बारे उल्लेख गर्न । | लिखु लगाउने अभ्यास र गुड बनाउने प्रविधि | विद्यार्थीहरूलाई लिखु लगाउने तरिका बारे छलफल गर्दै अभ्यास गर्न लगाउने र गुड बनाउने प्रविधिको भिडियो प्रदर्शन गरी प्रष्ट पार्ने । | अवलोकन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | यातायात व्यवसायको परिचय र महत्व बताउन । | यातायात व्यवसायको परिचय र महत्व | विद्यार्थीहरूलाई विभिन्न यातायातका साधनहरूको चित्र, पोष्टर भिडियो देखाई यातायातका साधन हरूको नाम टिप्न लगाउने र यातायात बाट प्राप्त हुने फाइदाहरू कोबारे छलफल गरी बुँदा टिपोट गर्न लगाउने | यातायात व्यवसायको परिचय र महत्व उल्लेख गर्नुहोस । | |
| | स्थानीय पस्ती बजार को परिचय भन्न | पस्ती बजारको परिचय | विद्यार्थीहरू लाई स्थानीय पस्ती बजारको बारेमा जाने बुझेका कुराहरू टिपोट गर्ने र थप शिक्षकले सहजीकरण गर्ने । | स्थानीय पस्ती बजारको परिचय दिनुहोस् । | |
| ९.विपद् | गाज्यु र सउला काट्दा अपनाउनुपर्ने सावधानीहरू उल्लेख गर्न | गाज्यू र सउला काट्दा अपनाउनु पर्ने सावधानी | विभिन्न ठाउँमा भिर र रुखहरूबाट मानिसहरू खसेर दुर्घटनाबारे छलफल गरी अपनाउनुपर्ने सावधानीहरू लेख्न लगाउने | गाज्यु तथा सउला काट्दा अपनाउनु पर्ने सावधानीका उपायहरू उल्लेख गर्नुहोस् । | |

## ९. सिकाइ सहजीकरण प्रक्रियाः

### ९.१.आधारभूत तह कक्षा १–३ मा सिकाइ सहजीकरण प्रक्रियाः

स्थानीय विषय शिक्षण सिकाइ सहजीकरण गर्दा अन्य विषयसँग मिल्दा जुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिलाई सँग सँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । स्थानीय विपषय शिक्षणका सनदर्भमा छनोट गरीएका विधि, प्रक्रिया तथा क्रियाकलापले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ । सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिप, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता वैयक्तिक सिप, सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिप, विभिन्न किसिमका बहुसाक्षरता सिप र नागरीक दायित्व सम्बन्धी विभिन्न किसिमका नागरीक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ । विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

**सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू:**

**१. कथाकथन एवम् गीत :**

यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

**२. आगमन विधि :**

यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरीन्छ ।

**३. भूमिका निर्वाह/अभिनय :**

यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरीन्छ ।

**४. निर्माणात्मक कक्षा :**

यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

**५. सहयोगात्मक कक्षा :**

यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**६. परियोजना कार्य :**

विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

**७. छलफल र प्रश्नोत्तर :**

यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर

र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्**कन गर्ने** प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**८. अन्वेषण, अनुसन्धान तथा खोज :**

यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नंपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा

खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**९. प्रविधियुक्त कक्षा :**

मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्**कन गर्न सकिन्छ ।**

**१०. सिर्जनात्मक कार्य :**

यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**११. समस्या समाधान विधि :**

यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरीन्छ ।

**१२. खेल विधि :**

यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

## ९.२. आधारभूत तह कक्षा (४-८) सिकाइ सहजीकरण प्रक्रियाः

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । शिक्षण सिकाइका क्रममाविभिन्न शिक्षण सिकाइ रणनीतिको प्रयोग गर्न सकिन्छ । विषयको प्रकृतिअनुसार मस्तिष्क मन्थन, ग्यालरी हिडाइ, सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने, ट्री चार्ट र एम चार्ट, ग्राफिटी, जिग्स, घटना परस्पर शिक्षण आदि जस्ता रणनीतिको प्रयोग गर्नुपर्दछ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा (४-८) को यो पाठ्यक्रमा समावेश गरीएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धति भन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई

जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ। विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छ :

**शिक्षण विधि:**

**(अ) प्रयोगात्मक विधि :** प्रयोगात्मक कार्यमा आधारित भई आफैले गरेर सिक्ने विधि प्रयोगात्मक विधि हो । प्रयोगमा आधारित भई शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । यस पाठ्यक्रममा पनि धेरै जसो विषयवस्तुको छनौट गर्दा प्रयोग अभ्यास गर्न सकिने विषयवस्तुलाई चयन गरीएकाले ती विषयवस्तुको शिक्षण सिकाइ प्रयोगपरक ढङ्गले नै हुन आवश्यक रहेको छ। जस्तै माणा पकाउने अभ्यास, दमौ बजाउने अभ्यास आदिको शिक्षण प्रयोगबाट नै हुने हुँदा यस्ता सिकाइ उपलब्धि प्राप्त गर्नका लागि प्रयोगात्मक अभ्यास हुन आवश्यक रहेको छ ।

**(आ) अवलोकन तथा क्षेत्र भ्रमणविधि :** यस स्थानीय पाठ्यक्रम अन्तर्गत विभिन्न विषयवस्तु शिक्षणका क्रममा स्थानीय स्तरमा रहेका ठाँउ तथा क्षेत्रहरूको अवलोकन भ्रमणमा जोड दिइएको छ। यसले सिकाइलाई दिगो र खोजमूलक बनाउने हुँदा अवलोकन तथा अध्ययन विधिमा विशेष जोड दिनु आवश्यक रहेको छ । विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ। अवलोकन भ्रमण पश्चात् सिकारुले सिकेका कुराहरूलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।

**(इ) छलफल विधि :** विभिन्न विषयहरूमा छलफल गर्नका लागि केकेबुँदामा छलफल गर्ने हो र छलफल पश्चात्केकस्ता प्रश्नहरू सोध्ने होत्यसकोपूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरीने पुष्प व्यवसायका बारेमा छलफल गरी प्रश्नोत्तर गर्न सकिन्छ। गुञ्जसत्र, समूह छलफल, मस्तिस्क झङ्कार, प्यानेल छलफल, विज्ञ छलफल आदि विभिन्न प्रकारका छलफलबाट शिक्षण सिकाइलाई निरन्तरता दिन सकिन्छ।

**(ई) समस्या समाधान विधि** : कुनै विषयवस्तु वा पाठसँग सम्बन्धित समस्या विद्यार्थी सामु प्रस्तुत गरी उनीहरूबाटै त्यो समस्या समाधान गर्न प्रयत्न गरीने विधि समस्या समाधान हो । यस स्थानीय विषयको पाठ्यक्रममा पनि विभिन्न विषयवस्तुलाई समस्या समाधानमा आधारित भएर शिक्षण सिकाइ कार्य गर्नुपर्ने भएकाले यसको प्रयोगमा जोड दिन आवश्यक रहेको छ ।

**(उ) प्रदर्शन विधि :** शिक्षण सिकाइ कार्य सम्पन्न गर्दा विभिन्न माध्यमबाट विभिन्न विषयवस्तुको प्रदर्शन गरी सिकाइलाई प्रभावकारी बनाउने गरीन्छ। शिक्षक,विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न साामग्रीहरू संकलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी

गराएर गरीएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ । आवश्यकता अनुसार वास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियोक्लिप्स, फिलिम फुटेज, चित्र, तस्वीर तथा श्रब्य, दृष्य, श्रब्य/दृष्य सामग्री, मोबाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ । यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ ।

**(ऊ) प्रश्नोत्तर विधि :** स्थानीय विषयसँग बालबालिका परिचित हुने भएकाले शिक्षण सिकाइका सन्दर्भमा प्रश्नोत्तर विधि पनि महत्त्वपूर्ण हुन्छ । लिखित तथा मौखिक दुबै कार्यमा यसको उपयोग गर्न आवश्यक हुन्छ ।

**(ए) परियोजना विधि/कार्य :** परियोजना कार्य त्यो व्यवस्थित शिक्षण विधि हो, जसले विद्यार्थीलाई चाहिने आवश्यक ज्ञान र जीवनलाई अगाडि बढाउन आवश्यक सिप सिक्नका लागि व्यस्त राख्दछ । आफै गरेर सिक्ने र समस्याको अध्ययन तथा विश्लेषण गरी समाधान गर्ने विधि परियोजना विधि हो । यसले विद्यार्थीलाई सक्रिय बनाएर आफ्नो क्षमताको प्रदर्शन गर्न सहयोग पुर्‍याउने गर्दछ । परियोजाना कार्य गराउँदा शिक्षकले उपयुक्त वातावरण सिर्जना गर्ने, कक्षाकोठालाई रुचिपूर्ण बनाउने, विद्यार्थीलाई आवश्यक टेवा दिई सहजीकरण गर्नुपर्ने हुन्छ । परियोजना कार्य गराउँदा सामान्यतया निम्मलिखित ढाँचामा आधारित भएर गराउन सकिन्छः

**परियोजना कार्यको प्रस्तुतीकरण ढाँचा (प्रतिवेदनको ढाँचा)**

(क) शीर्षक (ख)उद्देश्य (ग) विधिहरू (घ) मुख्य प्राप्तिहरू (ङ) निष्कर्ष

शिक्षक तथा सहजकर्ताले परियोजना कार्यको अभिलेखीकरण गर्दा विशेष ध्यान दिनुपर्दछ । परियोजना कार्यको अभिलेखीकरण गर्दा निम्नलिखित ढाँचामा अभिलेखीकरण गर्न सकिन्छ :

**परियोजना कार्यको अभिलेखीकरण**

शीर्षक :

उद्देश्य :

प्रयोग गरीएको सामग्री :

| **सम्पादन गरीएको कार्य** | **मुख्य सिकाइ** |
|---|---|
| | |

**परियोजना कार्यका केही उदाहरणहरू :**

- संस्कृतिगत विशेषता झल्कने चित्र, कथा, पोस्टर, भिडियो आदि सामग्री सङ्कलन गर्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।
- तपाईंको वडा कार्यालयमा सम्पर्क गरी  वडा कार्यालयसँग भएको जनसाङ्खिक विवरण सङ्कलन गरी चार्ट तयार पार्नुहोस् ।

| विवरण | जनसंख्या (२०.......साल) |
|---|---|
| कुल जनसङ्ख्या | |
| जन्म | |
| मृत्यु | |
| उमेरगत जनसङ्ख्या | |

शिक्षकको सहयोगमा नजिकका वडा कार्यालय जानुहोस् र पदाधिकारीहरूका सम्बन्धमा निम्न जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस्:

| गाउँपालिकाको नाम | वडा न. | पदाधिकारीहरू | कसले र कसरी छनोट भएका | पदावधि |
|---|---|---|---|---|
| | | | | |

आफ्नो समुदायमा रहेका धार्मिक, प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

- आफ्नो छिमेकमा भएको कुनै व्रतबन्ध कार्यक्रममा गरीने क्रियाकलापहरू अभिभावकलाई सोधी लेखेर ल्याउनुहोस् ।
- आ–आफ्नो टोल छिमेकमा भएका धार्मिक स्थलहरूको नाम उल्लेख गरी तिनीहरूको महतत्व तथा संरक्षणका लागि गरीएका कार्यहरू आफ्नो अभिभावकलाई सोधेर ल्याउनुहोस् ।
- सामूहिक रूपमा स्थानीय स्तरमा सञ्चालित फलफूल खेती भएका ठाउँमा भ्रमण गरी त्यसबाट हुने फाइदाहरूको सूची बनाउनुहोस् ।
- निश्चित समूह निर्माण गरी स्थानीय स्तरमा रहेका सरकारी संघ संस्थामा गई त्यसको स्थापना, उद्देश्य र कार्यहरूको तालिका बनाएर ल्याउनुहोस् ।

| स्थानीय सरकारी संस्थाको नाम | स्थापना | उद्देश्य | कार्यहरू |
|---|---|---|---|
| | | | |

स्थानीय बजारको अवलोकन गरी निम्नानुसारको ढाँचामा त्यसका विशेषताहरूको सूची तयार पार्नुहोस् ।

| स्थानीय बजारको नाम | स्थानीय बजारमा रहेका पसलका प्रकार | स्थानीय बजारमा उपलब्ध अन्य सेवाहरू |
|---|---|---|
| | | |

ऐतिहासिक तथा पुरातात्विक र धार्मिक महत्व बोकेका स्थलहरूको भ्रमण गरी निम्नानुसारको ढाँचामा त्यसका विशेषताहरूको सूची तयार पार्नुहोस् :

| ऐतिहासिक तथा पुरातात्विक धार्मिक महत्व बोकेका स्थलको नाम | विशेषता |
|---|---|
| | |

## १०. मूल्याङ्कन प्रक्रियाः

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरीने छ :

### १०.१ आधारभूत तह कक्षा १-३ को मूल्याङ्कन प्रक्रिया :

आधारभूत तह कक्षा १-३ मा निर्माणात्मक प्रकृतिमा आधारित मूल्याङ्कन पद्धतिलाई विशेष जोड दिनु पर्दछ । शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरीने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरीनुपर्दछ ।

कक्षा १–३ मा गरीने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने तथा दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही

गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्यांकन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

**विद्यार्थीको निरन्तर परीक्षण तथा मूल्याङ्क्नका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू**

**१. कक्षा कार्य** : कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्क्न गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षा कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ ।

**२. गृहकार्य** : कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्क्न गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १–३ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहका विद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना कार्य :** विद्यार्थीको क्षमता, स्तर र पाठय् वस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ, जस्तै : आफ्नो समुदायमा बोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नँपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. व्यवहार परिवर्तनको अवलोकन** : सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको अवलोकन हेरी पृष्ठपोषण दिन सकिन्छ, जस्तै : शुद्ध उच्चारण आदि ।

**५. सिर्जनात्मक कार्य :** विद्यार्थीले अधिकतम मात्रामा क्षमता उपयोग गर्ने अवसरका लागि सिर्जनात्मक कार्य दिइन्छ, जस्तै : कविता निबन्ध, कथा लेखन आदि ।

**६. हाजिरी :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगीतामा पनि ध्यान दिनुपर्छ ।

**७. लिखित तथा मौखिक प्रश्नोत्तर :** अध्ययन अध्यापनका क्रममा लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ ।

**८. कक्षा सहभागिता :** विद्यार्थीको कक्षा कार्यमा सहभागीताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्क्न गर्न सकिन्छ ।

**९. छोटा परीक्षाह**रू : कक्षा १–३ मा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्क्न गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ ।

**१०. विद्यार्थीको प्रत्यावर्तन सिट** : विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्क्न गर्न सकिन्छ ।

**११. के जानेको छ, के सिक्ने र के सिक्यो उल्लेख गरीने तालिका** : यसमा तीन महलको तालिका बनाइन्छ । पहिलोमा विद्यार्थीहरूले कुनै विषयवस्तु, प्रश्न वा खोजको विषयको बारेमा के जानेका छन् ?

के बुझेका छन् ? उनीहरूको पूर्वज्ञान के छ ? भनी छलफलद्वारा पत्ता लागाएर लेखिन्छ । दोस्रो महलमा कुनै विषयवस्तु, प्रश्न वा खोजको विषयको बारेमा विद्यार्थी के जान्न चाहन्छन् भन्ने कुरा उल्लेख गरीन्छ । तेस्रो महलमा कुनै विषयवस्तु, प्रश्न वा खोजको विषयको बारेमा के ज्ञान निर्माण गरे ? के सिके ? के अवधारणा विकास गरे ? भन्ने कुरा उल्लेख गरीन्छ । यो तरिकाले प्राप्त सूचना र तथ्यहरू पाठ पढाउनुअघि, पढाउँदा पढाउँदै वा पढाइसकेपछि पनि प्रयोग गर्न सकिन्छ । यो विद्यार्थीहरूलाई कुनै नयाँ पाठ सुरू गर्नं अघि क्रियाकलापमा सहभागी गराउन, उनीहरूको पूर्वज्ञान परीक्षण गर्न र विद्यार्थीहरूको सिकाइको अनुगमन तथा परीक्षण गर्न समेत प्रयोग गर्न सकिन्छ ।

**१२. विद्यार्थीका कार्यको प्रदर्शन :** विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ ।

**१३. घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन र व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागीता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धीस्तर | मापन | उपलब्धिस्तर सामान्य व्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेका,सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंसिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः

विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिको सिकाइ परीक्षणपश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता तथा सुधारका क्षेत्र एवम् उपाय पहिचान गर्नुपर्छ ।

**विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम**

मुख्य सिकाइ /उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लोस्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरीएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरीनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नंपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरीनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धिस्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरीसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङकको जोड}}{\text{४ X मूल्याङ्कन गरीएका सिकाइ उपलब्धिहरूको संख्या}} \times १००$$

$$\text{समग्र विषय क्षेत्रगतउपलब्धि प्रतिशत} = \frac{\text{समग्र उपलब्धि स्तरको अङकको जोड}}{\text{४ X मूल्याङ्कन गरीएका सिकाइ उपलब्धिहरूको संख्या}} \times १००$$

## हाम्रो मालिकार्जुन स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

### १०.१.१ कक्षा १ (एक) को मूल्याङ्कन अभिलेख

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण | नियमित पढाइ पछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| १. हाम्रो मालिकार्जुन | आफ्नो परिचय दिन | आफ्नो परिचय दिन | | | | | | | |
| | | आफ्नो साथीको नाम भन्न | | | | | | | |
| | | आफ्नो टोलको नाम भन्न | | | | | | | |
| | | आफ्नो टोलमा बस्ने दुई साथीको नाम भन्न | | | | | | | |
| | पालिकाको परिचय दिन | आफु बस्ने गाउँको नाम भन्न | | | | | | | |
| | | आफ्नो छिमेकि गाउको नाम भन्न | | | | | | | |
| | | आफ्नो कुनै दुई जना साथीको गाँउको नाम भन्न | | | | | | | |
| | | आफ्नो पालिकाको नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हामो दैनिक जीवन | साबुन पानीको प्रयोग गरी हातखुट्टा र मुख धुन । | आफ्नो हात खुट्टा तथा अनृहारकोसामान्य सरसफाई गर्न | | | | | | | |
| | | आफ्नो हात खुट्टा तथा अनुहारको साबुन पानीले सरसफाई गर्न | | | | | | | |
| | | हातको सरसफाइ चरणबद्ध रुपमा गर्न | | | | | | | |
| | | आफुभन्दा सानो भाइबहिनीको सामान्य सरसफाई गर्न | | | | | | | |
| | सुक्ष्म व्यायामको अभ्यास गर्न | हातका औलाको सुक्ष्म व्यायाम गर्न | | | | | | | |
| | | मुठ्ठीको सुक्ष्म व्यायाम गर्न | | | | | | | |
| | | कुहिनाको सुक्ष्म व्यायाम गर्न | | | | | | | |
| | | पाखुराको सुक्ष्म व्यायाम गर्न | | | | | | | |
| | जडिबुटिको पहिचान गर्न | एउटा जडीबुटीको नाम भन्न | | | | | | | |
| | | दुइवटा जडीबुटीको नाम भन्न | | | | | | | |
| | | तीनवटा जडीबुटीको नाम भन्न | | | | | | | |
| | | चारवटा जडीबुटीको नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय खेलहरू खेल्न | चिँ मुसी चिँ खेल खेल्दा निकाल्ने लयसंग परिचित हुन | | | | | | | |
| | | चिँमुसी चिँ खेल्दा अपनाउनुपर्ने चरणहरूअपनाउन | | | | | | | |
| | | चिँमुसी चि साथी संग खेल्न | | | | | | | |
| | | समुहगत रुपमा खेल्न | | | | | | | |
| हाम्रो परम्परा संस्कृति र मूल्यमान्यता | स्थानीय चाड पर्वहरूको नाम भन्न | कुनै एक स्थानीय चाडपर्वको नाम भन्न | | | | | | | |
| | | कुनै दुई स्थानीय चाडपर्वको नाम भन्न | | | | | | | |
| | | कुनै तीन स्थानीय चाडपर्वको नाम भन्न | | | | | | | |
| | | कुनै चार स्थानीय चाडपर्वको नाम भन्न | | | | | | | |
| | स्थानीय देवी देवताको नाम भन्न | आफ्नो टोल भित्रका स्थानीय देवी देवताका नाम भन्न | | | | | | | |
| | | आफ्नो गाउभित्रका स्थानीय देवी देवताका नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आफ्नो साथीको गाउतथा टोल भित्रका देवी देवताका नाम भन्न | | | | | | | |
| | | आफ्नो छिमेकि टोल तथा गाउँ भित्रका स्थानीय देवी देवताका नाम भन्न | | | | | | | |
| | धार्मिक क्रियाकलापमा सहभागिता जनाउन । | न्वारनमा सहभागी हुन । | | | | | | | |
| | | ब्रतबन्धमा सहभागी हुन । | | | | | | | |
| | | श्राद्‌मा सहभागी हुन । | | | | | | | |
| | | नाज खुवाउने कार्यक्रममा सहभागी हुन । | | | | | | | |
| | स्थानीय पहिरनको नाम भन्न | कुनै एउटा स्थानीय पहिरनकमो नाम भन्न | | | | | | | |
| | | महिलाले लगाउने कुनै २ स्थानीय पहिरनको नाम भन्न | | | | | | | |
| | | पुरुषले प्रयोग गर्ने कुनै २ वटा पहिरनको नाम भन्न | | | | | | | |
| | | महिला र पुरुषले लगाउने स्थानीय पहिरन छुट्याउन | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय स्तरमा रहेका माणौको पहिचान गर्न । | आफ्नो टोलमा रहेको माणौको नाम भन्न | | | | | | | | |
| | | आफ्नो गाउ भित्रका माणैको नाम भन्न | | | | | | | | |
| | | आफनो साथीको गाउँ तथा टोलमा रहेको कुनै एक माणौको नाम भन्न | | | | | | | | |
| | | आफ्नो वरिपरिका २ वटा माणौको नाम भन्न | | | | | | | | |
| | आफ्नो वरपरका नदि ताल तथा खोलाको नाम बताउन । | आफ्नो घर नजिकै रहेको कुनै एक खोलाको नाम भन | | | | | | | | |
| | | आफ्नो टोल नजिकै रहेको कुनै एक खोलाको नाम भन | | | | | | | | |
| | | आफ्नो गाउँ नजिकै रहेको कुनै एक खोलाको नाम भन | | | | | | | | |
| | | आफ्नो साथीको घर नजिक रहेको खोलाको नाम भन्न | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम भन्न | आफ्नो वरपर रहेको कुनै एक स्थानीय पर्यटकीय क्षेत्रको नाम भन्न | | | | | | | |
| | | आफ्नो वरपर रहेको कुनै दुई स्थानीय पर्यटकीय क्षेत्रको नाम भन्न | | | | | | | |
| | | आफ्नो वरपर रहेको कुनै तीन स्थानीय पर्यटकीय क्षेत्रको नाम भन्न | | | | | | | |
| | | आफ्नो वरपर रहेको कुनै चार स्थानीय पर्यटकीय क्षेत्रको नाम भन्न | | | | | | | |
| शिक्षकको दस्तखत: अभिभावकको दस्तखत र मिति: | | | शिक्षकको दस्तखत: अभिभावकको दस्तखत र मिति: | | | | | | |

| | | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो समुदाय | नाताबोधक शब्दहरूको व्यवहारिक जीवनमा प्रयोग गर्न । | कुनै १ नाता बोधक शब्दलाइ व्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुनै २ नाता बोधक शब्दलाइ व्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |
| | | कुनै ३ नाता बोधक शब्दलाइ व्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |
| | | कुनै ४ नाता बोधक शब्दलाइ व्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |
| | स्थानीय बाल गीत गाउदै नाच्न | स्थानीय एउटा बाल गीत गाउन | | | | | | | |
| | | स्थानीय दुईओटा बाल गीत गाउन | | | | | | | |
| | | स्थानीय बाल गीतमा समुहमा नाच्न । | | | | | | | |
| | स्थानीय बाजाहरूको पहिचान गर्न । | स्थानीय एउटा बाजाको नाम भन्न । | | | | | | | |
| | | स्थानीय कुनै २ बाजाको नाम भन्न । | | | | | | | |
| | | स्थानीय कुनै ३ बाजाको नाम भन्न । | | | | | | | |
| | | स्थानीय कुनै ४ एउटा बाजाको नाम भन्न । | | | | | | | |
| शिक्षकको दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | शिक्षकको दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो वरपरको संसार | स्थानीय बाजाहरूको पहिचान गन | कुनै एउटा स्थानीय बाजाको नाम भन्न | | | | | | | | |
| | | कुनै दुई ओटा स्थानीय बाजाको नाम भन्न | | | | | | | | |
| | | कुनै तीन ओटा स्थानीय बाजाको नाम भन्न | | | | | | | | |
| | | कुनै चार ओटा स्थानीय बाजाको नाम भन्न | | | | | | | | |
| | स्थानीय स्तरमा पाईने अन्न संग परिचित हुन | स्थानीय स्तरमा पाईने कुनै १ अन्नको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा पाईने कुनै २ अन्नको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा पाईने कुनै ३ अन्नको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा पाईने कुनै चार अन्नको नाम भन्न | | | | | | | | |
| | स्थानीय स्तरमासंचालित उद्योगहरूको पहिचान गर्न | स्थानीय स्तरमा सञ्चालित कुनै १ उद्योगको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा सञ्चालित कुनै २ उद्योगको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा सञ्चालित कुनै ३ उद्योगको नाम भन्न | | | | | | | | |
| | | स्थानीय स्तरमा सञ्चालित कुनै ४ उद्योगको नाम भन्न | | | | | | | | |
| | कृषि औजारको पहिचान गर्न | कुनै एउटा स्थानीय औजारको नाम भन्न | | | | | | | | |
| | | कुनै दुई ओटा स्थानीय औजारको नाम भन्न | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुनै तीन ओटा स्थानीय औजारको नाम भन्न | | | | | | | |
| | | कुनै चार ओटा स्थानीय औजारको नाम भन्न | | | | | | | |
| | स्थानीय प्रबिधि संग परिचित हुन | कुनै १ स्थानीय प्रविधिको नाम भन्न | | | | | | | |
| | | कुनै २ स्थानीय प्रविधिको नाम भन्न | | | | | | | |
| | | कुनै ३ स्थानीय प्रविधिको नाम भन्न | | | | | | | |
| | | कुनै ४ स्थानीय प्रविधिको नाम भन्न | | | | | | | |
| | भर्तोलाबजारको परिचय दिन | आफ्नो टोलमा रहेको | | | | | | | |
| | | बजारको नाम भन्न | | | | | | | |
| | | आफ्नो गाउमा रहेको बजारको नाम भन्न | | | | | | | |
| | | आफ्नो साथीको गाउमा रहेको बजारको नाम भन्न | | | | | | | |
| | भल पहिरो भइसालो जस्ता विपद् हरूबाट सजग रहन | भर्तोला बजारको नाम आफ्नो साथीलाई बताउन | | | | | | | |
| | | भलबाट सजग रहन | | | | | | | |
| | | पहिरो बाट सजग रहन | | | | | | | |
| | | भइसालो बाट सजग रहन | | | | | | | |
| | | भल पहिरो र भइसालो बाट आफ्नो भाई बहिनीहरू लाई सजग रहन | | | | | | | |
| शिक्षकको दस्तखत: र मिति: | | अभिभावकको दस्तखत | शिक्षकको दस्तखत: र मिति: | | | | अभिभावकको दस्तखत | | |

## १०.१.२ कक्षा २ (दुई) को मूल्याङ्कन अभिलेख:

कक्षा : दुई

| थिम | सिकाई उपलब्धि | सिकाइ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनको सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| १.हाम्रो मालिकार्जुन | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| | परिवारमा रहेका सदस्यहरू को सङ्ख्या भन्न परिवारका सदस्यसँग को नाता बताउन | १.आफ्नो परिवारका सदस्यहरूको संख्या भन्न | | | | | | | छलफल प्रश्नोत्तर |
| | | २.आफ्नो परिवारका सदस्यहरूसंग को नाता बताउन | | | | | | | छलफल प्रश्नोत्तर |
| | | ३.परिवारका सदस्यहरूसंग नाता अनुसारको अभिवादन गर्न | | | | | | | अवलोकन प्रश्नोत्तर |
| | | ४.आफ्नो र छिमेकी परिवारको सदस्य संख्या भन्न र लेख्न | | | | | | | अभिभावक प्रतिक्रिया प्रश्नोत्तर |
| | पालिकाभित्र रहेका वडा संख्या भन्न । आफू वस्ने वडाको वडा कार्यालय रहेको स्थान पहिचान गर्न | १.आफू बस्ने वडा नं. बताउन | | | | | | | प्रश्नोत्तर<br>प्रश्नोत्तर<br>छलफल/ प्रश्नोत्तर अवलोकन प्रश्नोत्तर |
| | | २.पालिका भित्रका वडा संख्या भन्न । | | | | | | | |
| | | ३. आफू बस्ने वडा कार्यालय रहेको स्थानको नाम भन्न । | | | | | | | |
| | | ४.आफू बस्ने वडाको वडा कार्यालय रहेको स्थानको नाम भन्न र लेख्न । | | | | | | | |
| शिक्षकको दस्तखत: | अभिभावकको दस्तखत र मिति: | | उपलब्धि प्रतिशत | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. हाम्रो दैनिक जीवन | व्यक्तिगत सरसफाई गर्न | १. साबुनपानीको प्रयोग गरी सही तरीकाले हात धुन । | | | | | | | |
| | | २. शरीरका विभिन्न अंगहरू सफा गर्न । | | | | | | | |
| | | ३. आफना लुगाहरू तथा शरीर सफा राख्न । | | | | | | | |
| | | ४. स्वस्थ्यकर र सुरक्षित बानी बसाल्न । | | | | | | | |
| | हात र खुट्टाको सुक्ष्म व्यायम गर्न | १. औंलाहरूको व्यायाम गर्न ।<br>२. औंला र हातको व्यायाम गर्न ।<br>३. शिक्षक र नेताको निर्देशनमा हात र खुट्टाको सूक्ष्म व्यायाम गर्न।<br>४.स्वतःस्फुर्त रुपमा हात र खुट्टाको व्यायाम गर्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.हाम्रो परम्परा संस्कृती र मुल्यमान्यता<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>स्थानीय धार्मिक सम्पदा | स्थानीय स्तरमा पाइने जडिबुटी को पहिचान गर्न<br><br><br><br><br><br><br><br>एक्का दुक्का खेल खेल्न | १.टिमुरको पहिचान गरी व्यवहारिक जीवनमा यसको प्रयोग गर्न ।<br>२.अलैंचीको पहिचान गरी यसको प्रयोग गर्न ।<br>३. दालचीनीको पहिचान गरी यसको प्रयोग गर्न ।<br>४. स्थानीय स्तरमा उपलब्ध हुने अन्य जडिबुटीहरूको पहिचान र सही प्रयोग गर्न ।<br>१. एक्का दुक्का खेलका नियमसंग परिचित हुन ।<br>२. विभिन्न तरिकाले एक्का दुक्का खेल खेल्न<br>३. एक्का दुक्का खेल खेलेर साथीहरूसंग रमाउन ।<br>४ एकल र सामुहिक रुपमा एक्का दुक्का खेल खेल्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बुढी पोल्ने त्यार र विसुपती त्यारमा सहभागिता जनाउन । | १.बुढी पोल्ने त्यारमा गरीने कियाकलापसं ग परिचित हुन । २. बुढी पोल्ने त्यार र विसुपति त्यारमा गरीने कियाकलापसं ग परिचित हुन । ३. बुढी पोल्ने त्यार र विसुपति त्यार मनाइने महिना र कियाकलापको नाम भन्न । ४ बुढी पोल्ने त्यार र विसुपति त्यारमा सहभागिता जनाई साथी र परिवारसंग रमाउन । | | | | | | | |
| | स्थानीय देवीदेवता को नाम पहिचान गर्न । आफ्नो टोल छिमेकमा मनाईने धार्मिक कियाकला पहरूमा | १.स्थानीय देवी देवताहरूको नाम भन्न । २.आफनो साथीको टोलमा रहेका स्थानीय देवी देवताहरूको नाम भन्न । ३.स्थानीय देवी देवताहरूको नाम भन्न र लेख्न । ४.स्थानीय देवी देवताहरूको मन्दिरमा लाग्ने मेला तथा जात्रामा | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लोक गीत बालगीत र नाच<br><br>हाम्रो पेश व्यवसाय प्रविधी र आर्थिक क्रियाकलाप | सहभागी हुन | सहभागिता जनाउन ।<br>१. आफ्नो टोल छिमेकमा मनाइने कुनै एक धार्मिक कियाकलापमा सहभागी हुन ।<br>२. आफनो टोल छिमेकमा मनाइने कुनै दुई धार्मिक कियाकलापमा सहभागी हुन ।<br>३. आफनो टोल छिमेकमा मनाइने कुनै तीन धार्मिक कियाकलापमा सहभागी हुन ।<br>४.आफनो टोल छिमेकमा मनाइने कुनै सम्पूर्ण धार्मिक कियाकलापमा सहभागी हुन । | | | | | | | |
| | स्थानीय गरगहनाहरूको पहिचान गर्न । | १.आफनो घरमा प्रयोग गरीने गरगहनाहरूको नाम भन्न ।<br>२. आफनो घरमा तथा छरछिमेकमा प्रयोग गरीने गरगहनाहरूको नाम भन्न ।<br>३. चित्रमा देखाइएका | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गरगहनाहरूको नाम भन्न ।<br>४. चित्रमा देखाइएका गरगहनाहरूको नाम भन्न र लेख्न । | | | | | | | |
| | स्थानीय स्तरमा रहेका धार्मिक सम्पदा (माणौ) बारे परिचित हुन । | १.आफनो गाउँ टोलमा रहेको कुनै एउटा माणैंको नाम भन्न।<br>२. आफनो गाउँ टोलमा रहेका सम्पूर्ण माणैंहरूको नाम भन्न ।<br>३.. आफनो र छिमेकी गाउँमा रहेका माणैंहरूको नाम भन्न ।<br>४. आफनो वडामा रहेका सम्पूर्ण माणैंहरूको नाम भन्न । | | | | | | | |
| | आफ्नो वडा भित्रका नदी तथा खोलाको नाम संग परिचित हुन । | १. आफनो वडा भित्रको रहेको कुनै एउटा खोला वा नदीको नाम भन्न ।<br>२.आफनो र छिमेकी वडा भित्र रहेका नदी तथा खोलाहरूको नाम भन्न ।<br>३.आफनो पालिका भित्र रहेका नदी तथा खोलाहरूको नाम भन्न ।<br>४. आफनो जिल्लाभित्र रहेका नदी | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तथा खोलाहरूको नाम भन्न । | | | | | | | |
| | आफ्ने वडा भित्र रहेका पर्यटकीय क्षेत्रहरूको नाम पहिचान गर्न । | १.आफ्नो टोलभित्र रहेको कुनै एउटा पर्यटकीय क्षेत्रको नाम भन्न र लेख्न ।<br>२.आफ्नो वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको नाम भन्न<br>३.पर्यटकीय क्षेत्रको वारेमा आफ्ना अभिभावकहरू संग छलफल गर्न<br>४.छिमेकी वडामा रहेका पर्यटकीय क्षेत्रहरूको नाम भन्न | | | | | | | |
| | स्थानीय स्तरमा भान्सा (चुलो) मा प्रयोगहुने सामग्रिह रूका शव्दहरू पहिचान गन | १.आफनो भान्सामा रोटी पकाउन प्रयोग हुने सामग्रीहरूको नाम भन्न २. आफनो भान्सामा भात पकाउन प्रयोग हुने सामग्रीहरूको नाम भन्न<br>३. दुध, दही, मही, पानी, भात, रोटी, तरकारी खान प्रयोग हुने सामग्रीहरूको नाम भन्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.आफ्नो छरछिमेक र स्थानीय होटेलहरूको भान्सामा प्रयोग हुने समग्रीहरूको नाम भन्न र लेख्न । | | | | | | | |
| | स्थानीय बाल गीत गाउन । | १.शिक्षकसंगै बाल गीत गाउन ।<br>२.स्थानीय बाल गीत समूहमा गाउन ।<br>३. स्थानीय बाल गीत एकल रुपमा गाउन ।<br>४.स्थानीय बाल गीत लय र ताली मिलाएर गाउन । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय बाजाहरू को पहिचान गर्न<br><br>स्थानीय बाल गीतमा नाच्न<br><br>अन्नको | १. कुनै एक स्थानीय बाँजाको नाम भन्न<br>२.आफ्नो टोल छिमेकमा भएका स्थानीय बाजाहरूको नाम भन्न<br>३.बाजाहरूको धुन सुनि नाम पहिचान गर्न<br>४. जात्रामा बजाईने बाजाको नाम भन्न<br>१.नाचगानमा सक्रियताका साथ सहभागि हुन<br>२. शिक्षकको | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम पहिचान गर्न । | नक्कल गरी नाच्न<br>३. स्थानीय बाल गीतमा सामान्य तरीकाले नाचन<br>४. एकल तथा सामूहिक रुपमा बाल गीतमा नाच्न | | | | | | | |
| | स्थानीय उद्योग बाट उत्पादित बस्तुका नाम | १.आफ्नो घरमा भएका कुनै २ वटा अन्नहरूको नाम भन्न<br>२. स्थानीय स्तरमा उपलब्ध हुने अन्न हरूको नाम भन्न<br>३. अन्नका चित्र पहिचान गरी नाम भन्न | | | | | | | |
| | | ४. अन्नका नाम हरू पढि ती अन्नहरू आफ्नो घरमा भए नभएको पहिचान गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय कृषि औजार हरूको नाम पहिचान गर्न<br><br>स्थानीय प्रविधीको नाम र काम वताउन<br><br>स्थानीय बजार (ठिङखान) को सामान्य परिचय दिन<br><br>विपद्का नामहरू पहिचान गर्न | १. स्थानीय उद्योग बाट उत्पादन हुने कुनै २ वटा वस्तुहरूको नाम भन्न<br>२. स्थानीय स्तरमा भएका उद्योगहरूको नाम भन्न<br>३. उद्योगको चित्र पहिचान गरी त्यसबाट उत्पादित वस्तु को नाम भन्न<br>४. आफ्नो टोल छिमेकमा भएको कुनै १ उद्योगको नाम भन्न<br>१. आफ्नो घरमा खेत खन्न प्रयोग गरीने औजारहरूको नाम भन्न<br>२. गोरु जात्दा प्रयोग हुने औजारहरूको नाम भन्न<br>३. मईको काम भन्न<br>४. आफ्नो घरमा भएको डलाईचोको काम भन्न<br>१. कुनै एउटा स्थानीय प्रविधिको नाम भन्न<br>२. कुनै एउटा स्थानीय काम भन्न<br>३. कुनै २ वटा स्थानीय | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रविधिको<br>नाम भन्न<br>४. कुनै २<br>वटा स्थानीय<br>प्रविधिको<br>काम भन्न<br><br>१. स्थानीय<br>बजारको नाम<br>भन्न<br>२. स्थानीय<br>बजार रहेको<br>वडा भन्न<br>३. ठिङखान<br>बजारको कुनै<br>एउटा<br>विशेषता भन्न<br>४.ठिङखान<br>वजार रहेको<br>पालिका भन्न<br><br>१. कुनै एउटा<br>विपद्को नाम<br>भन्न<br>२. पहिरोका<br>कुनै २ वटा<br>असरहरू<br>भन्न<br>३. कुनै २<br>वटा विपद्को<br>नाम भन्न<br>४. पहिरो<br>रोकथामको<br>कुनै २ उपाय<br>भन्न | | | | | | | |

### १०.१.३ कक्षा ३ (तीन) को मूल्याङ्कन अभिलेख

### कक्षा ३ स्थानीय विषय को विद्यार्थीको सिकाई उपलब्धि मूल्याङ्कन अभिलेख

| विषयबस्तुको क्षेत्र/थिम | सकाइ उपलब्धि | सिकाई उपलब्धि विस्तृतीकरण/ उपलब्धि सुचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको / नसकेको | मिति | अङ्कन | सकेको / नसकेको | मिति | अङ्कन | |
| हाम्रो मालिकार्जुन | आफ्नो गाउँको नाम र वडा नं. बताउन | १. आफ्नो नाम बताउन | | | | | | | प्रश्नोत्तर |
| | | २. आफ्नो नाम र वडा नं भन्न । | | | | | | | अवलोकन |
| | | ३. आफ्नो नाम, वडा नं. र गाउँको नाम भन्न । | | | | | | | अवलोकन |
| | | ४. आफ्नो नाम, वडा नं,र छिमेकी वडाको नाम भन्न र लेख्न । | | | | | | | प्रश्नोत्तर |
| | वडाको साध सिमाना बताउन | १. आफ्नो वडा नं वताउन । | | | | | | | प्रश्नोत्तर |
| | | २. आफ्नो वडा नं र वडा रहेको स्थान बताउन । | | | | | | | अवलोकन |
| | | ३. आफ्नो वडाको साधसिमाना बताउन । | | | | | | | प्रश्नोत्तर र अवलोकन |
| | | ४. आफ्नो र छिमेकी वडाको साधसिमाना बताउन । | | | | | | | अभिभावक को प्रतिक्रिया |
| | आफ्नो टोलमा रहेका घरधुरी सँख्याको सुची बनाउन | १. आफ्नो टोलमा रहेका घरधुरी संख्या भन्ने प्रयास गर्न । | | | | | | | प्रश्नोत्तर |
| | | २. आफ्नो टोलमा रहेकाघरधुरीसंख्या बताउन । | | | | | | | प्रश्नोत्तर |
| | | ३. आफ्नो टोलमा रहेका घरधुरी संख्या भन्न र सुचिबनाउन । | | | | | | | अवलोकन |
| | | ४. आफ्नो टोलमा रहेका घरधुरी संख्या र छिमेकी टोलमा रहेका घरधुरीको सुचिबनाई प्रस्तुत गर्न । | | | | | | | अवलोकन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक को दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | उपलब्धि प्रतिशत | | | | | | |
| स्वास्थ्य र सरसफाइ | विद्यालय वरिपरीको सरसफाई गर्न | १. विद्यालयको सरसफाइमा सहभागी हुन । | | | | | | | अवलोकन |
| | | २. विद्यालयको सरसफाई गर्न | | | | | | | अवलोकन |
| | | ३. विद्यालयको सरसफाईका साथै आफ्नो कक्षाको सरसफाइ गर्न । | | | | | | | अवलोकन |
| | | ४. विद्यालयको सरसफाईका साथै आफु र आफ्नो परिवारको सरसफाई गर्न । | | | | | | | अभिभावका प्रतिक्रिया |
| शिक्षक को दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | उपलब्धि प्रतिशत | | | | | | |
| पोषण,योग, ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | सुक्ष्म व्यायामको अभ्यास गर्न | १. शिक्षकको सहयोगमा सुक्ष्म व्यायाम गर्न । | | | | | | | अवलोकन |
| | | २. साथीहरूसंग सूक्ष्म ब्यायाम मा सहभागी हुन । | | | | | | | अवलोकन |
| | | ३. सक्रिय रुपमा साथीहरूसंग सूक्ष्म ब्यायाम गर्न । | | | | | | | अवलोकन |
| | | ४. आफु सुक्ष्म ब्यायाम गरी अरुलाइपनि सुक्ष्मब्यायाम गर्न उत्प्ररित गर्न । | | | | | | | अवलोकन |
| | तुलसीसँग परिचति हुन | १. तुलसीको वोट चिन्न । | | | | | | | अवलोकन |
| | | २. तुलसी र यसको उपयोगिता बारे बताउन । | | | | | | | प्रश्नोत्तर |
| | | ३. तुलसी र यसको उपयोगिता हरू व्यहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |
| | | ४. तुलसीको उपयोगिता बारे भन्न र लेख्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | एक खुट्टे खेल खेल्न | १ एक खुटटे खेल खेलेको हेर्न | | | | | | | |
| | | २. एक खुटटे खेलमा सहभागी हुन । | | | | | | | |
| | | ३.एक खुटटे खेलमा सहभागिता जनाई यसका नियमहरू थाहापाउन । | | | | | | | |
| | | ४. एक खुटटे खेलमा सहभागी संख्या, नियम र यसको ब्यवहारिक जीवनमा उपयोगिता थाहा पाउन । | | | | | | | |
| शिक्षक को दस्तखत: | अभिभावकको दस्तखत र मिति: | | उपलब्धि प्रतिशत | | | | | | |
| हाम्रो परम्परा संस्कृति र मूल्यमान्यता | गौँरा पर्वको परिचय दिन | १. गौरा पर्वसंग परिचित हुन् । | | | | | | | |
| | | २. गौरा पर्वमा प्रत्यक्ष रुपमा सहभागी हुन् । | | | | | | | |
| | | ३. गौरा पर्वसंग परिचित भई यसको महत्व बताउन । | | | | | | | |
| | | ४ गौरा पर्वसंग परिचित भई यसको इतिहास बताउन । | | | | | | | |
| | स्थानीय स्तरका मठ मन्दिर हरूमा पुंजा गरीने देवी देउताहरूको नाम बताउन | १. स्थानीय देवीदेवताहरू संग परिचित हुन । | | | | | | | |
| | | २. स्थानीय देवीदेवताहरूका नामहरू भन्न । | | | | | | | |
| | | ३.स्थानीय देवीदेवताहरूका मठमन्दिरहरूमा सहभागीता जनाउन । | | | | | | | |
| | | ४ स्थानीय देवीदेवताहरूकामठमन्दिर हरूमासहभागीता जनाइ तिनको महत्व दर्शाउन । | | | | | | | |

| शिक्षक को दस्तखत: | | अभिभावकको दस्तखत र मिति: | उपलब्धि प्रतिशत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | न्वारनको परिचय दिन | १.न्वारनको बारेमा सामान्य जानकार हुन् । | | | | | | | |
| | | २.न्वारनमा सहभागिता जनाउन । | | | | | | | |
| | | ३.न्वारनमा सहभागीभइ यसको धार्मिक महत्व बारे बताउन । | | | | | | | |
| | | ४.न्वारन र नाजखुवाइ विच फरक छुट्याउन । | | | | | | | |
| | स्थानीय पहिरनसँग परिचित हुन् | १.स्थानीय पहिरन संग परिचित हुन् । | | | | | | | |
| | | २..स्थानीय पहिरन को नाम बताउन । | | | | | | | |
| | | ३.स्थानीय पहिरन को नाम बताउदै व्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |
| | | ४.स्थानीय पहिरन को नाम बताउदै अन्य पहिरन संग फरक छुट्याउन सक्ने । | | | | | | | |
| | स्थानीय भगवती माताको पुजामा सहभागिता जनाउन | १. स्थानीय भगवती माता का मन्दिरहरू संग परिचित हुन् । | | | | | | | |
| | | २. स्थानीय भगवती माता र मन्दिरहरूका नामहरू भन्न | | | | | | | |
| | | ३.स्थानीय भगवती माता का मठमन्दिरहरूमा सहभागीता जनाउन । | | | | | | | |
| | | ४ स्थानीय भगवती माता का मठमन्दिर हरूमासहभागीता जनाइ तिनको महत्व दर्शाउन । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छिमेकी वडाको नदी तथा खोलाको नामसँग परिचित हुन् | १.आफ्नो वडामा रहेका खोलाहरूको नाम बताउन । | | | | | | | |
| | | २.आफ्नो र छिमेकी वडामा रहेका खोला तथा नदीहरूकोहरूको नाम बताउन । | | | | | | | |
| | | ३.आफ्नो र छिमेकी वडाका नदी तथा खोलाको सुची बनाउन । | | | | | | | |
| | | ४.आफ्नो र छिमेकी वडाका नदी तथा खोलाको सुची बनाइ कक्षामा प्रदर्शन गर्न । | | | | | | | |
| | आफ्नो छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्रको नाम बताउन | १.आफ्नो वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरू संग परिचित हुन । | | | | | | | |
| | | २.आफ्नो वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरू संग परिचित हुन । | | | | | | | |
| | | ३.आफ्नो र छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको बारेमा भन्न । | | | | | | | |
| | | ४.आफ्नो र छिमेकी वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको सुचीतयार पार्न । | | | | | | | |
| शिक्षक को दस्तखत: अभिभावकको दस्तखत र मिति: | | | उपलब्धि प्रतिशत | | | | | | |
| हाम्रो भाषा र बोलीचाली | कृषि र पशुपालनमा प्रयोगहुने बिभिन्न शब्दहरूको बारेमा परिचित हुन | १.स्थानीय भाषामा प्रयोग हुने सामान्य शब्दहरू प्रयोग गर्न । | | | | | | | |
| | | २..स्थानीय भाषामा कृषि र पशुपालनमा प्रयोग हुने सामान्य शब्दहरूको वाक्य बनाउन । | | | | | | | |
| | | ३.स्थानीय भाषामा कृषि र पशुपालनमा प्रयोग हुन हुने शब्दहरू प्रयोग गरी अनुच्छेद लेख्न । | | | | | | | |
| | | ४.स्थानीय भाषाका शब्दहरू लाई अन्य भाषामा रुपान्तरण गर्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक को दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | उपलब्धि प्रतिशत | | | | | | |
| लोकगीत ,बालगीत र नाच, स्थानीय बाजा | स्थानीय बाल गीतहरू यति,गती र लय मिलाई गाउन | १.शिक्षक को सहायतामा स्थानीय बालगीत गाउन | | | | | | | |
| | | २. स्थानीय बालगीत गति मिलाइ गाउन | | | | | | | |
| | | ३.स्थानीय बालगीतहरू यति, गति र लयमिलाइ गाउन | | | | | | | |
| | | ४.स्थानीय बालगीतहरू एकल र समूहमा प्रस्तुतिकरण गर्न । | | | | | | | |
| | स्थानीय स्तरमा प्रयोगगरिने बाजाहरूको नाम बताउन | १. स्थानीय स्तरका बाजाहरूको नाम शिक्षक को सहयोग लिइ भन्न । | | | | | | | |
| | | २ स्थानीय स्तरका बाजाहरूको नाम भन्न । | | | | | | | |
| | | ३.स्थानीय स्तरका बाजाहरूको नाम र काम भन्न । | | | | | | | |
| | | ४.स्थानीय स्तरका बाजाहरूको नाम काम र प्रयोग थाहापाउन । | | | | | | | |
| शिक्षक को दस्तखतः अभिभावकको दस्तखत र मितिः | | | उपलब्धि प्रतिशत | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आफ्नो विद्यालयको परिचय दिन | १.आफ्नो विद्यालयको नाम भन्न | | | | | | |
| | | २.आफ्नो विद्यालयको नाम र ठेगाना भन्न | | | | | | |
| | | ३. आफ्नो विद्यालयको नाम, ठेगाना र पालिका भन्न । | | | | | | |
| | | ४.आफ्नो विद्यालयको बारेमा भन्न र लेख्न । | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो पेसाव्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | स्थानीय स्तरमा पाईने फलफूलहरूका नाम हरू बताउन | १.स्थानीय स्तरमा पाइने कुनै २ फलफुलहरूको नाम भन्न । | | | | | | | |
| | | २. .स्थानीय स्तरमा पाइने फलफुलहरूको ना बताउन । | | | | | | | |
| | | ३. स्थानीय स्तरमा पाइने फलफुलहरूको महत्व बताउन । | | | | | | | |
| | | ४.स्थानीय स्तरमा उपलब्ध फलफुलहरूको उपयोगिता भन्न र लेख्न । | | | | | | | |
| | स्थानीय प्रविधि (पानी घट्ट) सँग परिचित हुन | १. पानी घट्ट संग परिचित हुन । | | | | | | | |
| | | २. पानी घट्टको उपयोग थाहाँ पाउन । | | | | | | | |
| | | ३.पानी घट्टको उपयोगिता थाहापाई व्यवहारिक जीवनमा प्रयोग गर्ने । | | | | | | | |
| | | ४. पानी घट्ट लगायत अन्य स्थानीय प्रविधिहरूको बारेमा बताउन । | | | | | | | |
| | कुटो को प्रयोग गर्न | १. कुटो को प्रयोग थाहाँ पाउन । | | | | | | | |
| | | २. कुटो को प्रयोग र उपयोगिता थाहापाउन । | | | | | | | |
| | | ३. कुटो का साथै अन्य कृषि औजारहरूको प्रयोग को बारेमा थाहा पाउन। | | | | | | | |
| | | ४.कुटो का साथै अन्य कृषि औजारहरूको को ब्यवहारिक जीवनमा प्रयोग गर्न । | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिलो लोडोको प्रयोग अभ्यास गर्ने | १. सिलो लोडोसित परिचित हुन । | | | | | | |
| | | २. सिलो लोडोको प्रयोग थाहाँपाउन । | | | | | | |
| | | ३. सिलो लोडोको प्रयोग गर्न । | | | | | | |
| | | ४. सिलो लोडोको साथै अन्य प्रविधिहरू को बारेमा जानकार हुन । | | | | | | |
| | स्थानीय बजार मेलखेत सित परिचित हुन | १. स्थानीय बजार मेलखेतबारे थाहा पाउन । | | | | | | |
| | | २. मेलखेतको बजारको अवस्थिति बारेमा बताउन । | | | | | | |
| | | ३. स्थानीय बजार मेलखेत जस्तै आफ्नो नजिकको बजारको बारेमा भन्न । | | | | | | |
| | | ४. स्थानीय बजार मेलखेत र आफ्नो नजिकको बजार संग फरक छुट्याउन । | | | | | | |
| | बज्जर बाट बच्ने सावधानीहरू अपनाउन । | १.बज्जर बाट बच्ने कुनै एउटा उपाय बारे बताउन । | | | | | | |
| | | २ बज्जर बाट बच्ने कुनै दुइ उपाय बारे बताउन | | | | | | |
| | | ३. बज्जर बाट बच्ने कुनै तीन उपाय बारे बताउन | | | | | | |
| | | ४. बज्जर लगायत अन्य प्राकृतिक विपत्तिहरू बाट बच्ने उपाय थाहाँपाउन । | | | | | | |
| शिक्षक को दस्तखत: | | अभिभावकको दस्तखत र मिति: | उपलब्धि प्रतिशत | | | | | |

## ख) कक्षा ४–८ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरीने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरीने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइप्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनकालागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कनगर्दा मुख्य सिकाइउपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनक लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसकालागि रुजुसुची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमतामापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायतकक्षा सहभागीता, कक्षाकार्य, गृहकार्य, परियोजनाकार्य, प्रयोगात्मककार्य आदिमाविद्यार्थीको सहभागिता र उपलब्धिकाविषयमाशिक्षकको अभिलेख बनोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वाएकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्यसिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नँपर्छ । यसरी सिकाइउपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्युनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्युनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्युनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीकालागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

निर्णयात्मक मूल्याङ्कनको कुलभारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरीने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरीने छ ।

क) आन्तरिक मूल्याङ्कन :

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चितभार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरीने छ :

| सि.नं. | आधार | | | भार |
|---|---|---|---|---|
| १ | सहभागीता | | | ४ |
| २ | प्रयोगात्मक/परियोजनाकार्य | मुख्य सिकाई उपलब्धि | २० | ३६ |
| | | परियोजनाकार्य | १६ | |
| ३ | त्रैमासिक परीक्षा | | | १० |
| | जम्मा | | | ५० |

क) सहभागिता अन्तर्गतः विद्यार्थी उपस्थिति, कक्षा क्रियाकलापमा सहभागिता जस्ता क्रियाकलापहरू

ख) प्रयोगात्मक, परियोजना कार्यः कक्षा कार्य, अवलोकन, समूह कार्य, प्रतिवेदन प्रस्तुत जस्ता क्रियाकलापहरू

ग) त्रेमासिक परीक्षा अन्तर्गतः प्रथकर दोस्रो त्रैमासिका परीक्षा

आवधिक मूल्याङ्कन :

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशतहुने छ। प्रत्येक परीक्षामाप्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्चदक्षतामा आधारित हुनेछन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्तिप्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरीन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण विशिष्टीकरण तालिकामा आधारित भई गर्नुपर्नेछ :

**विशिष्टीकरण तालिका**

| विषय क्षेत्र | कार्य घण्टा | अति छोटो प्रश्न | | | छोटो प्रश्न | | | लामो प्रश्न | | | एकाइ अनुसार अंक विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग र सृ.सि. | उच्च क्षमता | ज्ञान र बोध | प्रयोग र सृ.सि. | उच्च क्षमता | ज्ञान र बोध | प्रयोग र सृ.सि | उच्च क्षमता | |
| हाम्रो मालिकार्जुन | २० | १ | | | १ | | | १ | | | ९ |
| स्वास्थ्य सरसफाइ र पोषण, योग ध्यान, आयुर्वेद र स्थानीय खेलहरू | १० | | १ | | | १ | | | | | ४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो परम्परा, संस्कृति र मूल्यमान्यता | २० | १ | | | | १ | | | | १ | ९ |
| हाम्रा धार्मिक प्राकृतिक र पर्यटकीय सम्पदाहरू | २० | | | १ | | | | | १ | | ६ |
| हाम्रो भाषा र बोलीचाली | १३ | | १ | | | १ | | | | | ४ |
| स्थानीय लोकगीत, नाँच र बाँजाहरू | १५ | | १ | | | १ | | | | | ४ |
| स्थानीय संस्था र स्थानीय व्यक्तित्वहरू | १० | १ | | | १ | | | | | | ४ |
| हाम्रो पेसा व्यवसाय, प्रविधि र आर्थिक क्रियाकलाप | १५ | | १ | | | १ | १ | | | | ७ |
| विपद् व्यवस्थापन | ५ | | | | | | १ | | | | ३ |
| जम्मा | १२८ | | | | | | | | | | ५० |

## अंक विभाजन तालिका

| क्र.सं. | प्रश्नको प्रकार | प्रश्न संख्या | अंक | जम्मा अंक भार |
|---|---|---|---|---|
| १ | अति छोटो | ८ | १ | ८ |
| २ | छोटो | ९ | ३ | २७ |
| ३ | लामो | ३ | ५ | १५ |
| | जम्मा प्रश्न | २१ | जम्मा अंक भार | ५० |

**नमूना प्रश्न**

**कक्षा-८** **पूर्णांक: ५०** **समय: २ घण्टा**

**विषय: स्थानीय विषय हाम्रो मालिकार्जुन**

**सबै प्रश्न अनिवार्य छन् ।**

समूह क

अति छोटो प्रश्नहरू (८ X१=८)

१. दार्चुला जिल्लमा रहेका गाउँपालिकाको संख्या लेख्नुहोस् ।
२. स्थानीय जडिबुटी पदमको कुनै एउटा उपयोगिता लेख्नुहोस् ।
३. मालिकार्जुन शिखर पूजन जात्रा कुन कुन तिथीमा पर्दछ ? लेख्नुहोस् ।
४. मालिकार्जुन गाउँपलिका भित्र रहेका पर्यटकीय क्षेत्र संरक्षणका कुनै २ वटा उपायहरू उल्लेख गर्नुहोस् ।
५. स्थानीय भाषाको शब्द पुइजु प्रयोग गरी एउटा वाक्य स्थानीय भाषामा बनाउनुहोस् ।
६. देउडाको कुनै एउटा हरप लेख्नुहोस् ।
७. राजनीतिज्ञ प्रेम सिंह धामीको जन्म कहाँ र कहिले भएको थियो ?
८. हलो जोत्दा अपनाउनु पर्ने कुनै दुई सावधानी लेख्नुहोस् ।

समूह ख

छोटो प्रश्नहरू (९ X ३=२७)

९. मालिकार्जुन गाउँपालिका अन्तर्गत संचालित शिक्षामा विशेष महत्व बोकेका कुनै ३ कार्यक्रमहरूको नाम लेख्नुहोस् ।
१०. पिट्ठु खेल खेल्ने तरिका लेख्नुहोस् ।
११. धार्मिक सम्पदा संरक्षणमा समाजले खेल्ने कुनै ३ वटा भूमिका लेख्नुहोस् ।
१२. स्थानीय जातमा सहभागी भएको आधारमा दुई जना साथी बीच हुने छोटो संवाद स्थानीय भाषामा तयार पार्नुहोस् ।
१३. हुड्केली गाउँदा आवश्यक पर्ने कुनै ३ वटा सीपहरू लेख्नुहोस् ।
१४. मालिकार्जुन गाउँपालिका वडा नं. ८ का कुनै ३ वटा सामाजिक विशेषता लेख्नुहोस् ।
१५. पुष्प खेति र मौरीपालन व्यवसाय बीच कुनै तीनवटा फरक लेख्नुहोस् ।
१६. लिखु पेलेर गुड बनाउने तरिका लेख्नुहोस् ।
१७. गाज्यो र स्याउला काट्दा ध्यान दिनु पर्ने कुनै ३ वटा सावधानीहरू लेख्नुहोस् ।

समूह ग

लामो प्रश्नहरू (३ X ५=१५)

१८. गाउँसभाको गठन प्रक्रिया वर्णन गर्नुहोस् ।

१९. हाम्रा धार्मिक स्थलहरूको संरक्षण गर्न स्थानीय संघ संस्थाहरूले खेल्ने भूमिकाको चर्चा गर्नुहोस् ।

२०. उकु महलको कुने पाँच वटा विशेषताहरू उल्लेख गर्नुहोस् ।

# समाप्त